सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ कात्तिक २०८१, मंगलबार (12 Nov 2024, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २०५ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

उद्योगमा लाइन जोड्न प्राधिकरण बोर्डमा सहमति जुट्न मुस्किल, बहुमतबाट निर्णयको तयारी

■ ४४ स्थानीय तहमा उपनिर्वाचन

दुई लाख २६ हजार ७९९ मतदाता र २९३ मतदान केन्द्र



मतदातामध्ये १,११,८९६ महिला, १,१४,९०० पुरुष र तीनजना अन्य

(विस्तृत पृष्ठ ३)

डेमोक्रेट्सको हारको सम्पूर्ण दोष बाइडेनमाथि



चुनावी अभियान परित्याग गर्नुअघि बाइडेनले मतदातासामु छनोट दुई उम्मेदवारको नभएर प्रजातन्त्रको भन्ने गर्थे, तर उनले भनाइअनुरूप व्यवहार देखाएनन्

(जोस ब्यारोको लेख पृष्ठ ६)

दश वर्षपछि अलैंचीको मूल्य उच्च विन्दुमा प्रतिमन एक लाख



नेपाल अलैंची व्यवसायी महासंघका अध्यक्ष निर्मल भट्टराई भन्छन्, 'अलैंचीको मूल्य घट्नेभन्दा पनि बढ्ने नै देखिन्छ'

(विस्तृत पृष्ठ ७)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ कुलमानले खोजे उद्योगबाट बक्यौता उठ्ने सुनिश्चितता



१५ दिनमा उद्योगीले बक्यौता तिरेनन् भने फेरि लाइन काट्ने कि के गर्ने ?

प्राधिकरण सञ्चालक समितिका सदस्य कपिल आचार्य भन्छन्-

सरकारको निर्णय शंकास्पद छ, उद्योगीलाई छुट दिने प्रपञ्च देखियो



केही दिनअघि मात्रै विद्युत् नियमन आयोगले पहिलो किस्ता प्राप्त भएमा लाइन जोड्नू भनेर निर्देशन दिएको थियो । त्यसपछि प्रशासनिक पुनरावलोकन प्रक्रियाबाट विवाद निरुपण गर्ने पनि भनिएको थियो । त्यसका लागि राख्नुपर्ने धरौटी पनि घटाइएको थियो । सरकारकै पहलमा उक्त निर्देशन आएको, उद्योगीहरू पनि त्यसमा सहमत रहेको भनेर हामीलाई भनिएको थियो । तर, अहिले एक्कासि फरक निर्णय र निर्देशन आयो । यो आफैंमा शंकास्पद छ । घुमाइफिराई उद्योगीलाई विद्युत् महसुलमा छुट दिने सरकारको प्रपञ्च हो ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अर्बौं बक्यौता नतिरेपछि विद्युत् काटिएका उद्योगमा तत्काल लाइन जोड्ने निर्णय आइतबारको मन्त्रिपरिषद् बैठकले गरेसँगै ऊर्जामन्त्री दीपक खड्का सोमबारै कार्यान्वयनमा जाने हतारोमा थिए । विद्युत् प्राधिकरण सञ्चालक समिति बैठकबाट निर्णय गराएर लाइन जोड्दा प्रक्रियाबमोजिम हुने भएकाले उनले सोमबार आकस्मिक रूपमा बैठक पनि राखे । तर, बैठकका लागि कोरम नपुगेपछि र सहमति जुटाउन नसक्ने भएपछि मन्त्री खड्का अप्ठ्यारोमा परे । समितिबाट निर्णय लिन समस्या हुन सक्ने देखेपछि मन्त्री खड्काले

■ लाल आयोगको प्रतिवेदन सार्वजनिक

» पृष्ठ ९ मा क्रमशः

सोमबार बोलाइएको प्राधिकरण बोर्ड बैठकले कोरम नपुगेपछि कुनै निर्णय गर्न सकेन । तर, उपस्थितबिचको छलफलमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ऊर्जामन्त्री दीपक खड्कासहितका अधिकारीहरूसँग लाइन जोड्नुअघि विद्युत् बक्यौता उठ्ने सुनिश्चितता खोजेका थिए । 'उद्योगीलाई किस्ताको सुविधा २८ बाट ५६ पुऱ्याउने निर्णय गरिएको छ । त्यसको एक किस्ता तिरेपछि लाइन जोड्छौं भन्दा पनि उद्योगीले किस्ता तिर्न मानेनन् । अहिले पनि उद्योगमा लाइन त जोड्ने, तर १५ दिनमा उद्योगीले बक्यौता तिर्छन् भन्ने ग्यारेन्टी के छ ? १५ दिनमा उद्योगीले बक्यौता तिरेनन् भने फेरि लाइन काट्ने कि के गर्ने ? कतिपटक लाइन काट्ने र जोड्ने गर्ने ? डेडिकेटेड फिडर र ट्रंकलाइन सुविधाअन्तर्गत विद्युत् प्रयोग गरेर सबै बक्यौता तिरेका उद्योग पनि छन्, उनीहरूको हकमा के हुन्छ ? विद्युत् नियमन आयोगले पहिलो किस्ता बुझाएपछि मात्रै लाइन जोड्नु भनेर निर्देशन दिएको छ, त्यो निर्देशन के गर्ने ?' बैठकमा कुलमानको भनाइ थियो ।

■ मन्त्रीले टारे मात्रै, ध्यान उद्योगीको बिजुली जोड्नमै



मन्त्रिपरिषद्ले निर्णय गरिसक्यो, लाइन जोड्न बोर्डको निर्णय कुर्न जरुरी छैन

छलफलको सुरुमै ऊर्जामन्त्री दीपक खड्काले लाइन काटिएका उद्योगहरूमा बिजुली जोडेर सरकारलाई सहयोग गर्न कुलमानसँग आग्रह गरेका थिए । कुलमानले बक्यौता उठ्ने सुनिश्चितता खोजेपछि पन्छिन खोजे । 'मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गरौं' भन्दै मन्त्री खड्काले कुलमानका प्रश्नको भने कुनै जवाफ दिएनन् । बरु, लगत्तै लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न राखेको पत्रकार सम्मेलनमा उद्योगहरूमा लाइन जोड्न प्राधिकरण बोर्डको निर्णय कुरिरहन आवश्यक नरहेको प्रतिक्रिया दिए । जसरी पनि उद्योगमा लाइन जोड्ने उनको आशय थियो । 'मन्त्रिपरिषद्बाट निर्णय भइसकेको छ । प्राधिकरणलाई पत्रचार पनि भइसकेको छ । प्राधिकरणको बोर्डभन्दा माथि मन्त्रिपरिषद् हो । उद्योगमा लाइन जोड्न बोर्डको निर्णय कुरिराख्न जरुरी छैन । मन्त्रिपरिषद्बाट पत्र प्राप्त भएको २४ घण्टामा उद्योगमा लाइन जोड्ने हो । त्यो समयसीमाभित्र उद्योगमा लाइन जोडिन्छ,' मन्त्री खड्काले भने ।

■ विद्युत् कर्मचारी संगठनहरूले भने- **बक्यौता असुल नभई लाइन जोड्न हुन्न**

विद्युत् प्राधिकरण कर्मचारीका संगठनहरूले बक्यौता असुल नगरी उद्योगमा लाइन जोड्न नहुने भन्दै ऊर्जामन्त्री दीपक खड्काको ध्यानाकर्षण गराएका छन् । बक्यौता नउठाई लाइन जोड्ने नजिरहरूले संस्थालाई नै धराशायी बनाउने उनीहरूको भनाइ छ । 'सरकारले औद्योगिक ग्राहकहरूबाट महसुल भुक्तानी नभए पनि काटिएका लाइन २४ घण्टाभित्र जोड्न निर्देशन दिनुले आगामी दिनमा आमउपभोक्ताहरूबाट महसुल असुलीमा प्रतिकूल असर परी संस्था धराशायी हुने निश्चित छ,' प्राधिकरणको कर्मचारी कल्याण परिषद् र राष्ट्रिय कर्मचारी युनियनले सोमबार मन्त्रीलाई लेखेको पत्रमा भनेका छन्, 'बक्यौता महसुल बुझाउन बाँकी रहेका ग्राहकहरूबाट महसुल भुक्तानी भएपश्चात् मात्र लाइन जोड्ने व्यवस्था गर्न अनुरोध गर्दछौं । बक्यौता रकम नउठाई लाइन जोडिएमा सर्वसाधारणलाई समेत सुसूचित गराई संघर्षका कार्यक्रम ल्याउन बाध्य हुनेछौं ।'

■ टिओडी मिटरसमेतका आधारमा बक्यौता उठाउने सरकारको निर्णय

तर, अदालतले नै भनेको थियो-

प्राविधिक तथ्यांक भए पुग्छ

मन्त्रिपरिषद्ले आइतबार गरेको निर्णयमा टिओडी मिटरको तथ्यांकका आधारमा बक्यौता उठाउने भनिएको छ । 'डेडिकेटेड फिडर तथा ट्रंकलाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकहरूले खपत गरेको विद्युत्को बक्यौता रकम (टिओडी मिटरसमेतको आधारमा) महसुल निर्धारण तथा असुलीसम्बन्धी तत्काल प्रचलित कानुनबमोजिम गणना गरी १५ दिनभित्र असुलउपर ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गर्ने/गराउने' मन्त्रिपरिषद्को निर्णयमा भनिएको छ । तर, ५ असोज ०७६ मै पाटन उच्च अदालतले प्राविधिक तथ्यांककै आधारमा बक्यौता उठाउन मिल्ने फैसला गरेको थियो । अर्घाखाँची सिमेन्टसहित १२ कम्पनीले दायर गरेको रिटमा फैसला गर्दै अदालतले यस्तो व्याख्या गरेको थियो । विशेषगरी ट्रंकलाइनको हकमा उक्त व्याख्या गरिएको थियो । '२० घण्टा वा सोभन्दा बढी समय विद्युत् आपूर्ति भए-नभएको अभिलेख देखिने टिओडी मिटर वा अन्य प्राविधिक विश्लेषणबाट यकिन हुने विषय हो । वस्तुतः ऊर्जा महसुल ट्रंकलाइन वा डेडिकेटेडको संरचनामा लाग्ने नभई संरचनामार्फत खपत भएको ऊर्जामा लाग्ने हो । त्यसो भएकाले आफूले खपत गरेको ऊर्जाबापत नियमले निर्धारण गरेको दरमा तिर्नुपर्ने महसुल विनियम ५ (५) को प्रक्रिया पूरा नगरेका आधारमा निवेदक कम्पनीको हकमा आकर्षित नहुने भन्ने देखिन आएन,' अदालतको फैसलामा भनिएको छ ।

यसबाहेक सरकारले टिओडी मिटरको कस्तो डाटा भन्ने पनि स्पष्ट खुलाएको छैन । टिओडी मिटरमा मुख्यतः लोड प्रोफाइल र स्ट्यान्ट ट्यान्स गरेर दुई प्रकारका तथ्यांक हुन्छन् । अन्य तथ्यांक पनि त्यसमा हुन्छन् । उद्योगीले टिओडी मिटरको लोड प्रोफाइल डाटा माग्दै आएका छन् । तर, विवादित अवधिमा लोड प्रोफाइल डाटा राख्नुपर्ने व्यवस्था नै थिएन । त्यसवेला टिओडीको 'स्ट्यान्ट ट्यान्स' डाटा डाउनलोड गरेर राख्नुपर्ने नीति थियो । त्यसअनुसारको प्रमाण रहेको प्राधिकरणको भनाइ छ ।

चार दिनमा चार ठुला दुर्घटना २१ जनाको मृत्यु, ७९ घाइते

बागलुङमा **नारायण रिजाल**
जाजरकोटमा **रेशमबहादुर खड्का**

पछिल्लो चार दिनमा मात्र चार ठुला दुर्घटनामा परी २१ जनाको ज्यान गएको छ । शुक्रबार पोखरा र सुर्खेतमा भएका सार्वजनिक यातायात दुर्घटनामा नौजना, आइतबार कालीकोटमा सात र सोमबार बागलुङमा पाँचजनाको ज्यान गएको हो ।

■ जाजरकोट दुर्घटनाका ११ घाइतेलाई हेलिकोप्टरमार्फत सुर्खेत लगियो

सोमबार बागलुङ दुर्घटनामा एक, कालीकोटको पलाँता गाउँपालिका- ३, राडुमा आइतबार भएको क.१ज ५६ नम्बरको बोलेरो जिपको दुर्घटनामा १२, चितवनको भरतपुर महानगरपालिका- २९ सत्रकिलोमा बस र माइक्रो एक-आपसमा ठोक्किँदा शुक्रबार भएको दुर्घटनामा एक र दैलेखबाट सुर्खेत आउँदै गरेको कर्णाली प्रदेश ०२००१ ख ०९९८ नम्बरको हायस शुक्रबार भएको दुर्घटनामा २६ गरी ४० जना घाइते भएका हुन् । उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ । त्यस्तै, सोमबार नै जाजरकोटका दुई ठाउँमा दुर्घटना हुँदा ३९ जना घाइते भएका छन् । यसबाहेक ससाना दुर्घटना

» पृष्ठ ९ मा क्रमशः

■ सोमबार बागलुङमा जिप पल्टिँदा पाँचको ज्यान गयो



सोमबार बागलुङको जैमिनी नगरपालिका- ८, छिस्तीबाट सदरमुकाम बागलुङ बजार आउँदै गरेको ग.२च ९२४७ नम्बरको पिकअप जिप जैदी हर्देवा पाखामा दुर्घटनामा परेको छ । दुर्घटनामा एउटै गाउँ केबईका पाँचको मृत्यु भएको र एकजना घाइते भएको बागलुङ प्रहरीका सूचना अधिकारी केशव थापाले बताए ।

विनाविभागीयमन्त्री श्रेष्ठलाई जिम्मेवारी दिन बागमतीमा मन्त्रालय फुटाइँदै

मदुकुमार श्रेष्ठ १११ दिनदेखि विनाविभागीयमन्त्री

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशमा १४औं मन्त्रालय थपिने भएको छ । १११ दिनदेखि विनाविभागीयमन्त्री मदुकुमार श्रेष्ठलाई विभागीय जिम्मेवारी दिन एउटा मन्त्रालय थप्ने तयारी भएको हो । बागमतीमा हाल १३ मन्त्रालय र १४ मन्त्री छन् ।



मदुकुमार श्रेष्ठ

संसद्का दुई ठुला दल कांग्रेस र एमालेको सरकारमा सबैभन्दा लामो समयसम्म विनाविभागीयमन्त्री बनाएको भन्दै सर्वत्र आलोचना भएपछि मन्त्रालयको संख्या बढाएर जिम्मेवारी दिइने भएको हो । उनी कांग्रेसका सांसद हुन् । मुख्यमन्त्री बहादुरसिंह लामा तामाङले मंगलबार बस्ने मन्त्रिपरिषद् बैठकले मन्त्रालयको टुंगो लगाउने र मन्त्री श्रेष्ठलाई जिम्मेवारी दिने बताए ।

स्रोतका अनुसार मन्त्री श्रेष्ठलाई नयाँ मन्त्रालयका रूपमा गरिबी निवारण तथा सहकारी मन्त्रालय वा संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयबाट समायोजना गरेर नयाँ मन्त्रालय बनाएर जिम्मेवारी तोकने सम्भावना छ । संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयबाट सहकारी विभाग छुट्याउने र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्मा रहेको संघीय सरकारबाट प्राप्त हुने अनुदान, समपूरक, विशेष अनुदानको क्षेत्र हेर्ने गरी

» पृष्ठ ९ मा क्रमशः

सिकलसेलको औषधि ल्याएर वितरण गर्ने प्रधानमन्त्रीको घोषणा



धरान/ प्रधानमन्त्री केपी ओलीले छिमेकी मुलुक भारतमा उत्पादन र परीक्षण भएको सिकलसेलको औषधि ल्याएर नेपालका बिरामीलाई वितरण गर्ने बताएका छन् । नेपालमा थारू समुदायमा यो रोग बढी देखिने गरेको छ । बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको १३औं दीक्षान्त समारोहमा प्रधानमन्त्री ओलीले इमानदार र लगनशील भएर काम गरेमा सफलता प्राप्त हुने भएकाले उत्पादित नयाँ चिकित्सकहरू सिकलसेलको औषधि वितरण गर्न तयार हुनुपर्ने बताए । नेपालको यही धर्तीबाट ऋषि चरकले स्वास्थ्य विज्ञानको थालनी गरेको सन्दर्भ उल्लेख गर्दै उनले सकभर निरोगी हुने र बिरामी भए सुलभ रूपमा उपचार पद्धतिका लागि सरकारले ध्यान दिएको बताए ।

उठ्न सकेन बाढीले तहसनहस बनेको दक्षिण ललितपुर, ३५० परिवारको उठीवास



बाढीअघिको गोटीखेल



बाढीमा



अहिले

शिवहरि घिमिरे/नयाँ पत्रिका

हराभरा र सुन्दर गाउँबस्ती दक्षिण ललितपुर गोटीखेलको पहिचान थियो । तर, अहिले स्वरूप नै बिग्रिएको छ । बस्ती र खेतका गरा बगरमा बदलिएका छन् । कच्ची सडकको नामोनिसाना छैन भने चहलपहल भइरहने गोटीखेल बजार सुनसान छ । असोजको दोस्रो साता आएको बाढीपछि महाँकाल गाउँपालिकाको विकसित क्षेत्र

» पृष्ठ ९ मा क्रमशः

■ महांकाल र कोन्ज्योसोम गाउँपालिकाका साढे तीन सय घरपरिवार विस्थापित हुने अवस्थामा

महांकाल गाउँपालिकाका दुई सय हाराहारी घरमा पूर्ण क्षति भएको छ । दुई सय परिवारलाई पुनर्वासको खाँचो छ । तर, पालिकाले पुनर्वासको व्यवस्था गर्न सक्ने अवस्था नभएको पालिकाले जनाएको छ । दक्षिण ललितपुरकै कोन्ज्योसोम गाउँपालिकाका १५१ घरपरिवार बाढीपछि उठीवास हुने अवस्थामा छन् । पालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज आचार्यका अनुसार सिलिगेबैंसी, नल्लु, भारदेउ, चौघरे र शंखु क्षेत्रका १५१ घरमा पूर्ण क्षति पुगेपछि स्थानीय आफन्त तथा अस्थायी संरचनामा बसोवास गरिरहेका छन् । बाढीपहिरोका कारण यस पालिकाका करिब नौ सय संरचनामा क्षति पुगेको छ । सडक सञ्जाल बिग्रिएका छन् भने खानेपानीका ट्यांकीसमेत बाढीले बगाएको छ ।

■ बागमतीको बाढीले प्युटार, गिम्दी र घुसेल क्षेत्रको खेतीपातीमा क्षति

काठमाडौं सहर नै डुबाउने गरी उर्लिएको बागमती नदी दक्षिण ललितपुर हुँदै बग्छ । दक्षिण ललितपुरमा बागमती नदी क्षेत्रमा खेतीयोग्य जमिन प्रशस्त छ । यसपटक बागमतीको बाढीले दक्षिण ललितपुरको खेतीपाती तहसनहस पाऱ्यो । खेतका गरा र बारीमा बाढी पस्यो । पाकेर काट्नलाई ठिक्क भएको धान स्याहार्न नपाउँदै बाढीले बगाएपछि स्थानीय चिन्तित बनेका छन् ।

संक्षेप

ठगी आरोपमा तीन पक्राउ

काठमाडौं/ वैदेशिक रोजगारमा विभिन्न देश पठाइदिने भन्दै १२ लाख २५ हजार ठगी गरेको अभियोगमा प्रहरीले तीनजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा स्याङ्जा बिरुवा गाउँपालिका-१ घर भई हाल काठमाडौं- ३१ बानेश्वर बस्ने ५० वर्षीया कमलाकुमारी केसी, बागलुङ बडिगाड गाउँपालिका- ९ घर भई हाल भक्तपुर सूर्यविनायक- २ बालकोट बस्ने २२ वर्षीया सीता बुढा तथा झापा मेचीनगर नगरपालिका- १० घर भई हाल काठमाडौं महानगरपालिका- २६ नयाँ बसपार्क बस्ने २६ वर्षीय मनीष खड्का रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए।

'पक्राउ परेकामध्ये केसीले क्रोएसिया पठाउने भन्दै चारजनाबाट आठ लाख २५ हजार, बुढाले युके पठाउने भन्दै एकजनाबाट दुई लाख तथा खड्काले क्रोएसिया पठाउने भन्दै एकजनाबाट दुई लाख २५ हजार लिई विदेश नपठाई सम्पर्कविहीन भएको पीडितको जाहेरीका आधारमा पक्राउ गरिएको हो,' उनले भने। पक्राउ परेकाहरूको थप अनुसन्धान तथा कारबाहीका लागि सोमबार नै वैदेशिक रोजगार विभाग, ताहाचल पठाइएको सूचना अधिकारी आचार्यले बताए।

इक्षुमती सफाइमा जुट्यो महानगर

काठमाडौं/ काठमाडौं महानगरपालिकाले महानगर क्षेत्रका नदी सफाइ अभियानलाई तीव्रता दिएको छ। महानगरको मध्य क्षेत्र भएर बग्ने इक्षुमती (टुकुचा) मा सोमबार महानगरअन्तर्गतको वातावरण विभागले सफाइ गरेको छ। इक्षुमतीको भद्रकाली, सिंहदरबार क्षेत्रमा सफाइ गरिएको विभागका उपनिर्देशक सानुमाया महर्जनले जानकारी दिए। इक्षुमतीभित्र जम्मा भएको फोहोर निकालेर महानगरका सफाइ कर्मचारीले किनारमा थुपारेका छन्।

विभागले यसअघि असारमा पनि यसरी नै इक्षुमतीलगायत नदी सफाइ गरेको थियो। ६ महिना नबित्दै फेरि नदीमा जम्मा भएको बोतल, प्लास्टिकलगायत नकुहिने फोहर सफाइ गरिएको हो। महानगरले सफाइसँगै फोहोर गर्नेलाई समातेर कानुनी कारबाहीको दायरामा ल्याउने तयारी पनि गरेको जनाइएको छ। महानगरले काठमाडौं उपत्यकामा भएर बग्ने बाग्मती, विष्णुमती, रुद्रमती, बल्खुलगायत नदीमा पनि यसरी सफाइ गर्दै आएको छ।

हत्या गर्न ६० लाखको सुपारी

ककनीका जग्गा व्यवसायी विक्रम लामामाथि हत्या गर्ने उद्देश्यसहित भएको रड प्रहारको घटनामा आपराधिक पृष्ठभूमिका व्यक्ति परिचालित, मुख्य योजनाकारको खोजी हुँदै

● एसएसपी वसन्त रजौरे
काठमाडौं प्रहरी प्रमुख



लाजिम्पाटमा एक घर जग्गा व्यवसायीमाथि रड प्रहार भएको घटनामा संलग्नमध्ये एकजना पक्राउ परेका छन्। बाँकी तीनजनाको खोजी भइरहेको छ। घटनाका अन्य पाटाको सम्बन्धमा अनुसन्धान भइरहेको छ।

टेकराज थामी/नयाँ पत्रिका

गत ११ कात्तिकमा नुवाकोटको ककनी गाउँपालिका-६ का ३५ वर्षीय घरजग्गा व्यवसायी विक्रम लामामाथि भएको सांघातिक हमलामा आपराधिक पृष्ठभूमि भएका व्यक्तिहरू परिचालन भएको खुलेको छ। काठमाडौंको लाजिम्पाटस्थित इनोभा अस्पतालको पार्किङमा भूमि रियल स्टेटका सञ्चालक लामामाथि चार युवाले रड प्रहार गरेका थिए। शरीर, हात र खुट्टामा गम्भीर चोट लागेका उनको चार दिनपछि मात्रै होस आएको थियो।

घटनामा संलग्नमध्ये मार्सल भनिने शैलेन्द्र तामाङलाई प्रहरीले सोही दिन पक्राउ गरेको थियो। अजय लामा, निश्चल सुनार र दीपक बरामु भने फरार थिए। नुवाकोट बेलकोटगढी नगरपालिका-२ का शैलेन्द्रविरुद्ध वर्ष दिनअघि प्रहरीले ज्यान मार्ने उद्योगमा मुद्दा चलाएको थियो। उनी छाया सेन्टरस्थित प्लेब्वाई क्लबको पार्किङमा भएको सांघातिक हमलामा संलग्न थिए।

अजय ठगी मुद्दामा ४० हजार जरिवानासहित तीन वर्ष ६ महिना जेल भुक्तान गरी चार महिनाअघि मात्रै छुटेका प्रतिवादी हुन्। उनले ९ पुस ०८० मा ठमेलमा बर्दीकै प्रहरीमाथि 'किक' प्रहार गरेका थिए। घटनामा ड्युटी गरिरहेका प्रहरी जवान लोकबहादुर बुढाको टाउकोमा गम्भीर चोट लागेको थियो। उनीसहित तीनजनाविरुद्ध प्रहरीले त्यसवेला अभद्र व्यवहारको कसुरमा मुद्दा चलाइएको थियो।

प्रहरीका अनुसार रड प्रहारका लागि 'लिड' गर्ने काम भने अजयले गरेका थिए। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी वसन्त रजौरेले रड प्रहारमा संलग्नमध्ये एकजना पक्राउ परेको र अन्य तीनको खोजी भइरहेको बताए। 'लाजिम्पाटमा एक घरजग्गा व्यवसायीमाथि रड प्रहार भएको घटनामा संलग्नमध्ये एकजना पक्राउ परेका छन्। बाँकी तीनजनाको पनि पहिचान भइसकेकाले खोजी भइरहेको छ। घटनाका अन्य पाटाको सम्बन्धमा अनुसन्धान भइरहेको छ,' उनले भने।

प्रहरीका अनुसार घटना योजनाबद्ध ढंगले गरिएको छ। रड प्रहारका लागि योजनाकारले अजय, शैलेन्द्र, निश्चल र दीपकलाई ६० लाख रुपैयाँको सुपारी दिएको



घाइते विक्रम लामा

प्रहरीको भनाइ छ। घटनामा संलग्नमध्ये शैलेन्द्रले '६० लाखको सुपारी प्राप्त भएको' भन्दै हत्याका निम्ति गाउँमा युवाको खोजी गरेका थिए। यो तथ्यलाई रड प्रहारबाट घाइते विक्रमले समेत स्वीकार गरेका छन्। उनले भने, 'मलाई रड प्रहार गर्नेमध्ये शैलेन्द्रले मेरै गाउँमा गएर ६० लाखको सुपारी आएको भन्दै हत्या गर्ने युवाको खोजी गरेको रहेछ। उनको प्रस्तावलाई युवाहरूले अस्वीकार गरेछन्। ती युवा मकहाँ आएर सबै वृत्तान्त बताए। म छक्क परेँ।'

शंकाको सुई बेलायत निवासी लक्ष्मी राईतर्फ

गत वर्षको कात्तिकमा विक्रमलाई अफिसको बैठक हलमा कसैले टेलिफोनमा भन्यो, 'तिमीविरुद्ध ज्यान मार्ने गरी ठुलो षड्यन्त्र हुँदै छ। त्यसको सबै सूचना मसँग छ।' बैठक हलबाट बाहिरिएका विक्रम झसंग भए। टेलिफोन संवादलाई थाती राख्दै उनी पुनः नियमित काममा लागे। घर पुगेपछि भने उनी निदाउन सकेनन्। भोलिपल्ट बिहानै उनले अघिल्लो दिनको टेलिफोन नम्बरमा 'रिडायल' गरे। फोनमा अपरिचितले भन्यो, 'मसँग सबै सूचना छन्। लिने हो भने तीन लाख रुपैयाँ दिनुपर्छ।'

अपरिचित व्यक्तिको संवादले विक्रमलाई झन् कुतूहल बनायो। उनी तीन लाख रुपैयाँ बुझाएर सूचना खरिद गर्ने निष्कर्षमा पुगे। त्यसका लागि उनले ती युवासँग बैंकको खाता नम्बर मागे। तर, अपरिचितले खाता नम्बर दिन अस्वीकार गऱ्यो। पटक-पटकको आग्रहपछि अपरिचित व्यक्तिले खाता नम्बर दिए। विक्रमले प्रहरीको सहयोगमा खाताको डिटेल खोजे। अन्ततः नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले कैलालीबाट खातावाला सागर कडायतलाई पक्राउ गऱ्यो। सिआइबीले उनीविरुद्ध अनुसन्धान सुरु गऱ्यो। बयानका क्रममा उनले भने, 'यी सबै षड्यन्त्रको पछि लक्ष्मी राई संलग्न छिन्।'

जिल्ला प्रहरी परिसर काठमाडौंले अहिले सिआइबीले एक वर्षअघि तयार परेको सोही फाइललाई आधार मानेर अनुसन्धान प्रक्रिया अघि बढाइरहेको छ। परिसरले कडायतको बयानसहितको सबै प्रतिवेदन कार्यालय ल्याइसकेको छ। घटनाको अनुसन्धानमा संलग्न परिसरका अनुसन्धान अधिकृतले भने, 'विक्रमलाई हत्या गर्ने उद्देश्यले नै रड प्रहार भएकोजस्तो देखिन्छ।'

■ लक्ष्मी र विक्रमबिच के छ रिसइबी ?

विक्रमका अनुसार भोजपुरकी ५० वर्षीया लक्ष्मी राई आफन्त पर्छिन्। लक्ष्मीले विक्रमका दाइ दीपेश लामासँग १२ वर्षअघि बेलायतमा विवाह गरेकी थिइन्। उनले बेलायतमै लक्ष्मी ज्वेलर्स नामक सुन पसल खोलेकी थिइन्। पसल श्रीमान् दीपेशलाई सञ्चालन गर्न दिएर उनी नेपाल बस्थिन्। नेपाल रहँदा उनको उठबस हुन्डी र सुन तस्करीमा संलग्न जीवन चलाउनेसँग थियो। त्यसबाहेक अन्य पुरुषसँग लक्ष्मीको बाक्लो उठबस थियो। विक्रमले यसको अन्तरंग दृश्यसमेत फेला पारे। त्यसपछि लक्ष्मीको अन्य सूचनाको खोजीमा विक्रम लागे।

यसक्रममा उनले दाजु दीपेशसँग विवाह गर्नुअघि नै तीन युवासँग विवाह गरेको तथ्य फेला परे। सबै विवरण दाजु दीपेशलाई भने। त्यसपछि लक्ष्मी र दीपेशबीच सम्बन्धविच्छेद भयो। सोही रिसइबी साँध्न लक्ष्मीले आफूमाथि सांघातिक हमला गर्न लगाएको विक्रमले नयाँ पत्रिकासँग भने, 'मेरो कसैसँग दुस्मनी छैन। जसले मलाई रड प्रहार गरे उनीहरूलाई म चिन्दिनँ। ममाथि यसअघि पनि ज्यान मार्नेदेखि लागुऔषध र सुन तस्करीमा फसाउने षड्यन्त्र भए। षड्यन्त्रमा मेरी पूर्वभाउजू लक्ष्मीको संलग्नता रहेको तथ्य प्रहरीकै अनुसन्धानबाट देखियो। यसपटकको आक्रमण पनि उनकै योजनाअनुसार भएको मेरो बुझाइ छ।' लक्ष्मी बेलायती नागरिक हुन्। उनले नेपाली नागरिकता पनि प्रयोग गर्दै आएकी छिन्। उनीसँग बेलायती र नेपाली दुवै राहदानी छ।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेडमा धितो रहेको सम्पति लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०७/२७)

यस बैंक (साविक लक्ष्मी/सनराइज बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त विभिन्न मितिको विभिन्न पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने तथा विभिन्न मितिको विभिन्न पत्रिकामा धितो लिलाम बिक्रीको १५ दिने, सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुँदा यो धितो लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति मध्ये कुन सम्पत्ति के, कति मूल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बैंकको प्रधान कार्यालय, हात्तिसार/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असुली विभागमा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८औं दिन अर्थात मिति २०८१/०८/०४ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौ/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असुली विभागमा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण :

शाखा कार्यालयः कुपन्डोल, काठमाडौं

१. **ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा दर्ता नं. १२०७४६/०७१/७२ मिति २०७१/१०/२२ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय काठमाडौं पान नं. ६०२९८५४८६ भएको काठमाडौं जिल्ला काठमाडौं मन.पा. वडा नं. ३४, स्थित **मुन स्टार इन्टरप्राजेज** ।

प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ताको विवरणः जगन्नाथ सा कानुको नाती, चन्देश्वर प्रसाद गुप्ताको छोरा, बारा जिल्ला गंजभवानीपुर गा.वि.स. वडा नं. ६ भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा./गा.पा. वडा नं. ०१ बस्ने **प्रदिप गुप्ता** (ना.प्र.नं. ३३१०३३/९२४९ जि.प्र.का बारा जारी मिति २०६५/०७/२१)

व्यक्तिगत तथा धितो जमानतकर्ता :* जगन्नाथ सा कानुको नाती, चन्देश्वर प्रसाद गुप्ताको छोरा, बारा जिल्ला गंजभवानीपुर गा.वि.स. वडा नं. ६ भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा./गा.पा. वडा नं. ०१ बस्ने **अमित कुमार गुप्ता** (ना.प्र.नं. १२४६ जि.प्र.का बारा, कलैया जारी मिति २०५६/०३/३१)

व्यक्तिगत जमानतकर्ताहरु : *

क) धनपथ सा कानुको नाति, जगन्नाथ सा कानुको छोरा, बारा जिल्ला महागढिमाई न.पा./गा.पा. वडा नं. ०३ भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा./गा.पा. वडा नं. ०१ बस्ने **चन्देश्वर प्रसाद गुप्ता** (ना.प्र.नं.१७७६/१७६० जि.प्र.का बारा जारी मिति २०४१/०८/२९)

ख) जगन्नाथ साह कानुको बुहारी, चन्देश्वर प्रसाद गुप्ताको पत्नी, बारा जिल्ला गंजभवानिपुर न.पा./गा.पा. वडा नं. ०६ भई हाल बारा जिल्ला महागढिमाईन.पा./गा.पा. वडा नं. ०३ बस्ने **तारा देवि कानु** (ना.प्र.नं.२३२२/२०६१/६३४ जि.प्र.का बारा जारी मिति २०४८/०८/०३)

ग) चन्देश्वर प्रसाद गुप्ताको बुहारी, अमित कुमार गुप्ताको पत्नी, बारा जिल्ला गंजभवानीपुर न.पा./गा.पा. वडा नं. ०६ भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा./गा.पा. वडा नं. ०१ बस्ने **गुडिया कुमारी गुप्ता** (ना.प्र.नं. ३३१०३३/४८४९ जि.प्र.का बारा जारी मिति २०७०/०८/०९)

घ) चन्देश्वर प्रसाद गुप्ताको बुहारी, प्रदिप गुप्ताको पत्नी, बारा जिल्ला महागढिमाई न.पा./गा.पा. वडा नं. ०३ भइ हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा./गा.पा. वडा नं. ०१ बस्ने **राधा कुमारी गुप्ता** (ना.प्र.नं. ३३-०१-७६-०१०७७ जि.प्र.का बारा जारी मिति २०७६/०१/२३)

लिलाम बिक्री हुने सम्पत्तिको विवरणः

१. **धितो जमानतकर्ता अमित कुमार गुप्ता**को नाममा मालपोत कार्यालय लगनखेल ललितपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला इमाडोल गा.वि.स/न.पा वडा नं. ६ स्थित कित्ता नं. २४३ को क्षेत्रफल ९५.३९ वर्ग मिटरको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. **धितो जमानतकर्ता अमित कुमार गुप्ता**को नाममा मालपोत कार्यालय कलकीं काठमाडौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला दहचोक गा.वि.स/न.पा वडा नं. २/२ग स्थित कित्ता नं. ७७९, ७८१ र ७७७ को क्षेत्रफल क्रमश १३१.१४, ३.९८ र २३.८५ व.मि.को जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

२. **ऋणी तथा धितो जमानतकर्ताको नाम :** जगन्नाथ सा कानुको नाती, चन्देश्वर प्रसाद गुप्ताको छोरा, बारा जिल्ला गंजभवानीपुर गा.वि.स. वडा नं. ६ भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा./गा.पा. वडा नं. ०१ बस्ने **अमित कुमार गुप्ता** (ना.प्र.नं. १२४६ जि.प्र.का बारा, कलैया जारी मिति २०५६/०३/३१)

व्यक्तिगत जमानतकर्ताहरु :*

क) धनपथ सा कानुको नाति, जगन्नाथ सा कानुको छोरा, बारा जिल्ला महागढिमाई न.पा./गा.पा. वडा नं. ०३ भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा./गा.पा. वडा नं. ०१ बस्ने **चन्देश्वर प्रसाद गुप्ता** (ना.प्र.नं.१७७६/१७६० जि.प्र.का बारा जारी मिति २०४१/०८/२९)

ख) जगन्नाथ साह कानुको बुहारी, चन्देश्वर प्रसाद गुप्ताको पत्नी, बारा जिल्ला गंजभवानिपुर न.पा./गा.पा. वडा नं. ०६ भई हाल बारा जिल्ला महागढिमाई न.पा./गा.पा. वडा नं. ०३ बस्ने **तारा देवि कानु** (ना.प्र.नं.२३२२/२०६१/६३४ जि.प्र.का बारा जारी मिति २०४८/०८/०३)

ग) चन्देश्वर प्रसाद गुप्ताको बुहारी, अमित कुमार गुप्ताको पत्नी, बारा जिल्ला गंजभवानीपुर न.पा./गा.पा. वडा नं. ०६ भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा./गा.पा. वडा नं. ०१ बस्ने **गुडिया कुमारी गुप्ता** (ना.प्र.नं. ३३१०३३/४८४९ जि.प्र.का बारा जारी मिति २०७०/०८/०९)

घ) चन्देश्वर प्रसाद गुप्ताको बुहारी, प्रदिप गुप्ताको पत्नी, बारा जिल्ला महागढिमाई न.पा./गा.पा. वडा नं. ०३ भइ हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा./गा.पा. वडा नं. ०१ बस्ने **राधा कुमारी गुप्ता** (ना.प्र.नं. ३३-०१-७६-०१०७७ जि.प्र.का बारा जारी मिति २०७६/०१/२३)

लिलाम बिक्री हुने सम्पत्तिको विवरणः ऋणी **अमित कुमार गुप्ता**को नाममा मालपोत कार्यालय लगनखेल ललितपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला इमाडोल गा.वि.स/न.पा वडा नं. ६ स्थित कित्ता नं. २४३ को क्षेत्रफल ९५.३९ वर्ग मिटरको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणी तथा जमानतकर्ताको विवरण :

शाखा कार्यालयः कलंकीमाई मन्दिर, काठमाडौं

१. **ऋणीको नाम :** कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको विभाग/कार्यालयमा दर्ता नं. २७३३६३/०७८/०७९ मिति २०७८/०६/११ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय कंलकी पान नं. ६१०११०८०१ भएको काठमाडौं जिल्ला चन्द्रागिरी न.पा. वडा नं. ७, स्थित **प्राश्ना खाध्य स्टोर प्रा.लि.** ।

सञ्चालक तथा धितो जमानतकर्ता समेतको विवरणः

क) लोक नाथ अधिकारीको नातीनी, ठाकुरप्रसाद अधिकारीको छोरी, नरेश श्रेष्ठको पत्नि धादिङ जिल्ला नीलकण्ठ गा.वि.स./न.पा. वडा नं. १ भई हाल काठमाडौं जिल्ला चन्द्रागिरी न.पा. वडा नं. १ बस्ने **श्रीजना अधिकारी** (ना.प्र.नं. २६ १/४६३७४ जि.प्र.का धादिङ्ग जारी मिति २०६८/०२/२४)

ख) लोक नाथ अधिकारीको बुहारी, ठाकुरप्रसाद अधिकारीको पत्नी, धादिङ जिल्ला नीलकण्ठ गा.वि.स./न.पा. वडा नं. १ भई हाल काठमाडौं जिल्ला चन्द्रागिरी न.पा. वडा नं. १ बस्ने **भगवती अधिकारी** (ना.प्र.नं. २४०५४ जि.प्र.का धादिङ जारी मिति २०५४/१२/१०)

व्यक्तिगत जमानतकर्ता : * नन्द लाल श्रेष्ठको नाती, राम लाल श्रेष्ठको छोरा, काठमाडौं जिल्ला चन्द्रागिरी न.पा./गा.वि.स. वडा नं. १२ भई हाल चन्द्रागिरी न.पा. वडा नं. १ बस्ने **नरेश श्रेष्ठ** (ना.प्र.नं. ३९/६१८/४५१६७ जि.प्र.का काठमाडौं जारी मिति २०५६/३/२९)

लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. **ऋणी कम्पनीका सञ्चालक तथा धितो जमानतकर्ता भगवती अधिकारीको** नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला दहचोक गा.वि.स/न.पा वडा नं. ३क स्थित कित्ता नं. ७१० को क्षेत्रफल ९५.३७ ब.मि. भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. **ऋणी कम्पनीका सञ्चालक तथा धितो जमानतकर्ता श्रीजना अधिकारीको** नाममा मालपोत कार्यालय कलंकीको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला दहचोक गा.वि.स/न.पा वडा नं. ३क स्थित कित्ता नं. ७० ९ को क्षेत्रफल १२७.१६ ब.मि. भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

शाखा कार्यालयः बनेपा, काभ्रेपलाञ्चोक

१. **ऋणीको नाम** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता नं. १७७०६१/०७४/०७५ मिति २०७४/०७/१२ मा दर्ता भई काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. ७ मा कम्पनीको रजिष्टर्ड ठेगाना भई आन्तरिक राजश्व कार्यालय भक्तपुर, करदाता सेवा कार्यालय धुलिखेलमा स्थायी लेखा नम्बर ६०६८६५०१६, मिति २०७४/०७/१४ मा दर्ता रहेको **सप्नेश्वर टेलि स्टोर प्रा. लि.** ।

संचालकहरु :

क. टंक नाथ लामिछानेको नाति, राम प्रसाद लामिछानेको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, टुकुचा नाला गा.वि.स./न.पा. वडा नं. ४ बस्ने **सरोज लामिछाने** (ना.प्र. नं. ३०-०१-०६६-००११७, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०६६/०८/०४)।

ख. पूर्ण प्रसाद सापकोटाको नाति, अर्जुन प्रसाद सापकोटाको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, उग्रतारा गा.वि.स./न.पा. वडा नं. ६ बस्ने **सन्तोष सापकोटा** (ना.प्र. नं. १३२८१३, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०६१/०८/१५)।

व्यक्तिगत तथा धितो जमानतकर्ताः * टंकनाथ लामिछानेको बुहारी, डिल्ली प्रसाद सापकोटाको छोरी, राम प्रसाद लामिछानेको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, टुकुचा नाला गा.वि.स./न.पा वडा नं. ४ भई हाल बनेपा न.पा. वडा नं. ७ बस्ने **बिमला लामिछाने** (ना.प्र.नं. १३१७७५, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०६१/०६/२७) ।

व्यक्तिगत जमानतकर्ताहरु :*

क. कृष्ण हरि लामिछानेको नाति, टंकनाथ लामिछानेको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, टुकुचा नाला गा.वि.स./न.पा. वडा नं. ४ भई हाल बनेपा न.पा. वडा नं. ७ बस्ने **राम प्रसाद लामिछाने** (ना.प्र.नं. ३४६८, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०४१/०८/११)।

ख. राम प्रसाद लामिछानेको बुहारी, तिलक प्रसाद दाहालको छोरी, सुमन लामिछानेको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, उग्रचण्डीनाला गा.वि.स./न.पा. वडा नं. ७ भई हाल बनेपा न.पा. वडा नं. ७ बस्ने **मन्दिरा दाहाल** (ना.प्र.नं. ३०/०१-०६८- २१४८०, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०६८/०४/०५)।

ग. राम प्रसाद लामिछानेको बुहारी, अर्जुन प्रसाद दुलालको छोरी, सरोज लामिछानेको श्रीमती, काभ्रेपलाञ्चोक जिल्ला, गैह्रीबिसौना, देउपुर गा.वि.स./न.पा. वडा नं. ३ भई हाल बनेपा न.पा. वडा नं. ७ बस्ने **सविता दुलाल** (ना.प्र.नं. ३०/०१-७३-१४२६६, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०७३/११/२२)।

घ. टंक नाथ लामिछानेको नाती, राम प्रसाद लामिछानेको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, टुकुचा नाला गा.वि.स./न.पा. वडा नं. ४ भई हाल बनेपा न.पा. वडा नं. ७ बस्ने **सुमन लामिछाने** (ना.प्र.नं. ०१-६९-०८६२२, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०६९/०९/०१)।

धितो लिलाम रहेको सम्पत्तिको विवरण :

१. धितो तथा व्यक्तिगत जमानतकर्ता श्रीमती विमला लामीछानेको नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकमा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, बनेपा गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. १२६० को क्षेत्रफल ०-३-३-० जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात / स्टकहरु तथा ऋणीले वजारवाट उठाउन वाँकी रहेको उधारो लगायतको सम्पूर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि छुट्टा छुट्टै गरिदिएको हाइपोथिकेशन।

ऋणी तथा जमानतकर्ताको विवरण :

शाखा कार्यालयः क्षेत्रपाटी, काठमाडौं

१. **ऋणीको नाम :** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी दर्ताको प्रमाण पत्र दर्ता नं. २६२६५६/७७/०७८, मिति २०७८/०१/०८ मा दर्ता भई काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २७, महाबौद्धमा रजिष्टर्ड ठेगाना रहेको आन्तरिक राजश्व कार्यालय ठमेल, काठमाडौंमा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१०००३०४२, मिति २०७८/०६/०४ मा दर्ता भएको **ग्रिन ट्रेडिङ्ग कर्प प्रा. लि.** ।

संचालक : टंकनाथ लामिछानेको नाति, राम प्रसाद लामिछानेको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, टुकुचा नाला गा.वि.स./न.पा. वडा नं. ४ भई हाल बनेपा न.पा. वडा नं. ७ बस्ने **सुमन लामिछाने** (ना.प्र.नं. ०१-६९-०८६२२, जि.प्र.का. काभ्रेपलाञ्चोक जारी मिति २०६९/०९/०१)।

व्यक्तिगत तथा धितो जमानतकर्ताः * टंकनाथ लामिछानेको बुहारी, डिल्ली प्रसाद सापकोटाको छोरी, राम प्रसाद लामिछानेको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, टुकुचा नाला गा.वि.स./न.पा. वडा नं. ४ भई हाल बनेपा न.पा. वडा नं. ७ बस्ने **बिमला लामीछाने** (ना.प्र.नं. १३१७७५, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०६१/०६/२७)।

व्यक्तिगत जमानतकर्ताहरु :*

क. कृष्ण हरि लामिछानेको नाति, टंकनाथ लामिछानेको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, टुकुचा नाला गा.वि.स./न.पा. वडा नं. ४ भई हाल बनेपा न.पा. वडा नं. ७ बस्ने **राम प्रसाद लामिछाने** (ना.प्र.नं. ३४६८, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०४१/०८/११)।

ख. राम प्रसाद लामिछानेको बुहारी, तिलक प्रसाद दाहालको छोरी, सुमन लामिछानेको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, उग्रचण्डीनाला गा.वि.स./न.पा. वडा नं. ७ भई हाल बनेपा न.पा. वडा नं. ७ बस्ने **मन्दिरा दाहाल** (ना.प्र.नं. ३०/०१-०६८- २१४८०, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०६८/०४/०५)।

ग. राम प्रसाद लामिछानेको बुहारी, अर्जुन प्रसाद दुलालको छोरी, सरोज लामिछानेको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, गैह्रीबिसौना देउपुर गा.वि.स./ न.पा. वडा नं. ३ भई हाल बनेपा न.पा. वडा नं. ७ बस्ने **सविता दुलाल** (ना.प्र.नं. ३०/०१-७३-१४२६६, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०७३/११/२२)।

घ. टंक नाथ लामिछानेको नाति, राम प्रसाद लामिछानेको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, टुकुचा नाला गा.वि.स./न.पा. वडा नं. ४ भई हाल बनेपा न.पा. वडा नं. ७ बस्ने **सरोज लामिछाने** (ना.प्र. नं. ३०-०१-०६६-००११७, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०६६/०८/०४)।

धितो लिलाम रहेको सम्पत्तिको विवरण :

१. **धितो तथा व्यक्तिगत जमानतकर्ता श्रीमती बिमला लामीछाने**को नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकमा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, बनेपा गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. १२६० को क्षेत्रफल ०-३-३-० जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात/स्टकहरु तथा ऋणीले वजारवाट उठाउन वाँकी रहेको उधारो लगायतको सम्पूर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि छुट्टा छुट्टै गरिदिएको हाइपोथिकेशन।

शाखा कार्यालयः ज्याठा, काठमाडौं

१. **ऋणीको नाम :** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंमा मिति २०७७/११/०२ मा दर्ता नं. २५५७४१/०७७/०७८ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय धुलिखेल पान नं. ६०९९३५५७२ भएको काभ्रेपलाञ्चोक जिल्ला मण्डनदेउपुर न.पा.-१० स्थित **यन्त्रिक एग्रो फर्म प्रा. लि.** ।

संचालक तथा व्यक्तिगत जमानतकर्ता : तेज बहादुर सिंहको नाती, खड्क बहादुर सिंहको छोरा, काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ०६ बस्ने **प्रदिप बहादुर सिंह** (ना.प्र.न २७ १/२३६/७३८७ जि.प्र.का काठमाण्डौं जारी मिति २०५१/०९/१२)

व्यक्तिगत जमानतकर्ताः* खड्क बहादुर सिंहको नाति, प्रदिप बहादुर सिंहको छोरा, काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. ०६ बस्ने **सुमन सिंह** (ना.प्र.न २७-०१-७२-१२९२६ जि.प्र.का काठमाण्डौं जारी मिति २०७२/११/१८)

लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. **ऋणी यन्त्रिक एग्रो फर्म प्रा.लि.** को नाममा मालपोत कार्यलय काभ्रेपलांचोकको लगतमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलांचोक जिल्ला महादेवस्थान न.पा/गा.वि.स. वडा नं २ स्थित कित्ता नं. ११०४, ११०५, २७२१ को क्षेत्रफल कमश १२१४.१९, १६५५.३७, १६३५.५१ व.मी (जम्मा ४५०५.०७ व.मी) मा भएको जग्गा र सो ले चर्चेको लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

*** तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।**

नोटः ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो।

पुनश्चः बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौ स्थित कर्जा असुली विभाग/सम्बन्धित शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्तबन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्गको रुपमा रहनेछ।

अन्य जानकारीको लागि यस बैंकको प्रधान कार्यालय हात्तिसार स्थित कर्जा असूली विभाग वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिने छ।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

■ ४४ स्थानीय तहमा उपनिर्वाचन

दुई लाख २६ हजार ७९९ मतदाता र २९३ मतदान केन्द्र



■ मतदातामध्ये १,११,८९६ महिला, १,१४,९०० पुरुष र तीनजना अन्य

कुल मतदाता १ करोड ८१ लाख २८ हजार ८ सय ३२

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

१६ मंसिरमा हुने स्थानीय तह उपनिर्वाचनमा दुई लाख २६ हजार ७९९ मतदाता रहेका छन् । निर्वाचन आयोगले स्वीकृत नामावलीमा मंसिर १५ गतेसम्म १८ वर्ष उमेर पुग्ने व्यक्तिहरूलाई मतदाताका रूपमा समावेश गरेको छ ।

आयोगका प्रवक्ता नारायणप्रसाद सापकोटाका अनुसार सोमबार बसेको आयोग पदाधिकारीको बैठकले अन्तिम मतदाता नामावली स्वीकृत गरेको हो । उनका अनुसार उपनिर्वाचन हुने स्थानीय तहमा १,११,८९६ महिला र १,१४,९०० पुरुष र तीन अन्य मतदाता छन् ।

आयोगका अनुसार स्थानीय तह उपनिर्वाचनसम्म आइपुग्दा ३९ हजार ८९४ मतदाता थपिएका छन् । गत वर्ष वैशाखमा सम्पन्न प्रतिनिधिसभा सदस्य उपनिर्वाचनपछि मतदाता थप भएर एक करोड ८१ लाख २८ हजार ८३२ मतदाता कायम भएका हुन् । जसमा ८९,०३,१९७ पुरुष, ९२,२५,४४८ महिला र १८७ अन्य मतदाता छन् । गत १५ वैशाखमा सम्पन्न प्रतिनिधिसभा सदस्य उपनिर्वाचनमा एक करोड ८० लाख ८८ हजार ९३८ मतदाता थिए ।

आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार अन्तिम मतदाता नामावलीबारे निर्णय भएसँगै ४४ पदका लागि उपनिर्वाचन हुने टुंगो लागेको छ । ३४ जिल्लाका ३८ स्थानीय तह र दुई जिल्लाका जिसस प्रमुखका लागि १६ मंसिरमा उपनिर्वाचन हुँदै छ । आयोगका अनुसार जिल्ला समन्वय समिति प्रमुख दुई, नगरपालिकाका मेयर र उपमेयर एक-एक, गाउँपालिका अध्यक्ष दुई, गाउँपालिका उपाध्यक्ष चार र ३४ वडाध्यक्ष गरी ४४ पदमा निर्वाचन हुँदै छ । उपनिर्वाचनका लागि २५ दल दर्ता भएका छन् । आयोगको कार्यतालिकाअनुसार २ मंसिरमा उम्मेदवारी मनोनयन हुँदै छ । ०७९ वैशाखमा भएको स्थानीय तह निर्वाचनमा कांग्रेसले २७ स्थान, माओवादीले सात, एमालेले आठ, जसपाले एक र एक स्वतन्त्र उम्मेदवारले जित हासिल गरेका थिए । केन्द्रीय गठबन्धनमा परिवर्तनपछि हुन लागेको यो पहिलो उपनिर्वाचन हो ।

१६२ मतदान स्थल, २९३ मतदान केन्द्र

मतदानका लागि १६२ मतदान स्थल र २९३ मतदान केन्द्र कायम गरिएका छन् । उपनिर्वाचनका लागि सोमबार नै आयोगले निर्वाचन अधिकृतहरूको नियुक्त गरेको छ । आयोगका अनुसार ३२ जना जिल्ला न्यायाधीशहरूलाई स्थानीय तहको मुख्य निर्वाचन अधिकृत र ६ राजपत्रांकित कर्मचारीलाई निर्वाचन अधिकृत नियुक्त गरिएको हो । आयोगले नै मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थानीय तहको केन्द्रमा र निर्वाचन अधिकृतको कार्यालय वडाको केन्द्रमा रहने व्यवस्था गरेको थियो । साथै आयोगले उपनिर्वाचनको पर्यवेक्षण गर्न इच्छुक राष्ट्रिय संस्थाहरूलाई ३ मंसिरभित्र विवरण पेस गर्न समय तोकेको छ । आयोगले पर्यवेक्षण गर्ने संस्थाहरूलाई स्पष्ट रूपमा वडा वा पालिका तोकेर पर्यवेक्षणको स्वीकृति दिइने जनाएको छ ।

यी हुन् निर्वाचन हुने स्थानीय तह

आयोगका अनुसार ओखलढुंगा र कैलालीका जिसस प्रमुख रिक्त छन् । काठमाडौंको कीर्तिपुर नगरपालिका प्रमुख रिक्त छ । मोरङको ग्रामनाथ गाउँपालिका र दैलेखको महाबु गाउँपालिकामा अध्यक्ष रिक्त छ । जाजरकोटको नलगाड नगरपालिकाका उपप्रमुख, दोलखाको गौरीशंकर गाउँपालिका र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाको उपाध्यक्ष पद रिक्त छ । झापाको कन्काई नगरपालिका- ६, ताप्लेजुङको सिरिजंगा-३, तेह्रथुमको लालीगुराँस नगरपालिका- ८, सुनसरीको गढी गाउँपालिका- ६, ओखलढुंगाको मोलुङ गाउँपालिका- ५, उदयपुरको त्रियुगा गाउँपालिका- १२, बेलका नगरपालिका- ८, सप्तरीको डाक्नेश्वरी नगरपालिका- १ र ४, रौतहटको राजपुर-६, गढीमाई नगरपालिका- ८, काठमाडौंको कीर्तिपुर नगरपालिका- १ र ४, काठमाडौं महानगरपालिका- १६, नुवाकोटको ककनी गाउँपालिका- २, मकवानपुरको हेटौंडा उपमहानगरपालिका- १२, गोरखाको गोरखा नगरपालिका- ५, रुकुम पूर्व पुथा उत्तरगंगा गाउँपालिका उपाध्यक्ष र १ नम्बर वडाध्यक्ष, कपिलवस्तु शुद्धोधन गाउँपालिका- १ गुल्मीको मुसिकोट नगरपालिका- १ मा वडाध्यक्ष पदमा उपनिर्वाचन हुनेछ ।

यसबाहेक रोल्पाको रुन्टिगढी गाउँपालिका- ४, बर्दियाको ठाकुरबाबा नगरपालिका- ४, दैलेखको दुल्लु नगरपालिका- १३, कालीकोटको तिलागुफा नगरपालिका- ४, जाजरकोटको कुशे गाउँपालिका- ७, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका- ५, रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- ५, बझाङको सुर्मा गाउँपालिका- ४, डोटीको पूर्वीचौकी गाउँपालिका- ६, दार्चुलाको दुहुँ गाउँपालिका-५ र कञ्चनपुरको भीमदत्त नगरपालिका- ६ मा वडाध्यक्ष पदमा पनि उपनिर्वाचन हुनेछ ।

निजी क्षेत्रलाई अख्तियारको कार्यक्षेत्रभित्र नराख्न दलहरू एकमत

संशोधनकर्ता सांसदहरू पनि निजी क्षेत्रमा अख्तियार प्रवेश गर्ने प्रस्तावको विपक्षमा

कमलराज भट्ट/नयाँ पत्रिका

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारभित्र निजी क्षेत्रलाई समावेश गराउने प्रस्तावबाट दलहरू पछि हटेका छन् । सरकारले ६ माघ ०७६ मा संसद्मा दर्ता गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयकमा बैंक, मेडिकल कलेज र सोसम्बद्ध अस्पताल वा यस्तै प्रकृतिका अन्य कुनै संगठित संस्थालाईसमेत सार्वजनिक संस्थाको परिभाषाभित्र समेटेर अख्तियारको क्षेत्राधिकारभित्र ल्याउने प्रस्ताव गरेको थियो । तर, संसदीय समितिमा दफावार छलफलका क्रममा दलहरू बैंक, मेडिकल कलेज र सोसम्बद्ध अस्पताल भन्ने शब्दहरू हटाउने निष्कर्षमा पुगेका हुन् ।

हाल राज्य व्यवस्था तथा सुशासन समितिमा दफावार छलफलमा रहेको विधेयकको दफा २ मा रहेको यो प्रावधान हटाउने सहमति भएको सभापति रामहरि खतिवडाले बताए । 'अख्तियारले निजी क्षेत्र नहेर्ने भन्नेमा समिति सहमतिमा पुगिसकेको छ । निजी क्षेत्र प्रवेशको कुरा टुंगोमा पुर्‍याइसकेका छौं,' उनले भने । विधेयकमा समितिले सोमबार संशोधनकर्तासँग छलफल गरेको थियो । संशोधनकर्ता सांसदहरू पनि निजी क्षेत्रमा अख्तियार प्रवेश गर्ने प्रस्तावको विपक्षमा उभिएका छन् ।

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले सरकारी क्षेत्रलाई नै हेर्न नसकिरहेको अवस्थामा निजी क्षेत्रभित्र अख्तियार प्रवेश जायज नभएको बताए । 'अहिले असाध्यै कमजोर क्षेत्रमा रहेको निजी क्षेत्रमा हात हाल्ने र हुँडल्ने काम गरेर थप कमजोर बनाउने काम गर्छ । प्रतिशोध साध्ने काम पनि गर्छ । थप बार्गेनिङका कुराहरू आउन सक्छन् । त्यसैले यो प्रावधान कुनै हालतमा हटाउनुपर्छ,' उनले भने । यो प्रावधान राख्दा अर्थतन्त्र थप कमजोर हुने उनको भनाइ थियो ।

कांग्रेस सांसद अर्जुननरसिंह केसीले निजी क्षेत्रलाई अख्तियारको कार्यक्षेत्रभित्र राख्नु उपयुक्त नभएको बताए । 'अख्तियारलाई संस्थागत, पारदर्शी र निष्पक्ष बनाएर राज्यका दायित्व लिनेलाई मात्र हेर्न सफल होस् न । त्यसपछि निजी क्षेत्रमा जाउँला,' उनले भने । निजी क्षेत्रलाई अनावश्यक दुःख दिने, काम हुन नदिने र बार्गेनिङको हतियारको रूपमा मात्रै प्रयोग हुने चिन्ता उनले व्यक्त गरे ।

सांसद अमरेशकुमार सिंहले नेताहरूलाई पैसा नपुगेर अख्तियारलाई निजी क्षेत्रमा पठाउन खोजिएको टिप्पणी गरे । 'पोखरा एयरपोर्ट, वाइडबडी, आयल निगम जग्गालगायत सरकारी क्षेत्रबाट नेताहरूलाई पैसा पुगेन । निजी क्षेत्रमा अख्तियार लगेपछि अख्तियारमा त आफ्नै एस म्यान जान्छ । त्यसलाई खटाएर हेर तिम्रो अख्तियारमा मुद्दा छ, यति पैसा देऊ भन्छ । पैसा उठाएर देशलाई झन् भड्खालोमा हाल्ने जुन प्रयास छ, अख्तियारलाई निजी क्षेत्र दिनै हुँदैन,' उनले भने ।

राप्रपा सांसद रोशन कार्कीले अख्तियारलाई कुनै हालतमा निजी क्षेत्रमा प्रवेश गराउन नहुने बताइन् । कांग्रेसका राजन केसीले अख्तियारको कार्यक्षमता कमजोर रहेको अवस्थामा निजी क्षेत्र प्रवेश गर्दा अराजकता निम्तिने चेतावनी दिए । राज्यकै निकायबाट नियमन गर्नुपर्ने उनको भनाइ थियो ।



● **श्याम घिमिरे**, प्रमुख सचेतक, कांग्रेस

अहिले असाध्यै कमजोर क्षेत्रमा रहेको निजी क्षेत्रमा हात हाल्ने र हुँडल्ने काम गरेर थप कमजोर बनाउने काम गर्छ । प्रतिशोध साध्ने काम पनि गर्छ । थप बार्गेनिङका कुराहरू आउन सक्छन् । त्यसैले यो प्रावधान कुनै हालतमा हटाउनुपर्छ ।



● **अमरेशकुमार सिंह**, स्वतन्त्र सांसद

निजी क्षेत्रमा अख्तियार लागेपछि अख्तियारमा त आफ्नै एस म्यान जान्छ । त्यसलाई खटाएर हेर तिम्रो अख्तियारमा मुद्दा छ, यति पैसा देऊ भन्छ । देशलाई झन् भड्खालोमा हाल्ने प्रयास हुन्छ, अख्तियारलाई निजी क्षेत्र दिनै हुँदैन ।

■ नीतिगत निर्णयको स्पष्टता हुनुपर्नेमा जोड

सांसदहरूले नीतिगत निर्णयको नाममा भ्रष्टाचार मौलाउँदै गएको भन्दै ऐनमै स्पष्ट पारेर जानुपर्ने धारणा राखेका थिए । कांग्रेस सांसद अर्जुननरसिंह केसीले जहाज खरिददेखि ललितानिवाससम्म नीतिगत निर्णयको नाममा भएका भ्रष्टाचार अब दोहोरिन दिन नहुने बताए । 'सम्बन्धित मन्त्री, मन्त्रालयले गर्ने कुरालाई सोझै क्याबिनेटमा लगेर निर्णय गराएर नीतिगत निर्णय भन्ने आधारमा कारबाही नगर्ने खालको अवस्था पूर्णरूपमा हटाउनुपर्छ,' उनले भने । विधेयकमा प्रदेश सरकारले गरेको निर्णयमा पनि अख्तियार प्रवेश गर्न नपाउने प्रस्ताव गरिएकोमा विरोध जनाउँदै केसीले सोधे, 'यो के हो ? हिजो केन्द्रीय सरकारले मात्रै नीतिगत निर्णय भनेर लुट गर्‍यो । लुटका सयौं उदाहरण छन् । अब प्रदेश सरकारमा पनि प्रश्न उठाउन नपाइने भनेर जुन पठाइएको छ, यो धारा ४ को नीतिगत निर्णयको स्पष्टता हुनुपर्नेछ । समिति यसमा गम्भीर हुनुपर्नेछ,' उनले भने ।

स्वतन्त्र सांसद अमरेश सिंहले भ्रष्टाचारको मूल जरो प्रधानमन्त्री कार्यालय भएको बताए । 'प्रधानमन्त्री भ्रष्टाचारको मूल जड हो । जुनसुकै ठुला काण्ड होस्, प्रधानमन्त्रीको संलग्नताविना कुनै काण्ड भएको छैन । क्याबिनेटको निर्णय भ्रष्टाचारको घेरामा आउनुपर्छ,' उनले भने । प्रधानमन्त्री कार्यालयको पैसा उठाउने ठाउँ सम्पत्ति शुद्धीकरण र विपक्षीलाई तर्साउने ठाउँ राजस्व अनुसन्धान भएको उल्लेख गर्दै सिंहले कुनै सुशासनका लागि भन्दा पनि विरुद्धमा बोल्नेलाई तर्साउने र पैसा उठाउनका लागि प्रयोग गरिएको बताए ।

कांग्रेसका राजन केसीले नीतिगत भ्रष्टाचारको सीमालाई ऐनले सम्बोधन गर्नुपर्ने बताए । नीतिगत निर्णय गरेपछि सबै अपराधबाट मुक्त हुने मानसिकताले भ्रष्टाचार नियन्त्रण हुन नसक्ने उनको भनाइ थियो । नेमकिपाका प्रेम सुवालले अख्तियारले नीतिगत भ्रष्टाचार हेर्नुपर्ने बताए ।

■ 'पूर्वप्रशासकलाई अख्तियार नलगौं'

संशोधनकर्ता सांसदले ऐनबाटै अख्तियारमा पदाधिकारी र कर्मचारी नियुक्ति पारदर्शी बनाउनुपर्ने धारणा राखेका थिए । माओवादी सांसद माधव सापकोटाले अख्तियारको संरचनागत सुधार गरी लाभको पदमा नबसेको विज्ञलाई जिम्मेवारी दिने व्यवस्था गर्नुपर्ने बताए । जिन्दगीभरि अख्तियारकै परिचालन गर्ने र उत्तरार्द्धमा आयोगमा जाने अभ्यास गलत भएको उनको भनाइ थियो । '५९ वर्षपछि हामीले केही न केही वैज्ञानिक कारणको खोजी वा तथ्य नजिक पुगेरै एउटा सीमितता आउँछ भनेर रिटायर्ड लिने भन्ने प्रावधान राखिएको होला । रिटायर्ड भएर गएपछि संवैधानिक आयोगमा गएर लिड गर्ने कुरा वैज्ञानिक हिसाबले राम्रो छैन,' उनले भने ।

कांग्रेस सांसद अर्जुननरसिंह केसीले सम्पूर्ण संवैधानिक संस्था र संवैधानिक परिषद् भागबन्डा परिषद्को रूपमा विकसित भएको बताए । 'राजनीतिक दलको प्रतिनिधित्व गर्ने र संस्थाको स्वायत्तता, निष्पक्षता, पारदर्शिता, त्यसको मूल्य पद्धतिलाई प्रतिनिधित्व नगर्ने खालको प्रवृत्तिलाई निराकरण गर्न सकेनौं भने यो स्थितिमा कुनै सुधार हुने देखिँदनँ,' उनले भने, 'लोकतन्त्र मूल्य, पद्धति र संस्थाले सञ्चालन हुन्छ । मूल्य, पद्धतिलाई बोकेर स्थापित गर्ने काम संस्थाहरूको हुन्छ । त्यो संस्था नै निरीह र लाचार भयो भने मूल्य पद्धति हराउँछ र लोकतन्त्र भन्ने कुरा खाली कागज र संविधानमा सीमित रहन्छ ।'

नेमकिपाका प्रेम सुवालले अख्तियारको नियुक्ति नमिलेको बताए । 'पदाधिकारीहरू भ्रष्टाचारसम्बन्धी विज्ञ हुनुपर्‍यो । केही थाहा नपाएकालाई अख्तियारको जिम्मा दिएर कसरी अख्तियार दुरुपयोग नियन्त्रण हुन्छ ?' उनले सोधे । सरकारी कर्मचारी पनि पदाधिकारीमा पठाउन नहुने उनको भनाइ थियो । 'किनभने सरकारको विभिन्न तहमा बस्दा कर्मचारीको खोट हुन्छ । त्यो अख्तियारमा जाँदा हामी बस्दा पनि यस्तै गरेको हो, यो फाइल फाल्देऊ, कारबाही गर्नुहुन्न भन्छ,' उनले भने ।

स्वतन्त्र सांसद अमरेश सिंहले अख्तियार पूर्वकर्मचारीको क्लब रहिरहेसम्म देशले पार नपाउने बताए । 'किनकि अख्तियारमा जानका लागि मन्त्री र प्रधानमन्त्रीले जे भन्छ, त्यो नियम नमिले पनि लिगलिगे दौड छ । यति चाप्लुसी गरिरहेको छ कि नियम-कानुन नमिले पनि फाइल सदर गरिरहेको छ । स्वार्थको आधारमा गरिएको छ । कानुनले चलेको छैन,' उनले भने, 'जबसम्म इन्टिग्रेटी भएको व्यक्ति छोडेर चाप्लुसलाई, दलको कार्यकर्तालाई ठुलो पद दिइन्छ, अख्तियार निष्पक्ष हुन सक्दैन ।'

राप्रपा सांसद रोशन कार्कीले गैरराजनीतिक व्यक्तिलाई खुला प्रतिस्पर्धाबाट प्रमुख आयुक्त र आयुक्तहरू नियुक्त गर्नुपर्ने बताइन् । कर्मचारी नियुक्त गर्दा विगतको क्रियाकलाप र आचरण अनुसन्धान गर्न छुट्टै समिति बनाउनुपर्ने उनको भनाइ थियो । 'संवैधानिक निकायमा हामीले धेरै नै राजनीतिकरण गरिसक्यौं । अब हद भयो । तत्कालै बन्द गर्नुपर्छ । यसलाई हटाइनुपर्छ,' उनले भनिन् । कांग्रेस सांसद सञ्जय गौतमले राजनीतिक छायामा परेको अख्तियारलाई परिमार्जन गर्नुपर्ने बताए । शेरबहादुर कुँवरले अख्तियारलाई निष्पक्ष र स्वतन्त्र बनाएर अझ प्रभावकारी बनाउनुपर्ने बताए ।

अजरबैजान पुगे राष्ट्रपति पौडेल



नयाँ पत्रिका

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप २९) मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै राष्ट्रपति रामचन्द्र पौडेल सोमबार अजरबैजानको बाकु पुगेका छन् । उनी कतारको राजधानी दोहा हुँदै अजरबैजान गएका हुन् । उनले संयुक्त राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेर्रेससँग संक्षिप्त भेट गरेका छन् ।

अजरबैजानको बाकु सहरमा सोमबार सुरु भएको सम्मेलन ७ मंसिरसम्म चल्नेछ । राष्ट्रपति नेतृत्वको प्रतिनिधिमण्डलमा वनमन्त्री ऐनबहादुर शाहीलगायत नेपाली अधिकारीहरू सहभागी छन् । अजरबैजानमा राष्ट्रपति पौडेलले समकक्षी इहाम हेइदर ओग्लु अलिभेभसँग द्विपक्षीय भेट गर्ने कार्यक्रम छ । उनकै निमन्त्रणामा राष्ट्रपति पौडेल बाकु गएका हुन् । राष्ट्रपति कार्यालय स्रोतका अनुसार राष्ट्रपति पौडेल र मालदिभ्सका राष्ट्रपति मोहम्मद मोइज्जुबिच पनि साइडलाइन भेटवार्ता हुनेछ ।

राष्ट्रसंघीय महासचिव गुटेर्रेससँग राष्ट्रपति पौडेलले जलवायु परिवर्तनबाट उत्पन्न समस्याबारे संक्षिप्त कुरा भएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए । हिमाल, पृथ्वी र मानवसमुदाय रक्षाका लागि सबै पक्ष जुट्नुपर्नेमा राष्ट्रपतिको जोड थियो । राष्ट्रपति कार्यालयका जलवायु तथा वातावरणविज्ञ, परराष्ट्र एवं वन तथा वातावरण मन्त्रालयका अधिकारी सम्मेलनमा सहभागी छन् । राष्ट्रपतिका राजनीतिक सल्लाहकार सुनीलबहादुर थापाका अनुसार सम्मेलनको मुख्य सत्रमा राष्ट्रपति पौडेलले सम्बोधन गर्ने कार्यक्रम छ । राष्ट्रपति पौडेलले हिमाल र जलवायु परिवर्तन तथा जलवायु न्यायका विषयमा धारणा राख्नेछन् ।

Buddhabhumi Nepal Hydropower Company Ltd

Panipokhari, Maharajgunj, Kathmandu, Nepal, Telephone : 4530150
E-mail : lowertadi@gmail.com, Website : www.buddhabhuminepalhydro.com.np

UNAUDITED QUARTERLY STATEMENT OF FINANCIAL POSITION

At the end of 1st Quarter on 2081.06.30 (16th October 2024)

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
ASSETS			
Non Current Assets:			
Property, Plant and Equipment	141,977,171.61	141,330,056.08	135,019,344.41
Intangible Assets	1,200,194,316.53	1,211,138,337.66	1,243,970,401.04
Total Non Current Assets	**1,342,171,488.14**	**1,352,468,393.74**	**1,378,989,745.45**
Current Assets:			
Cash and Bank Balance	1,429,535.54	2,017,555.60	652,120.52
Advance & Receivables	50,656,469.99	34,242,798.49	56,344,641.59
Margin & Deposits	361,200.00	334,700.00	817,500.00
Total Current Assets	**52,447,205.53**	**36,595,054.09**	**57,814,262.11**
Total Application of Fund	**1,394,618,693.68**	**1,389,063,447.83**	**1,436,804,007.57**
Equity AND NON-CURRNET LIABILITIES			
Equityshareholder's Fund			
Share Capital	400,000,000.00	400,000,000.00	400,000,000.00
Retained Earning	(75,497,562.90)	(64,127,751.85)	(54,187,408.89)
Share Capital Advance	13,304,400.00	13,304,400.00	13,304,400.00
Total Equity	**337,806,837.10**	**349,176,648.15**	**359,116,991.11**
Non Current Liabilities			-
Long Term Loan and Borrowings	945,173,326.16	948,460,157.01	957,968,326.65
Long Term Employee Benefits	-	-	-
Deferred Tax Liability	295,995.48	295,995.48	295,995.48
Total Non Current Liabilities	**945,469,321.64**	**948,756,152.49**	**958,264,322.13**
Current Liabilities & Provision			
Accounts payables and other payables	80,650,381.71	80,651,687.94	88,486,819.36
Provisions	271,909.00	-	1,111,332.15
Short Term Loan Liability	30,420,244.23	10,478,959.25	29,824,542.81
Employee Benefits	-	-	-
Total Current Liabilities	**111,342,534.94**	**91,130,647.19**	**119,422,694.32**

Unaudited Quarterly Statement of Profit or Loss

At the end of 1st Quarter on 2081.06.30 (16th October 2024)

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
INCOME			
Revenue From Sale of Electricity	42,937,508.99	148,858,460.93	49,219,888.00
Less: Direct Expenses	1,498,293.82	8,614,279.49	2,112,198.50
Gross Profit	**41,439,215.17**	**140,244,181.44**	**47,107,689.50**
Operation Expenses			
Administrative Expenses	3,946,188.54	16,789,272.24	10,187,271.66
Depreciation	549,872.76	2,204,850.04	540,653.26
Amortization	10,944,021.13	43,776,084.51	10,944,021.13
Total Expenses	**15,440,082.43**	**62,770,206.79**	**21,671,946.05**
Operating Profit	**25,999,132.74**	**77,473,974.65**	**25,435,743.45**
Other Income	6,703.89	3,285,845.93	3,131,461.97
Finance Cost	37,375,647.69	95,649,598.91	33,516,640.79
Statutory Employee Bonus (Provision)	-	-	-
Profit Before Tax	**(11,369,811.06)**	**(14,889,778.32)**	**(4,949,435.37)**
Provision For Tax	-	-	
Deferred Tax Expenses			
Profit after Tax	**(11,369,811.06)**	**(14,889,778.32)**	**(4,949,435.37)**
Earning Per Share (EPS) Annualised	(11.37)	(3.72)	(4.95)
Dilluted Earning Per Share (DPS) (Annualised)	(11.37)	(3.72)	(4.95)

धितोपत्र दर्ता निष्काशन नियमावली २०७३, अनुसूची-१४ (नियम २६ को उपनियम १ संग सम्बन्धित)

आ.व. २०८१/२०८२ को प्रथम आश्विन मसान्त त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण :**

(क) आ.व. २०८१/२०८२ को प्रथम आश्विन मसान्त त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) न्यूनतम रूपमा प्रमुख वित्तीयविवरहरू:

प्रति शेयर आम्दानी त्रैमासिक: (११.३७)	मूल्य आम्दानी अनुपात P/E Ratio : (४३.१०)	प्रति शेयर नेटवर्थ: ८४.४५
प्रति शेयर कुल सम्पत्तिको मूल्य: ३४८.६५	तरलता अनुपात सम्बन्धी विवरण: ४७.००%	

२. **व्यवस्थापकीय विश्लेषण :**

(क) यस कम्पनीले आर्थिक वर्ष २०७८/७९ को चैत्र १० बाट व्यापारिक उत्पादन सुरू गरव नियमित रूपमा विद्युत बिक्री गर्दै आएकोमा विद्युत बिक्री बापत प्राप्त हुनु पर्ने रकम नेपाल विद्युत प्राधिकरण मार्फत नियमित रूपमा कम्पनीले प्राप्त गर्दै आइरहेको छ ।

(ख) आगामी अवधिमा पनि यस तल्लो तादी खोला जलविद्युत आयोजना ४।९९३ मेघावाट को व्यवस्थापनको विश्लेषण गर्दै व्यवस्थायिक रूपले सक्षम तरिकाबाट सञ्चालन गरि आधिकारिक विद्युत उत्पादन गरि नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउने योजना रहेको छ ।

(ग) काबुभन्दा बाहिरको परिस्थितिका कारण संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सोको निराकरण गर्न बिमा लगायतको आवश्यक वित्तीय तथा अन्य व्यवस्था गराईने तर्फ कम्पनी सचेत रहेको छ ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण :**

हाल सम्म यस कम्पनीले तथा यस कम्पनी उपर आर्थिक दावी गरी कुनै मुद्दा दर्ता गराएको जानकारी प्राप्त भएको छैन । कुनै संस्थापक वा संचालक विरूध्द आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण :**

धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार नियमानुकार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा शेयर कारोवार निम्नानुसार भएको छ ।

अधिकतम मुल्य	रू. ६८९.८०	कुल कारोवार दिन	५६
न्यूनतम मुल्य	रू. ४४०.००	कुल कारोवार संख्या	१०,११३
समीक्षा अवधिको अन्तिम मुल्य	रू. ४९०.००	कुल कारोवार शेयर संख्या	८०६,०४३

५. **समस्या तथा चुनौती :**

संगठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौती बजारमा रहेका अन्य सरह नै छन् । संस्थामा आई पर्ने संस्थाको आन्तरिक र वाह्य समस्या तथा चुनौतीहरूलाई समय समयमा बस्ने संचालक समितिको बैठकले समीक्षा गरी सोको निराकरणको लागी आवश्यक कार्यान्वयन गर्ने छ ।

६. **संस्थागत सुशासन :**

यस कम्पनीले संस्थागत सुशासन अभिवृध्दिका लागी सदैव उच्च प्राथमिकता राख्दै आएको छ । यस कम्पनीलाई नियमन निकायबाट प्राप्त निर्देशन परिपत्रहरू तदारूकताका साथ सम्पादन गरि आएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुध्दता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायीत्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसुचीत निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाईएको छैन ।

माओवादीले देशव्यापी खबरदारीसभा गर्ने

काठमाडौं/ सरकारका गलत कामविरुद्ध जनतालाई सचेत गराउन माओवादीले देशव्यापी रूपमा खबरदारी गर्ने भएको छ । खबरदारी सभा र पार्टीको पालिका सम्मेलन एकसाथ अघि बढाउने निर्णय माओवादीको छ । माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डनिवास खुमलटारमा सोमबार बसेको पदाधिकारी बैठकले पालिका सम्मेलन र पालिकास्तरमा खबरदारी गर्ने निर्णय गरेको माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले जानकारी दिए । 'पालिकाको सम्मेलन र खबरदारी एकैसाथ गर्ने निर्णय भएको छ । मंसिर मसान्तसम्म सबै स्थानीय तहमा पार्टीको सम्मेलन र खबरदारी सभा हुनेछ,' उनले भने, 'व्यवस्थित रूपमा बृहत् जनपरिचालनका कार्यक्रम अघि बढाउँछौं ।'


पालिकास्तरीय खबरदारी सभा यसअघि १० कात्तिकमा काठमाडौंमा गरिएको खबरदारी सभाकै निरन्तरता भएको उनले स्पष्ट पारे । विपत्मा जनताले सरकारको अनुभूति गर्न नपाएको, पुनर्स्थापना र पुनर्निर्माणमा सरकार चुकेको, अन्तर्राष्ट्रिय जगत्मा पहलकदमी लिन नसकेको, जनहितविपरीत सरकार अघि बढेको, सुशासनको विपक्षमा भ्रष्टाचारीको संरक्षणमा सरकार लागेको आरोप माओवादीको छ ।

'विपत् होस् या त्यसपछिको पुनर्स्थापना, पुनर्निर्माणमै किन नहोस्, सरकारको उपस्थिति देखिएन । अन्तर्राष्ट्रिय मुद्दामा पहलकदमी लिन पनि सरकार चुक्यो । यो देशका जोजो राम्रो काम गरिरहेका छन्, उनीहरूलाई हटाउने खेल भइरहेको छ,' सापकोटाले भने, 'असाधारण परिस्थिति देशमा बन्दै छ । यस्तो अवस्थामा सबै पार्टीहरू बिचमा राष्ट्रिय समझदारी हुनुपर्ने हो । राष्ट्रिय दृष्टिकोण बन्नुपर्ने वेलामा पार्टीहरू फुटाउने चर्चा चलिरहेको छ । संविधान संशोधन उहाँहरू (कांग्रेस-एमाले)को सत्तामा जाने आवरण मात्रै थियो । यी सबै विषयमा खबरदारी गर्नेछौं ।' संविधान संशोधन अग्रगमनको पक्षमा, जनताका अधिकार बढाउने पक्षमा हुनुपर्ने भन्दै माओवादीले प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीमा जानुपर्नेमा जोड दिएको छ ।


■ अर्याल, वाग्ले र झाले भेटे रवि

भावी आन्दोलनको रणनीति तयार गर्न छलफल


कास्कीमा **रोहितराज पराजुली**




लामिछाने



अर्याल



वाग्ले



झा

अदालतले १३ दिन म्याद थपेपछि सभापतिको स्वास्थ्य अवस्था बुझ्न र पार्टीको आधिकारिक धारणा बनाउन छलफल गरेको झाले बताए ।

सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा अनुसन्धानका लागि प्रहरी हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग उपसभापतिद्वय डिपी अर्याल र स्वर्णिम वाग्ले तथा कार्यवाहक प्रवक्ता मनीष झाले भेट गरेका छन् । लामिछानेलाई भेट्न तीन नेता सोमबार जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा पुगेका थिए । रास्वपा केन्द्रीय सदस्य ज्वाला संग्रौलाले सामाजिक सञ्जाल फेसबुकमार्फत तीन नेताले सभापति लामिछानेसँग भेट गरेको र आधा घण्टा विशेष बैठक बसेको जानकारी दिएकी छिन् ।

रास्वपाले सभापति लामिछाने पक्राउविरुद्ध बुधबार आन्दोलनको नयाँ कार्यक्रम घोषणा गर्ने तयारी गरेको छ । सोही सिलसिलामा अर्याल, वाग्ले र झा लामिछानेलाई भेट्न जिल्ला प्रहरी कार्यालय गएका थिए । झाले अदालतले १३ दिन म्याद थपेपछि सभापति लामिछानेको स्वास्थ्य अवस्था बुझ्न र पार्टीको आधिकारिक धारणा बनाउन छलफल गरेको बताए ।

रास्वपा उपसभापति अर्यालले सभापति लामिछानेको पक्राउको विरोधमा पार्टीको आन्दोलन निरन्तर जारी रहेको बताए । 'पार्टी र पार्टीका सभापतिको आधिकारिक धारणासँगै पार्टीले गर्ने अर्को चरणको आन्दोलन र त्यसको मोडालिटी बुधबार सार्वजनिक गर्छौं,' उनले भने । अनुसन्धानको प्रक्रियामा सभापति लामिछानेले बाहिर बसेर गर्न सकिने विषयमा आफूलाई हिरासतमा राख्नु राजनीतिक प्रतिशोध भएको र यो कुरा नागरिकलाई बुझाउन सकिएको छ कि छैन भनेर सोधेको अर्यालले बताए । 'एकजना नागरिक जसले जनताले आशा बोकेर आएको छ, देशमा २०औं वर्षपछि युवाहरूको एउटा लिडर आएको छ, यदि रास्वपा स्थापित हुन सकेन भने देशमा २० वर्ष युवा पुस्ता राजनीतिमा आउँदैन, यो कुरा हामी सबैले बुझ्नु जरुरी छ । त्यसकारण युवा पुस्तालाई राजनीतिक रूपमा आउन नदिन यो षड्यन्त्र हो भन्ने बिम्ब देखिन्छ,' उनले भने ।

अर्का उपसभापति वाग्लेले राजनीतिक प्रतिशोध साध्नकै लागि रवि लामिछानेलाई अनावश्यक हिरासतमा राखिएको बताए । 'हामीले न्यायिक अनुसन्धानको कहिल्यै पनि विरोध गरेनौं । हामी बहुलवादी लोकतान्त्रिक शक्ति हौं, विधिको शासनमा हाम्रो पूर्ण अटल आस्था पनि छ । कहीं कमीकमजोरी रहेछ भने त्यसलाई यही विधिको शासनमा टेकेर मौजुदा संवैधानिक प्रावधानमा टेकेर सुधार गर्दै जानुपर्छ । न प्रमाण नष्ट गर्ने आधार छ, न भागेर जाने आधार छ, न थप अपराध गर्ने आधार छ, तर पनि धेरै दिन हिरासतमा राखिएको छ, यो अति भयो,' उनले भने ।

कार्यवाहक प्रवक्ता झा अनावश्यक रूपमा राज्यको दम्भ र प्रतिशोधलाई कानुनी कारण नमान्ने बताए । 'कानुनी र प्रक्रियागत रूपमा हिरासतमै राखेर छानबिन गर्नुपर्ने भन्ने पर्याप्त आधार र कारण देखिँदैन । उहाँलाई हिरासतमा राखेको २५ दिन भयो । आइतबार १३ दिन म्याद थपिएको छ । यो अवस्थामा आफूहरू सभापतिको अवस्था के-कस्तो छ भनेर बुझ्न आएका हौं,' उनले भने, 'भेटमा हामीले सभापतिको स्वास्थ्य अवस्था बुझ्नुका साथै आन्तरिक छलफलसमेत गर्‍यौं । अब पार्टी सांगठनिक प्रक्रियाका विषयमा केन्द्रीय समितिमा छलफल गर्छौं र त्यसलाई सचिवालयबाट अनुमोदन गरी बुधबार पत्रकार सम्मेलन गरी पार्टीको धारणा सार्वजनिक गर्छौं ।'

लामिछानेलाई मंगलबार रुपन्देही लगिने भएको छ । प्रहरीले रुपन्देहीको सुप्रिम सहकारीमा भएको अपचलनको अनुसन्धान गर्न उनलाई रुपन्देही लैजान लागेको हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रका डेढ दशक

राज्यप्रति नागरिकको भरोसा टुट्न नदिन थप जिम्मेवार बन्न सकियो भने संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका लागि फलदायी साबित हुनेछ



● एसपी ढकाल

अग्रलेख

देशमा गणतन्त्र आएर जनताले आखिर के पाए ? जनताको अवस्था बदलिएको खोइ ? यस्तै प्रश्न, विचार, सोच र चिन्तनसहितका आक्रोश, कुण्ठा, निराशा र वितृष्णाजन्य अभिव्यक्ति पनि सुनिन थालेका छन् । मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको डेढ दशकभन्दा पनि बढी अर्थात् १६ वर्ष पूरा भयो । व्यवस्था र अवस्थाबिच कहाँनेर तालमेल मिलेन ? सरकार कहाँ-कहाँ झुक्यो र कहाँ-कहाँ चुक्यो ? किन जनतामा निराशा, कुण्ठा र आक्रोश छ ? के गणतन्त्रपछि नेपालको समग्र अवस्था खत्तम, बिग्रेको र काम नलाग्ने अवस्थामै पुगेको हो त ? यी र यस्तै प्रश्नबिच संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा हुँदाका १६ वर्षअघि र अहिलेको अवस्थामा केन्द्रित रहेर यस आलेखमा केही तथ्यांकगत विश्लेषण गर्ने प्रयास गरिएको छ ।

देशको अर्थतन्त्रको अवस्था कुल गार्हस्थ उत्पादनले झल्काउँछ । रोजगारी वृद्धि र गरिबी न्यूनीकरणका लागि कुल गार्हस्थ उत्पादनको भूमिका महत्त्वपूर्ण हुन्छ । कुल गार्हस्थ उत्पादन उकालो लाग्यो वा ओरालो ? त्यसको लेखाजोखा हुन जरुरी छ । गणतन्त्र घोषणा हुँदाको आर्थिक वर्ष ०६४/६५ मा देशको कुल गार्हस्थ उत्पादन आठ खर्ब १५ अर्ब थियो । अहिले त्यो बढेर आर्थिक वर्ष ०८०/८१ मा ५७ खर्ब सात अर्ब पुगेको छ । १६ वर्षमा सात गुणाले कुल गार्हस्थ उत्पादन वृद्धि हुनु आर्थिक विकासको शुभ संकेत हो । जति-जति प्रतिव्यक्ति आय बढ्दै जान्छ, त्यति निरपेक्ष गरिबीको खाडल कम हुँदै जान्छ । पछिल्ला वर्षमा प्रतिव्यक्ति आयले फड्को मार्दै गएको छ । गणतन्त्र घोषणाकालमा ४९१ अमेरिकी डलर प्रतिव्यक्ति आय रहेकामा हाल एक हजार ४५६ डलर पुगेको छ ।

केही वर्षअघिसम्म लोडसेडिङले जनजीवन कष्टकर थियो । दैनिक १८ घण्टासम्म लोडसेडिङको मार खेपिरहेको अवस्था थियो । नेपालको सन्दर्भमा रोजगारी सिर्जना र स्वाधीन अर्थतन्त्रका लागि जल विद्युत् महत्त्वपूर्ण आधार हो । यहाँ जलविद्युत् उत्पादनको प्रचुर सम्भावना छ । 'श्वेत मुद्रा'का रूपमा समेत चिनिने विद्युत् उत्पादन, खपत र निर्यात गर्न सकेमा मात्रै देशले व्यापार घाटा सन्तुलनमा ल्याउन सक्छ । आर्थिक वर्ष ०८०/८१ मा १६ अर्ब ९३ करोडबराबरको विद्युत् भारततर्फ निर्यात भएको छ । विगतमा ७०० मेगावाट उत्पादन रहेको विद्युत् अहिले तीन हजार ६० मेगावाट पुगेको छ । विद्युत् सेवाको पहुँच १६ वर्षअघि ५६.१ प्रतिशत घरपरिवारमा मात्र सीमित थियो । हाल यसको पहुँच ९८ प्रतिशत परिवारमा पुगेको छ ।

सडक यातायातको पहुँच विस्तार भएको छ । सडकहरू गुणस्तरीय बन्दै गएका छन् । कालोपत्रे गरेको सडक २०६५ सालमा पाँच हजार ४०० किलोमिटर थियो भने अहिले १८ हजार २४१ किलोमिटर पुगेको तथ्यांक छ । ०६४/६५ मा सडक सञ्जालसित जोडिएका जिल्ला ६१ मात्र रहेकामा हाल ७७ जिल्लामै सडकको पहुँच पुगेको छ । पालिका, वडा र टोलसम्म सडकको पहुँच विस्तार गर्ने कार्यले प्राथमिकता पाएको छ । संघ, प्रदेश र स्थानीय सरकार सडक पूर्वाधार निर्माणमा क्रियाशील छन् ।

पुँजी परिचालनका लागि बैंक तथा वित्तीय संस्थाहरूको भूमिका महत्त्वपूर्ण छ । ती संस्थाको संख्या बढ्दै गएको छ । वाणिज्य बैंकको शाखा त्यतिवेला ५९१ रहेकामा हाल पाँच हजार ४२ पुगेको छ । देशको निरपेक्ष गरिबी १६ वर्षअघि ३०.८ प्रतिशत रहेकामा हाल त्यो २०.३ प्रतिशतमा झरेको छ । मानव विकास सूचकांकमा देशको अवस्था सुदृढ बन्दै गएको छ । तत्कालीन समयमा प्रतिव्यक्ति आय ०.५०५ रहेकोमा हाल ०.६०२ पुगेको छ । औसत आयु पनि उकालो चढ्दै गएको छ । औसत आयु ६०.७ वर्ष रहेकामा हाल ७१.३ वर्ष पुगेको छ । साक्षर नागरिकको संख्या बढेको छ । साक्षरता दर ५८ प्रतिशत रहेकामा हाल ७६.२ प्रतिशत पुगेको छ । आधारभूत खानेपानीको पहुँचमा उल्लेख्य वृद्धि भएको छ । खानेपानी पुहँच ०६४/६५ मा ४५ प्रतिशत जनसंख्यामा मात्र सीमित थियो । हाल यो पहुँच ९७ प्रतिशत जनसंख्यामा पुगेको छ । शिशु मृत्युदर उच्च थियो । प्रतिहजारमा ४८ जना रहेको शिशु मृत्युदर २१ मा झरेको छ । पाँच वर्षमुनिको बाल मृत्युदर



६१ रहेकामा हाल ३३ मा सीमित छ । मातृ मृत्युदर प्रतिलाखमा २८१ रहेकामा १५१ मा झरेको छ ।

नीति-निर्माण तहमा महिलाको प्रतिनिधित्व बढ्दै गएको छ । ०५६ सालमा संसद्मा महिला प्रतिनिधित्व ५.९ प्रतिशत रहेकामा हाल ३३.१ प्रतिशत पुगेको छ । ०५४ सालमा स्थानीय निकायको निर्वाचनमा महिला प्रतिनिधित्व ११.८ प्रतिशत थियो । हाल स्थानीय तहमा ४१.२ प्रतिशत पुगेको छ । गणतन्त्र स्थापना हुँदा निजामती सेवामा महिला सहभागिता १२ प्रतिशत मात्र थियो । यो संख्या बढेर हाल २८.५ प्रतिशत पुगेको छ । समावेशिता कायम भएपछि महिला आदिवासी, मधेशी, दलित, अपांग, पिछडिएका क्षेत्रबाट २४ हजार १५२ जनालाई निजामती सेवामा प्रवेशको अवसर प्राप्त भएको छ ।

> गणतन्त्र घोषणा हुँदाको आर्थिक वर्ष ०६४/६५ मा देशको कुल गार्हस्थ उत्पादन आठ खर्ब १५ अर्ब थियो भने अहिले त्यो बढेर आर्थिक वर्ष ०८०/८१ मा ५७ खर्ब सात अर्ब पुगेको देखिनुले पनि गणतन्त्रका डेढ दशकमा केही भएन भन्न मिल्दैन

आक्रोश किन ? : मुलुकमा अझै पनि निरपेक्ष गरिबी पूर्ण रूपमा हट्न सकेको छैन । अझै पनि २०.२७ प्रतिशत नागरिक निरपेक्ष गरिबीको चपेटामा छन् । सबै नागरिक रोग र भोकको अवस्थाबाट मुक्त हुने अवस्था छैन । नेपाल बहुजातीय तथा बहुसांस्कृतिक विविधता भएको मुलक हो । यहाँ १२३ प्रकारका भाषाभाषी र १४२ प्रकारका जातजाति छन् । हरेक समुदायको आफ्नै बुझाइ छ । यसको जटिल विविधता तथा सबै वर्ग, लिंग र क्षेत्रको व्यवस्थापन चुनौतीपूर्ण छ । जसका कारण असुन्तुष्टिको गुञ्जायस रहेको छ ।

बेरोजगारी बढी नै रहेको छ । निष्क्रिय जनसंख्या ३४ प्रतिशत छ । श्रमको मूल्य न्यून छ । १७ हजार तीन सय मात्र न्यूनतम ज्याला छ । राजनीति अस्थिर छ । आलोचनात्मक/नकारात्मक सञ्चार शैली व्याप्त छ । सामाजिक सञ्जाल र सनसनीपूर्ण अपवाह फैलाउने कार्यले प्रश्रय पाउँदै गएको छ । वैदेशिक रोजगारीले पारिवारिक विखण्डन पनि सिर्जना गरेको छ । भूराजनीतिक जटिलता बढेको छ ।

कृषि कर्म घट्दै गएको छ । देश परनिर्भर बन्दै गएको छ । व्यापार घाटा बढ्दो छ । उद्योग व्यवसाय मन्दीको अवस्थाबाट गुज्रिरहेका छन् । सुशासनको कमी छ । दूरदर्शी नेतृत्वको अभाव छ । सामाजिक विभेद र वञ्चितीकरण छ । बसाइसराइ तीव्र छ ।

अबको बाटो : राज्यलाई बलियो बनाउन नागरिकको भरोसा उच्च बनाउन जरुरी छ । त्यसको पहिलो सर्त संविधानको इमानदारीपूर्वक कार्यान्वयन हो । राजनीतिक, सामाजिक र प्रशासनिक रूपमा विविधता व्यवस्थापनको स्पष्ट कार्ययोजना निर्माण र कार्यान्वयनमा ध्यान दिन पनि उत्तिकै आवश्यक छ । संविधानको मर्म र भावनाको सही कार्यान्वयन गर्न राजनीतिक सहमति जरुरी छ । संविधानमा भएका अभावको सही सम्बोधनका लागि आवश्यकतानुसार संविधान संशोधन पनि गर्नुपर्ने हुन सक्छ ।

विशेष, स्वायत्त र संरक्षित क्षेत्रको व्यवस्था कार्यान्वयन गरी संविधानप्रतिको अपनत्व अभिवृद्धि गर्ने अवस्था सिर्जना गर्न ढिलो गर्नु हुँदैन । मौलिक हक, सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गर्ने विषयलाई प्राथमिकतामा पारिनुपर्छ । समावेशिताका नाममा सीमित टाठाबाठाको होइन, समावेशितालाई सारभूत प्रभावकारी बनाउने विधिको सुनिश्चितता गरिनुपर्छ । स्वच्छ प्रतिस्पर्धाको सुनिश्चितता हुने गरी निर्वाचन प्रणाली पुनरावलोकन गर्न आवश्यक छ । स्थिर सरकारका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको आवश्यकता र माग बढ्दै गएको छ । त्यसको उचित व्यवस्थाका लागि सोच्नुपर्ने वेला आइसकेको छ । भ्रष्टाचार बढ्दै गएको छ । त्यसको न्यूनीकरण गरी सुशासन कायम गर्न आवश्यक छ । नागरिकसँग सरकारको उपस्थिति थप बलियो बनाउन संघीयताको प्रभावकारिता अभिवृद्धि गर्न जरुरी छ । राज्यलाई बलियो बनाउन उचित राजनीतिक संस्कारको अवलम्बन गर्नु आवश्यक छ । वास्तविक गरिबको पहिचान गर्ने र गरिबी मोचन विशेष कार्यक्रम लागू हुनुपर्छ । गरिबी घटाउँदै र हटाउँदै अभाव र भोकमरी अन्त्य गर्ने ठोस कार्यक्रम आउन सक्नुपर्छ । स्वरोजगार सिर्जना गरी बेरोजगारी अन्त्यको स्पष्ट खाका र कार्यान्वयन चाहिएको छ । सुशासन र सामाजिक न्याय कमजोर हुनु हुँदैन । राज्यका हर्ताकर्ताको कथनी र करणीमा एकरूपता हुनुपर्ने नागरिकको अपेक्षा छ ।

अन्त्यमा, सरकार र नागरिकबिचको सम्बन्ध नङ र मासु या माछा र पानीको जस्तो हुनुपर्छ । एकले अर्कालाई विश्वास गर्ने वातावरण सिर्जना गर्न सक्नुपर्छ । संघीय लोकतान्त्रिक गणतन्त्र आफैंमा उन्नत लोककल्याणकारी राज्य व्यवस्था हो । संघीय लोकतान्त्रिक गणतन्त्रपश्चात् थुप्रै राम्रा पक्षको सुरुवात भएको छ । राम्रा पक्षलाई निरन्तरता दिँदै सुधार गर्नुपर्ने पक्षको समीक्षा गर्नु जरुरी छ । राम्रोजति नदेख्ने केवल सुधार गर्नुपर्ने पक्षलाई मात्र कमजोरीका रूपमा चित्रण गरियो भने त्यो नेपाली जनताको आन्दोलनको अवमूल्यन हुन जान्छ । संघीय लोकतान्त्रिक गणतन्त्र आफैंमा जनहितकारी उन्नत व्यवस्था हो । राज्यप्रति नागरिकको भरोसा टुट्न नदिन थप जिम्मेवार बन्न सके यो व्यवस्था नेपालका लागि फलिफाप हुने निश्चित छ ।

(ढकाल चौरजहारी नगरपालिका, रुकुम पश्चिमका नि. प्रमुख प्रशासकीय अधिकृत हुन्)

३ प्रश्न

नेपाल सरकारका पूर्वमुख्यसचिव तथा बागमती सफाइ महाअभियानका शुभारम्भकर्ता **लीलामणि पौडेल**लाई



६ सय हप्तामा बागमती कति सफा भयो ?

हामीले यस अवधिमा करिब २० हजार मेट्रिक टन फोहोर नदीबाट निकाल्यौं । नदी किनारमा तीन दर्जनजति बर्गैंचा निर्माण गर्‍यौं । बागमती किनारमा मात्र ६ हजारभन्दा बढी रुख हुर्काएका छौं । विष्णुमती र धोबीखोला करिडोरमा त्योभन्दा बढी रुख हुर्केका छन् । यसले गर्दा पहिले नाक थुनेर पनि हिँड्न मुस्किल पर्ने बागमती किनारमा अहिले मानिसहरू ढुक्कले मर्निङ वाकमा निस्किने, योग गर्ने, टहलिनेजस्ता कार्य भइरहेका देखिन्छन् । बागमती सफाइ महाअभियानबाट प्रेरित भई देशभर ९० भन्दा बढी स्थानमा नदी तथा सहरबजार सरसफाइ अभियान चलिरहेको छ । समग्रमा यस अभियानले देशभर सफाइको लहर ल्याएको छ ।

सहायक नदीहरूको सरसफाइ नगरी बागमती कसरी सफा होला र ?

विष्णुमती, धोबीखोलालगायत बागमतीका सहायक नदीहरूमा पनि सरसफाइ अभियान सुरु भएको छ । काठमाडौं महानगरका मेयर बालेनले पनि सहर सफाइ अभियान चलाइरहनुभएको छ । गत जेठदेखि तारकेश्वर नगरपालिकाले पनि यो अभियान सुरु गरेको छ । सरसफाइ अभियानको मुख्य चुनौती ढल व्यवस्थापन बनेको छ । ढल व्यवस्थापन प्रभावकारी र नतिजामुखी हुन सकेको छैन । हाम्रो स्वयंसेवी अभियानले ढल व्यवस्थापन गर्न सक्दैन । यो काम सरकारले नै गर्नुपर्छ । स्थानीय तहहरूले फोहोर उठाएर डम्पिङ साइटमा पठाउने मात्र होइन, फोहोर निष्कासन नै कम गराउनुपर्छ । वर्गीकरण गरेर व्यवस्थापन गर्नुपर्छ । अटेर गर्नेहरूका लागि दण्डविधान सक्रिय पार्नुपर्छ ।

उपत्यकाका नदीहरूमा जलचर कहिलेसम्म देख्न पाइएलान् ?

यसको उत्तर हामीले भन्दा पनि सरकारी निकायले दिनुपर्छ । उहाँहरूले जति छिटो ढलको प्रभावकारी व्यवस्थापन गर्नुहुन्छ, त्यति नै छिटो नदीमा जलचर देख्न सकिन्छ । हामी पनि उहाँहरूबाट यही प्रश्नको उत्तर खोजिरहेका छौं ।

प्रेरक प्रसंग

अवसरको सदुपयोग

एकपटक एउटा आर्ट ग्यालरीमा एकजना ग्राहक पुगे । उनी त्यहाँ बिक्रीका लागि प्रदर्शनीमा राखिएका चित्रलाई ध्यानपूर्वक हेर्दै थिए । उनले त्यहाँ दुईवटा अलि अनौठा चित्र देखे । पहिलो चित्रमा व्यक्तिको कपालले उसको अनुहार पूरै ढाकेको थियो । र, खुट्टामा पँखेटा थिए । दोस्रो चित्रमा पछाडि फर्केको व्यक्तिको खुइलिएको तालु टल्किरहेको थियो ।



ग्राहकले पहिलो चित्र देखाउँदै व्यापारीसित प्रश्न गरे- साहुजी, यो चित्र कसको हो ? व्यापारीले जवाफ दिए- यो अवसरको चित्र हो सर ! ग्राहकले पुनः प्रश्न गरे- अनि यसको अनुहार कपालले किन ढाकिएको छ त ? व्यापारीले जवाफ दिए- किनकि, जब अवसर आउँछ, मान्छेले यो चित्रको मान्छेलाई जस्तै उसलाई चिन्न सक्दैनन् । ग्राहकले फेरि अर्को प्रश्न गरे- अनि यसको खुट्टामा पँखेटाचाहिँ किन नि ? व्यापारीले पुनः धैर्यपूर्वक जवाफ दिए- अवसर आएपछि तुरुन्तै भागेर बेपत्ता हुन्छ । यदि त्यसको सही समयमा उपयोग हुन सकेन भने त्यो तुरुन्तै उडेर अलप हुन्छ । त्यसैले, यसका खुट्टामा पँखेटा राखिएको हो ।

ग्राहकले दोस्रो चित्र देखाउँदै प्रश्न गरे- अनि यो पछाडिबाट तालु खुइलिएको देखिने यो चित्रचाहिँ कसको हो त ? व्यापारीले फेरि पनि मुसुक्क हाँस्दै उही शैलीमा जवाफ फर्काए- यो पनि अवसरकै चित्र हो । यदि अवसर हात लागेको समयमा त्यसलाई कपालमा समातेर भाग्नबाट रोक्न सकियो भने त्यो तपाईंको हुन्छ । तर, आलटाल गरेर फुर्सदमा समात्ने कोसिस गरियो भने टाढा भाग्दै गरेको अवसरको खुइलिएको तालु तपाईंको हातमा आउँछ । ऊ तपाईंको हातबाट चिप्लेर टाढा पुग्छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सरकारमाथि प्रश्न

प्रदेशको मात्र नभई सिंगो देशकै इज्जत गिराएको मानव तस्करीजस्तो गम्भीर प्रकृतिको आपराधिक घटनामा प्रदेश तथा संघीय सरकार गम्भीर हुनु आवश्यक छ । एउटा मन्त्रीले मर्यादा उल्लंघन गरी विदेश भ्रमणमा जानु र मानव तस्करहरूसँग जोडिनु प्रदेश सरकारकै असफलताको संकेत हो । मुख्यमन्त्रीले मन्त्रीको क्रियाकलापबाट अनभिज्ञ रहेको दाबी गर्नु हास्यास्पद मात्र होइन, जिम्मेवारीको उपहास पनि हो । यस्ता घटनामा नीतिगत कडाइ नगर्नु र अपराधमा संलग्नलाई राजनीतिक संरक्षण प्रदान गर्नुले सरकारको चरित्रमाथि गम्भीर प्रश्न खडा गरेको छ । मन्त्रीको गैरजिम्मेवारीका कारण प्रदेशको इज्जत धुलोमा मिलाइएको छ । सिंगो प्रदेशकै इज्जतमाथि प्रहार भएको अवस्थामा पनि सरकार चुपचाप बस्नु लज्जास्पद छ ।

● **पुरुषोत्तम नेपाल**, चौतारा साँगाचोकगढी-४, सिन्धुपाल्चोक
nepalpurushotam09@gmail.com

खेलकुदमा राजनीति किन ?

'खेलकुदमन्त्री र सदस्यसचिवबिचको टकरावले दसौं राष्ट्रिय खेलकुद समयमै नहुने' शीर्षकको समाचार पढेपछि केही प्रश्न सोध्न मन लाग्यो । के लाज नभएकाजति सबै खेलकुद मन्त्रालयमा जम्मा हुन्छन् हो ? नत्र, पवित्र खेल भावनासाथ अनुशासित भई खेलकुद विकासमा समर्पित हुनुपर्ने मन्त्रालय जहिल्यै खेलकुदको विनाशमा किन तल्लीन देखिन्छ ? के मन्त्री र सदस्यसचिवबिचको जुँगा र फोहोरी राजनीतिको लडाइँमा जहिल्यै खेलकुद क्षेत्र किन मिचिनुपर्छ ? के खेलकुदमा राजनीति खेल्न छाडेर खेल मात्र खेल्न हुँदैन ?

● **अपूर्व लोहनी**
सानेपा, ललितपुर

पाठ्यक्रम राम्रो बनाऊ

पाठ्यक्रम विकास केन्द्रले कक्षा १० को सामाजिक विषयको पाठ्यक्रम दुई वर्षमै परिवर्तन गर्न लागेको समाचार पढियो । केन्द्रको यो प्रयास गलत छैन । तर, सामाजिक विषयको पाठ्यक्रम, त्यसअनुसार तयार गरिएको पाठ्यपुस्तक र केन्द्रले तयार गरेको ग्रिडअनुसार सोधिने प्रश्नपत्र सबै नै विद्यार्थीको उमेर, स्तर र क्षमताअनुसार पटक्कै मिल्दोजुल्दो छैन । पाठ्यपुस्तक र परीक्षामा सोधिने प्रश्नपत्र दुवै विद्यार्थीका लागि बोझिला छन् । त्यसैले, अब परिमार्जन हुँदै गर्दा यसमा ध्यान पुऱ्याएर राम्रो पाठ्यक्रम तयार गरियोस् ।

● **सुमना मुल्मी**
गठ्ठाघर, भक्तपुर

निर्वाचन प्रणालीमा सुधार गरौं

नेताले साँच्चै राजनीतिक स्थायित्व चाहेको हो भने पहिलो नम्बरमा निर्वाचन प्रणालीमा सुधार गर्नुपर्छ । हाम्रो निर्वाचन प्रणाली साँरै महँगो र अव्यवस्थित छ । पैसा हुनेले दलको टिकट पाउँछन् र पैसा हुनेले निर्वाचन जित्छन् । राम्रालै भन्दा हाम्रालै अवसर पाउँछन् । जबसम्म यस्तो प्रवृत्तिको अन्त्य हुँदैन, तबसम्म देशले राजनीतिक स्थायित्व पाउन सक्दैन । बोलेर मात्र देशमा समृद्धि आउँदैन । त्यसका लागि केही महत्त्वपूर्ण काम पनि गर्नुपर्छ । ६ दशक नाघेका नेताले अहिले नगरे कहिले गर्ने ?

अझ समस्याका रूपमा देखिएको समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली यो त देशका लागि ऐंजेरु साबित भएको छ । हिजो संविधान बनाउँदा सबै जातजाति, भाषाभाषीको पहुँच होस् भन्नका लागि समानुपातिक निर्वाचन प्रणाली राखीयो । त्यो ठिक पनि छ । तर, अहिले देशमा संविधान बनिसक्यो, अब केका लागि चाहियो समानुपातिक निर्वाचन प्रणाली ? नेताका आफ्ना मान्छेलाई सांसद या मन्त्री बनाउन हो ? जो व्यक्तिलाई जनताले रुचाउँदैनन् तिनलाई मन्त्री, सांसद बनाउन यो निर्वाचन प्रणाली नहटाइएको प्रस्ट देखिन्छ । जबसम्म समानुपातिक निर्वाचन प्रणाली हट्दैन, तबसम्म एउटा मात्र दलले सरकार बनाउन सक्दैन । जबसम्म एउटा मात्र दलले सरकार बनाउन सक्दैन, तबसम्म देशमा राजनीतिक स्थायित्व आउँदैन । त्यसकारण पनि समानुपातिक निर्वाचन प्रणाली हटाउनुपर्छ । यो प्रणाली हटाउन ढिलो भइसक्यो ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

प्रदर्शनात्मक क्रोधले मुसलमानलाई क्षति

सामाजिक सञ्जालका 'अभियन्ता' सामुदायिक संगठन वा स्थानीय सक्रियतालाई प्रोत्साहन नगरी मुसलमान भएको पीडामा मात्र केन्द्रित हुन्छन्



देश / विदेश

● इस्तिखार अली

मेरो सामाजिक सञ्जालका फिड विश्वभरका मुसलमानको पीडा अर्थात् प्यालेस्टिनीको उत्पीडनदेखि लिएर भारतमा मुसलमानका घर भत्काउने, उत्तर प्रदेशको बहराइचमा राज्यको क्रूरता र भारतीय मुसलमानविरुद्ध व्यापक विभेदबारेका पोस्टले भरिएका हुन्छन् । कष्टप्रद सामग्रीको यो प्रवाहबिच मैले मुसलमान समुदायभित्रै एक समस्याग्रस्त प्रवृत्ति देखेको छु, अर्थात् प्रदर्शनात्मक आक्रोश, जसले बिरलै वास्तविक पहलकदमीलाई सहयोग पुऱ्याउँछ ।

भारतीय मुसलमान समुदायमा एक लोकप्रिय प्रभावशाली व्यक्ति (इन्फ्लुएन्सर) ले हजारौं अनुयायी (फलोअर) पाएका छन् र यिनले उनलाई मार्गदर्शनका लागि हेर्छन् । उनले बारम्बार भारतमा मुसलमानविरोधी हिंसा र विभेदका घटनामा जोड दिँदै पोस्ट गर्छन् । उनले यी मुद्दालाई सामाजिक सञ्जालमा विस्तार गरे पनि समाधानको प्रयास नहुँदा परिस्थिति निराशाजनक लाग्छ । उनका पोस्ट र उनीजस्ता अन्य धेरै सामुदायिक संगठन स्थानीय सक्रियतालाई प्रोत्साहन नगरी मुसलमान भएको पीडामा मात्र केन्द्रित हुन्छन् ।

कुनै पहलकदमीबिना जगाइने सचेतना अर्थपूर्ण हुन्छ भन्ने लाग्दैन । उल्लिखित इन्फ्लुएन्सरले एक साम्प्रदायिक हिंसाको भाइरल भिडियोमा 'संसार कहिले ब्युँझन्छ ?' भन्ने व्यहोराको पोस्ट राखेका थिए । यसलाई समाधानविनाको पीडा देखाउने चक्र भन्दा हुन्छ । वास्तविक समाधान र सामुदायिक निर्माणमा काम गर्ने व्यक्तिका पहलकदमी प्रदर्शनात्मक सामाजिक सञ्जालका पोस्टले ओझेलमा परेका छन् । धेरै असल नियत भएका व्यक्ति यो दुश्चक्रको अनजान स्रोत बनेका छन् । सामाजिक सञ्जालले सीमान्तकृत आवाजका लागि मञ्च र नाफा उत्पादन गर्ने ठाउँका रूपमा काम गर्छ, अर्थात् सामाजिक अभियान बिक्री हुने माल बन्न पुग्छ । सञ्जालले महत्त्वपूर्ण मुद्दामा जागरुकता बढाउँछ, तर क्लिक र लाइकका लागि यी पोस्टको दोहन पनि गर्छ । धेरै युवा मुसलमान पीडादायी सामग्री साझा गर्नुलाई सामाजिक अभियान सञ्चालन गर्नु ठान्छन्, तर त्यस्ता सामग्रीले ल्याउने भनिएको जागरुकताले मात्र परिवर्तन सम्भव छैन । वास्तविक सामाजिक अभियानमा संलग्नता, योजना र पहलकदमी आवश्यक हुन्छ । मैले मेरा केही साथीले अनलाइन उपस्थिति प्रभावकारी सामाजिक अभियान हो भन्ने ठानेको देख्छु, अर्थात् तिनका फिड आक्रोशित पोस्टले भरिएका हुन्छन् । तर, अनुयायी (फलोअर) संख्या बढ्दै जाँदा यी साथी समाधानलाई नभई आफ्नो छवि निर्माणलाई प्राथमिकता दिइरहेका हुन्छन् ।

आक्रोशको यस्तो वस्तुकरणले सामाजिक सञ्जालको पुँजीवादी संयन्त्रलाई इन्धन दिने काम गर्छ, जहाँ क्रोध, शोक, निराशाजस्ता भावना उपभोग्य सामग्रीमा परिणत हुन्छन् । हाम्रो पीडाबाट लाभ उठाउने मञ्च हामीलाई भय, आक्रोश र असहायताको चक्रमा फसाउन निर्माण गरिएको देखिन्छ ।

हिंसा वा विभेदका भिडियो निरन्तर साझा गर्दा प्रायः भय र पीडालाई बलियो बनाउँछ । सशक्तीकरणको सट्टा असहायतालाई निरन्तरता दिन्छ । धेरैजसो स्थानीय रूपमा संगठित वा वास्तविक समुदाय निर्माणमा संलग्न हुनुको सट्टा संकटलाई नै अनलाइनमा राख्ने र आक्रोश पोस्ट गर्नेमा केन्द्रित हुन्छन् । तर, उत्तेजक भावना निर्माण गर्नुबाहेक यी पीडा झल्काउने पोस्टबाट वास्तवमा समुदायले के हासिल गर्छन् ?

लाइक, सेयर र रि-ट्विटमार्फत पीडा झल्काउन गरिएका पोस्टमा आएको प्रमाणीकरणले सशक्तीकरणको भ्रम मात्र दिन्छ । सामाजिक सञ्जालले यिनलाई सामाजिक अभियन्ताका रूपमा मात्र चित्रण गर्छ, तर संलग्नता मामिलामा प्रायः यस्ता अभियन्ता खोक्रो हुने गर्छन् ।



तस्बिर : रोयटर्स

यिनले आफ्नो समुदायको संघर्ष आफ्नो अनलाइन उपस्थिति बढाउन प्रयोग गर्छन् र आफ्ना भावनात्मक प्रतिक्रिया अर्थात् क्रोध एवं शोक अल्गोरिदमबाट हेरफेर भइरहेका छन् भन्ने महसुस नगरीकनै भय र घृणाको चक्रलाई बलियो बनाउँछन् ।

प्रदर्शनात्मक आक्रोशको यो संस्कृतिले मानसिक स्वास्थ्यमा पनि गम्भीर असर गर्छ । नकारात्मक सन्देशको निरन्तर प्रवाहले आत्मविश्वासलाई मात्र कम गर्दैन, यसले समग्र मानसिक अवस्थालाई कमजोर बनाउँछ । हामीमध्ये धेरैले सामाजिक सञ्जालमा अनगन्ती घण्टा बिताउँछौं र प्रायः यसलाई हाम्रो वास्तविक जीवनका जिम्मेवारी र चुनौतीबाट विचलित हुन प्रयोग गर्छौं । आक्रोश र असहायताको यो चक्रले धेरैलाई निराश र हतास महसुस गराउँछ । धेरैले मुसलमानका मुद्दालाई च्यात रुम वा सामाजिक सञ्जालमा मात्रै सीमित गर्न खोज्छन्, जसमा प्रायः वास्तविक संवादलाई प्रोत्साहन आवश्यक पर्ने सूक्ष्मता र हेरचाहमा कमी ल्याउँछ ।

यी इन्फ्लुएन्सर सामाजिक सञ्जाल अभियन्ताका रूपमा देखिएका छन्, यी अभियन्ता सीमान्तकृत समुदायमा जान्छन् र समर्थन प्रस्ताव गर्छन् भने यसले वास्तविक परिवर्तन ल्याउन सक्थ्यो । प्रणालीगत विभेदको सामना गर्नेलाई आश्वासन दिँदा भावनात्मक राहत र एकता निर्माण हुनेछ । अर्थात् 'हामी यहाँ तपाईंका लागि आएका हौं, तपाईंलाई केही चाहिन्छ भने हामीलाई थाहा दिनुहोस्' भन्दा धेरै प्रभावकारी हुन्थ्यो । सामाजिक र राजनीतिक रूपमा सचेत हुन केवल ह्वाट्सएप सन्देश पठाउनु, सोसल मिडिया पोस्ट गर्नु वा आक्रोश रि-ट्विट गर्नुले पुग्दैन । चुनौती भनेको भारतका मुसलमानले भोगेका अन्यायलाई सम्बोधन गर्नु मात्र नभई भाष्यलाई नै पुनः आकार दिनुमा छ, अर्थात् भय र पीडाबाट सशक्तीकरण र स्वायततातर्फको रूपान्तरण आवश्यक छ ।

सामाजिक सञ्जालले मत र आवाजलाई फैलाउन सक्छ, तर अफलाइन गरिएका पहलकदमी नै वास्तवमा महत्त्वपूर्ण हुन्छन् । अहिले सामूहिक जागरणको समय आएको छ, जसले डरलाग्दा कथा बाँड्नुभन्दा पर गएर आशा एवं प्रगतिका कथा सिर्जना गरोस् । हाम्रो समुदायले आफ्नो भाष्यलाई पुनः दाबी गर्न आवश्यक छ, जहाँ हामी निष्क्रिय पीडित नभई उज्ज्वल भविष्य बनाउन सक्षम परिवर्तनको सक्रिय प्रतिनिधि बन्न आवश्यक छ ।

(इस्तिखार जवाहरलाल विश्वविद्यालयका विद्यावारिधिका शोधकर्ता हुन्)
स्क्रोल डट इनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

प्रधानमन्त्रीको भ्रमणअघि एमाले उच्चस्तरीय टोली चीन जाँदै

काठमाडौं/ प्रधानमन्त्री केपी ओलीको औपचारिक चीन भ्रमणअघि एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल नेतृत्वको उच्चस्तरीय टोली बेइजिङ जाने भएको छ। चिनियाँ कम्युनिस्ट पार्टीको निमन्त्रणामा पोखरेल नेतृत्वको १५ सदस्यीय टोली दशदिने भ्रमणका लागि मंगलबार अपराह्न चीन प्रस्थान गर्न लागेको हो।

प्रधानमन्त्री ओलीले १७ देखि २१ मंसिरमा चीन भ्रमण गर्ने तय भएको छ। सरकारले भ्रमणको मिति भने औपचारिक रूपमा सार्वजनिक गरेको छैन। परराष्ट्र मन्त्रालयले भ्रमणको आन्तरिक गृहकार्य गरिरहे पनि समानान्तर रूपमै दुवै देशतर्फ पार्टीगत तहले पनि द्विपक्षीय वार्तामा प्रस्तुत हुने एजेन्डा र सम्भावित सहमतिबारे आन्तरिक गृहकार्य गरिरहेका छन्। पोखरेलको भ्रमणलाई एमालेले पूर्वनिर्धारित भने पनि पार्टीले गर्ने आन्तरिक गृहकार्यकै रूपमा कूटनीतिक वृत्तमा अर्थ्याइएको छ।

■ चिनियाँ राजदूतले भेटे परराष्ट्रमन्त्री

नेपालका लागि चिनियाँ राजदूत चेन सङले परराष्ट्रमन्त्री डा. आरजु राणा देउवासँग सोमबार शिष्टाचार भेट गरेका छन्।

प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणको तयारीबारे छलफल गर्न राजदूत सङ परराष्ट्र मन्त्रालय पुगेका हुन्। भेटमा द्विपक्षीय सम्बन्ध र नेपाल-चीन सहकार्यका विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। प्रधानमन्त्री ओलीको भ्रमण तालिका र एजेन्डाबारे प्रारम्भिक छलफल भएको परराष्ट्र स्रोतले जनाएको छ। भेटमा परराष्ट्रका उत्तरपूर्वी महाशाखा प्रमुख कृष्णप्रसाद ढकाल र चिनियाँ दूतावासका अधिकारीहरू पनि थिए।

लुम्बिनी प्रदेश सरकार
शहरी विकास तथा खानेपानी मन्त्रालय
खानेपानी तथा सरसफाइ कार्यालय
रोल्पा

बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना

सूचना प्रकाशित मिति:- २०८१/०७/२७

यस कार्यालयको तपसिल बमोजिमका बोलपत्र नम्बरहरुका लागि मिति २०८१/०६/२१ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिका तथा E-BID मार्फत प्रकाशित सूचना अनुसार Online दर्ता हुन आएका प्रस्तावहरुमध्ये तपसिलका प्रस्तावहरुलाई गठित मूल्यांकन समितिबाट स्वीकृतका लागि सिफारिस भै आएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित प्रस्तावकहरुलाई जानकारी गराइन्छ।

तपसिल

क्र. सं.	बोलपत्र नं.	फर्म वा कम्पनीको नाम र ठेगाना	मु.अ.कर सहित प्रस्तावित रकम (रु.)	कै
१	WSSO/Rolpa/NCB/Goods/०१।२०८१।०८२	श्री श्याम पोलिमर्स प्रा.लि, रुपन्देही	६३,९४,६७०।००	
२	WSSO/Rolpa/NCB/Goods/०२।२०८१।०८२	श्री हुलास स्टिल ईन्डष्ट्रिज लिमिटेड, काठमाण्डौं	५०,८३,४४८।४६	

कार्यालय प्रमुख

KCM Kathmandu College of Management

काठमाण्डू कलेज अफ् म्यानेजमेन्ट लिमिटेड

ग्वार्को, ललितपुर

२७औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(पहिलो पटक प्रकाशित मिति २०८१/०७/२७)

शेयरधनी महानुभावहरू,

मिति २०८१/०७/२६ गते सोमबार दिउँसो ३:३० बजे बसेको सञ्चालक समितिको १६१औं बैठकको निर्णय बमोजिम यस कलेजको २७औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषयमा छलफल गरी निर्णय गर्न बोलाइएको हुँदा उक्त साधारणसभामा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधि (प्रोक्सी) मुकरर गरी पठाइदिनुहुन सबै शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

साधारणसभा हुने मिति, स्थान र समय

- **मिति** : २०८१/०८/१८ गते, मङ्गलबार अर्थात ३ डिसेम्बर, २०२४।
- **स्थान** : काठमाण्डू कलेज अफ् म्यानेजमेन्ट लिमिटेडको रजिष्टर्ड कार्यालय ल.पु.म.न.पा.वडा नं.-१७ ग्वार्को, ललितपुर।
- **समय** : बिहान ११:०० बजे।

साधारणसभामा छलफल हुने विषयहरू:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन र कम्पनीको वार्षिक आर्थिक विवरण अर्थात २०८१ साल आषाढ मसान्तसम्मको वासलात, २०८० साल श्रावण १ गतेदेखि २०८१ साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. आ.व.२०८१/०८२ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. विविध।

सञ्चालक समितिको निर्णयानुसार,
कम्पनी सचिव

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८१/०७/२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने तथा १५ (पन्ध्र) दिने धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे बापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी पक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

महेन्द्रनगर शाखा, कञ्चनपुर

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भीमदत्तनगर, कञ्चनपुरमा प्रा.फ.नं. ५३/३३३/०४४/४५ अन्तर्गत मिति २०४४/१२/१० मा दर्ता कायम भएको **लक्ष्मी राइस एण्ड फ्लोर मिल**
फर्म दर्ता ठेगाना : भीमदत्त -४, कञ्चनपुर
स्थायी लेखा नं. ३०१७८०३४८, मिति २०७३/१२/२०
प्रोप्राईटर : लक्ष्मी देवी नाथ
कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड, अल्पकालिन तथा आवधिक कर्जा

२. प्रदेश सरकार, सुदुरपश्चिम प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कञ्चनपुरमा प्रा.फ.र.नं. १०७१४/०६१/६२ अन्तर्गत मिति २०६१/११/२३ मा दर्ता कायम भएको **बाशु न्यु ट्रेडर्स एण्ड सप्लायर्स**
फर्म दर्ता ठेगाना : कञ्चनपुर महेन्द्रनगर न.पा. -१५, कञ्चनपुर
स्थायी लेखा नं. ३०१७८०३४८, मिति २०६१/११/२७
प्रोप्राईटर : लक्ष्मी देवी नाथ
कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड तथा आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

वासु देव नाथ
ना.प्र.नं. ७५१००१/१५६४६, जारी मिति २०६९/०३/०४, जि.प्र.का. कञ्चनपुर
बाबुको नाम : हरिलाल नाथ
बाजेको नाम : उद्धव नाथ
स्थायी ठेगाना : भीमदत्त न.पा. -१५, कञ्चनपुर

लक्ष्मी देवी नाथ
ना.प्र.नं. ५७८००७६, जारी मिति २०५४/०४/०७, जि.प्र.का. कञ्चनपुर
पतिको नाम : हरिलाल नाथ
ससुराको नाम : उद्धव नाथ
स्थायी ठेगाना : महेन्द्रनगर -१५, कञ्चनपुर
हालको ठेगाना : भीमदत्त न.पा. -१५, कञ्चनपुर

धितोको विवरण

घर/जग्गाको विवरण

१. उद्धव नाथको बुहारी, हरीलाल नाथको पत्नी, लक्ष्मीदेवी नाथको नाममा मालपोत कार्यालय कन्चनपुरमा दर्ता श्रेस्ता कायम रहेको
   क. कन्चनपुर जिल्ला, महेन्द्रनगर गा.वि.स./न.पा. वडा नं. १५ (निगलासैनी उच्च मा.वि. नजिक) स्थित कि.नं. १७१४ को क्षेत्रफल ३१२२.५० व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
   ख. कन्चनपुर जिल्ला, कालिका गा.वि.स./न.पा. वडा नं. ६ (पुनर्वास नगरपालिका १ नं. वडा कार्यालय नजिक) स्थित कि.नं. १०८६ र २०२४ को क्षेत्रफल क्रमश : १७६५.०० र ६७५५.०० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणी लक्ष्मी राइस एण्ड फ्लोर मिलका मात्र धितो सुरक्षण रहेको

उद्धव नाथको बुहारी, हरीलाल नाथको पत्नी, लक्ष्मीदेवी नाथको नाममा मालपोत कार्यालय महेन्द्रनगर, कन्चनपुरमा दर्ता श्रेस्ता कायम रहेको कन्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. ४ (निगलासैनी उच्च मा.वि. नजिक) स्थित कि.नं. ८८९ को क्षेत्रफल १३००.०० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

इटहरी शाखा, सुनसरी

ऋणीको विवरण

हरि नारायण चौधरी
ना.प्र.नं. १५३/११२१, जारी मिति २०४६/०२/०४, जि.प्र.का. सुनसरी
बाबुको नाम : फुजिलाल चौधरी
बाजेको नाम : सिताराम चौधरी
स्थायी ठेगाना : खनार -६, सुनसरी
हालको ठेगाना : इटहरी उ.म.न.पा. -१३, सुनसरी
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

प्रभाष चौधरी
ना.प्र.नं. ०६-०१-७७-०१४९८
जारी मिति २०७७/०६/१८
जि.प्र.का. सुनसरी
बाबुको नाम : हरि नारायण चौधरी
बाजेको नाम : फुजिलाल चौधरी
स्थायी ठेगाना : इटहरी उ.म.न.पा. -१३, सुनसरी

श्रीमती सुनिता चौधरी
ना.प्र.नं. ४८६३२/५०६३२
जारी मिति २०५६/०५/०३, जि.प्र.का. सुनसरी
पतिको नाम : हरि नारायण चौधरी
ससुराको नाम : फुजिलाल चौधरी
स्थायी ठेगाना : खनार -६, सुनसरी
हालको ठेगाना : इटहरी उ.म.न.पा. -१३, सुनसरी

धितोको विवरण

घरजग्गाको विवरण

सिताराम चौधरीको नाति, कुजिलाल चौधरीको छोरा, हरिनारायण चौधरीको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, खनार गा.वि.स./न.पा. वडा नं. ६ क (श्री शारदा माध्यमिक विद्यालय नजिक) स्थित कि.नं. १६६८ को क्षेत्रफल ०-१-०-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

हरिवन शाखा, सर्लाही

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्रा.फ.नं. ६०७१/०७५/०७६ अन्तर्गत मिति २०७५/०६/१५ मा दर्ता कायम भएको **आभाष इलेक्ट्रोनिक्स पसल**
फर्म दर्ता ठेगाना : हरिवन न.पा. -९, सर्लाही
स्थायी लेखा नं. ६०८५५९९३५, मिति २०७५/०६/१५
प्रोप्राईटर : युवराज उप्रेती
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

युवराज उप्रेती
ना.प्र.नं. १९३०८९/७९७
जारी मिति २०६३/१२/२५
जि.प्र.का. सर्लाही
बाबुको नाम : कृष्ण प्रसाद उप्रेती
बाजेको नाम : इन्द्र बहादुर
स्थायी ठेगाना : हरिवन न.पा. -९, सर्लाही

सिर्जना दाहाल (उप्रेती)
ना.प्र.नं. १९/२०८९/१९८८
जारी मिति २०६९/१२/०५, जि.प्र.का. सर्लाही
बाबुको नाम : दुयल कुमार दाहाल
पतिको नाम : युवराज उप्रेती
ससुराको नाम : कृष्ण प्रसाद उप्रेती
स्थायी ठेगाना : हरिवन -४, सर्लाही
हालको ठेगाना : हरिवन न.पा. -९, सर्लाही

धितोको विवरण

घरजग्गाको विवरण

इन्द्र बहादुरको नाति, कृष्ण प्रसाद उप्रेतीको छोरा, युवराज उप्रेतीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन गा.वि.स./न.पा. वडा नं. २ छ (बसन्तपुर प्रा.वि. नजिक) स्थित कित्ता नं. ११२, १०६ र १०७ को क्षेत्रफल क्रमश : ०-०-१७-०, ०-३-२-० र ०-१-०-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

जिरीखिम्ती शाखा, तेह्रथुम

ऋणीको विवरण

मन्जु दर्जी
ना.प्र.नं. ०८३०२५/३१५, जारी मिति २०६३/११/१४, जि.प्र.का. तेह्रथुम
बाबुको नाम : केदार खड्का
पतिको नाम : श्याम बहादुर दर्जी
ससुराको नाम : रन बहादुर दर्जी
स्थायी ठेगाना : ओयाक्जुङ - ५, तेह्रथुम
हालको ठेगाना : मेन्छ्यायेम गा.पा. - ५, तेह्रथुम
कर्जा शिर्षक : घर कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

श्याम बहादुर दर्जी
ना.प्र.नं. २५५१५/१२२, जारी मिति २०५२/०७/०५
जि.प्र.का. तेह्रथुम
बाबुको नाम : रन बहादुर दर्जी
बाजेको नाम : भगीरथ दर्जी
स्थायी ठेगाना : ओयाक्जुङ - ५, तेह्रथुम
हालको ठेगाना : मेन्छ्यायेम गा.पा. - ५, तेह्रथुम

रचना लावर
ना.प्र.नं. ०८-०१-७५-००२७०
जारी मिति २०७५/०२/२५, जि.प्र.का. तेह्रथुम
बाबुको नाम : श्याम बहादुर दर्जी
बाजेको नाम : रन बहादुर दर्जी
स्थायी ठेगाना : मेन्छ्यायेम - ५, तेह्रथुम
हालको ठेगाना : मेन्छ्यायेम गा.पा. - ५, तेह्रथुम

धितोको विवरण

घरजग्गाको विवरण

केदार खड्काको छोरी, रन बहादुरको बुहारी, श्याम बहादुरको पत्नी, मञ्जु दर्जीको नाममा मालपोत कार्यालय तेह्रथुममा दर्ता श्रेस्ता कायम रहेको तेह्रथुम जिल्ला, मोराहाङ्ग गा.वि.स./न.पा. वडा नं. ३ (मोराहाङ्ग बजार) स्थित कि.नं. २७० को क्षेत्रफल ०-४-३-० रोपनीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ताप्लेजुङ शाखा, ताप्लेजुङ

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, ताप्लेजुङ्गमा लघु उद्यम दर्ता नं. ७९/०७५/७६ अन्तर्गत मिति २०७५/०५/२६ मा दर्ता कायम भएको **बरबोटे कृषि फार्म**
फर्म दर्ता ठेगाना : फुङलिङ न.पा. - ८, ताप्लेजुङ
स्थायी लेखा नं. ६०८४४७३४८, मिति २०७५/०५/२९
प्रोप्राइटर : वीर कुमार लिम्बु
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

वीर कुमार लिम्बु
ना.प्र.नं. २०४३५/२२७५
जारी मिति २०५०/१२/१७
जि.प्र.का. ताप्लेजुङ
बाबुको नाम : पधजुङ लिम्बु
बाजेको नाम : केर सिंह लिम्बु
स्थायी ठेगाना : तेल्लोक - १, ताप्लेजुङ
हालको ठेगाना : फुङलिङ न.पा. - ८, ताप्लेजुङ

सावित्रा लिम्बु
ना.प्र.नं. ६६७७३/४२१२, जारी मिति २०६३/०४/२५, जि.प्र.का. ताप्लेजुङ
बाबुको नाम : पृथ बहादुर लिम्बु
पतिको नाम : वीर कुमार लिम्बु
ससुराको नाम : पधजुङ लिम्बु
स्थायी ठेगाना : तेल्लोक - १, ताप्लेजुङ
हालको ठेगाना : फुङलिङ न.पा. - ८, ताप्लेजुङ

धितोको विवरण

घरजग्गाको विवरण

प्रसाद सिंको नातिनि, पृथ बहादुरको छोरी, पधजुङ लिम्बुको बुहारी, वीर कुमार लिम्बुको पत्नी, सावित्रा लिम्बुको नाममा मालपोत कार्यालय, ताप्लेजुङमा दर्ता श्रेस्ता कायम रहेको ताप्लेजुङ जिल्ला, दोखु गा.वि.स./न.पा. वडा नं. ९ (ताप्लेजुङ मालपोत कार्यालय नजिक) स्थित कित्ता नं. ७९९ को क्षेत्रफल ०-४-०-० रोपनीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

जनकपुर शाखा, धनुषा

ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय जनकपुरधाम, धनुषामा प्रा.फ.द.प्र.प.नं. १०५०७/४०७/०७५/७६ अन्तर्गत मिति २०७५/०८/१६ मा दर्ता कायम भएको **सोनी फर्निचर उद्योग**
फर्म दर्ता ठेगाना : हंसपुर न.पा. - ५, धनुषा
स्थायी लेखा नं. ६०८८२००२८, मिति २०७५/०८/१६
प्रोप्राइटर : राम दयाल मंडल
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

राम दयाल मंडल
ना.प्र.नं. ९०५७२०३१, जारी मिति २०५६/०९/२६, जि.प्र.का. धनुषा
बाबुको नाम : लटु मंडल केवट
बाजेको नाम : ढोढाई मंडल केवट
स्थायी ठेगाना : सुगा निकास - ६, धनुषा
हालको ठेगाना : हंसपुर न.पा. - ५, धनुषा

व्यक्तिगत जमानत दिनेको विवरण

विन्देश्वर मंडल
ना.प्र.नं. १७३०६७/९२
जारी मिति २०७०/०२/१७, जि.प्र.का. धनुषा
बाबुको नाम : राम गुलाम मंडल केवट
बाजेको नाम : लटु मंडल केवट
स्थायी ठेगाना : सुगा निकास - ६, धनुषा
हालको ठेगाना : हंसपुर न.पा. - ५, धनुषा

चन्देश्वर मंडल
ना.प्र.नं. १७-०१-७५-०६२३७
जारी मिति २०७५/०४/२३, जि.प्र.का. धनुषा
बाबुको नाम : राम गुलाम मंडल केवट
बाजेको नाम : लटु मंडल केवट
स्थायी ठेगाना : हंसपुर न.पा. - ५, धनुषा

राम गुलाम मंडल केवट
ना.प्र.नं. ९०५७१५९८
जारी मिति २०४४/१२/२५, जि.प्र.का. धनुषा
बाबुको नाम : लटु मंडल केवट
बाजेको नाम : ढोढाई मंडल केवट
स्थायी ठेगाना : सुगा निकास - ६, धनुषा
हालको ठेगाना : हंसपुर न.पा. - ५, धनुषा

राम सखि देवी
ना.प्र.नं. १७३०६७/६२५
जारी मिति २०६३/१२/२५, जि.प्र.का. धनुषा
बाबुको नाम : सिताराम मंडल
पतिको नाम : राम अशिष मंडल
ससुराको नाम : लटु मंडल केवट
स्थायी ठेगाना : सुगा निकास - ६, धनुषा
हालको ठेगाना : हंसपुर न.पा. - ५, धनुषा

सिता देवी
ना.प्र.नं. ९०५७१७०८
जारी मिति २०४४/१२/२९, जि.प्र.का. धनुषा
बाबुको नाम : राम प्रसाद मंडल
पतिको नाम : राम गुलाम मंडल
ससुराको नाम : लटु मंडल केवट
स्थायी ठेगाना : सुगा निकास - ६, धनुषा
हालको ठेगाना : हंसपुर न.पा. - ५, धनुषा

मानकी देवी
ना.प्र.नं. १७३०६७/६२४
जारी मिति २०६३/१२/२५, जि.प्र.का. धनुषा
बाबुको नाम : बद्री मण्डल
पतिको नाम : राम दयाल मंडल
ससुराको नाम : लटु मंडल केवट
स्थायी ठेगाना : सुगा निकास - ६, धनुषा
हालको ठेगाना : हंसपुर न.पा. - ५, धनुषा

धितोको विवरण

जग्गाको विवरण

१. ढोढाई मण्डल केवटको नाति, लटु मण्डल केवटको छोरा, राम दयाल मण्डलको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, सुगा निकास गा.वि.स./न.पा. वडा नं. ३ (सुगा निकास बजार नजिक) स्थित कि.नं. ११३७ को क्षेत्रफल ०-०-८-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. ढोढाई मण्डल केवटको नाति, लटु मण्डल केवटको छोरा, राम गुलाम मण्डल केवटको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, सुगा निकास गा.वि.स./न.पा. वडा नं. ३ (सुगा निकास बजार नजिक) स्थित कि.नं. १०३१ को क्षेत्रफल ०-०-५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अड्चनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पुर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ मंसिर ०३ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८१ मंसिर ०४ गते
समय : दिउँसो ३ बजे
स्थान : सम्बन्धित शाखा कार्यालयमा

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय : कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००

डेमोक्रेट्सको हारको सम्पूर्ण दोष बाइडेनमाथि

चुनावी अभियान परित्याग गर्नुअघि बाइडेनले मतदातासामु छनोट दुई उम्मेदवारको नभएर प्रजातन्त्रको भन्ने गर्थे, तर उनले भनाइअनुरूप व्यवहार देखाएनन्



● जोस ब्यारो

अमेरिकामा यो साता सम्पन्न राष्ट्रपतीय निर्वाचनमा डेमोक्रेटिक पार्टीकी उम्मेदवार कमला हयारिस पराजित भइन् । यस हारका लागि म उनलाई दोष दिन्न । कम्तीमा पछिल्लो समयका उनका कुनै कृत्य दोष लगाउने खालका छैनन् । जुलाईमा पार्टीका अनौपचारिक उम्मेदवार बनेदेखि उनले आफ्नो क्षमताले भ्याएसम्म कठिन स्थितिलाई सम्हाल्ने प्रयास गरिन् । उनले एक अनुशासित चुनावी अभियानको नेतृत्व गर्दै अधिकांश अमेरिकीलाई उनीहरूले भोगिरहेको आर्थिक समस्याप्रति आश्वस्त बनाउने प्रयास गरिन् । विश्वभर सत्तारुढ दल र उनकै दलले प्रतिकूलता सामना गरिरहेको समयमा हयारिस चुनावमा उठेकी थिइन् ।

डेमोक्रेटिक पार्टीको अहिलेको हारको मुख्यतः जिम्मेवार राष्ट्रपति बाइडेन हुन्, जसको शासकीय रेकर्डलाई न त हयारिसले प्रभावकारी प्रतिरक्षा गर्न सकिन्, न त त्यसबाट दूरी नै कायम गर्न सकिन् । बाइडेनको शासनमा उपराष्ट्रपति भएकै कारण हयारिस प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पको सहज निसाना बनिन् । चुनावी अभियान परित्याग गर्नुअघि बाइडेनले मतदातासामु छनोट दुई उम्मेदवारको नभएर प्रजातन्त्रको भन्ने गर्थे । तर, बाइडेन स्वयंले भनाइअनुरूप व्यवहार देखाएनन् । उनका हरेक व्यवहार डेमोक्रेट्सलाई चुनाव जिताउने खालको हुनुपर्थ्यो, तर त्यो भएन । उनले आफ्नो पहिचानलाई पार्टीभन्दा अगाडि राखे ।

बाइडेनको चुनावी प्रवृत्ति सधैं यस्तो गलत थिएन । सन् २०२० को प्राइमरी निर्वाचन अभियानका क्रममा बाइडेनले डेमोक्रेटिक पार्टीभित्र हाबी भइरहेको वामपन्थी उभारले चुनावमा नकारात्मक असर गर्ने बुझेजस्तो देखिन्थ्यो । त्यसैले उनले हयारिसले जस्तो फर्जी व्यवसायलाई प्रतिबन्ध लगाउने वा निजी स्वास्थ्य बिमा उन्मूलन गर्नुपर्नेजस्ता वाचा कहिल्यै गरेनन् । न त उनले कहिल्यै एसिएलयू प्रश्नावली नै भरे । हयारिसले भने यस्तो फर्म भरेर कैदी तथा पक्राउ परेका आप्रवासीको लिंग परिवर्तन गर्ने शल्यक्रियालाई संघीय अनुदान दिइने कुरामा समर्थन जनाएकी थिइन् ।

बाइडेनको गल्ती खासमा सन् २०२० मै सुरु भएको थियो । त्यो वर्ष पार्टीभित्र राष्ट्रपति उम्मेदवारीका लागि भएको प्रतिस्पर्धा जितेपछि उनको पहिलो सबैभन्दा ठुलो भूल थियो- हयारिसलाई उपराष्ट्रपति उम्मेदवार बनाउनु । त्यस निर्णयले नै सन् २०२४ मा डेमोक्रेटिक पार्टीको हारको भविष्य कोरिसकेको थियो । उपराष्ट्रपति उम्मेदवार चुनिनुअघि ह यारिस आफैं राष्ट्रपति उम्मेदवारको प्रतिस्पर्धामा उत्रिएकी थिइन् । वास्तवमा सन् २०२० को राष्ट्रपति उम्मेदवारका लागि पार्टीभित्र भएको प्रतिस्पर्धामा हयारिसले देखाएको कमजोरीलाई टेकेर नै बाइडेनले यसपटक पुनः उम्मेदवारी दिएका थिए । जुन महिनाको राष्ट्रपतीय उम्मेदवारबिचको बहसमा खराब प्रदर्शनअघि बाइडेनको पुनः उम्मेदवारपछाडि उनी र उनका समर्थकको तर्क एकदम सीधा थियो- 'हयारिसले सन् २०१९ को डेमोक्रेटिक प्राइमरीमा निकै खराब प्रदर्शन गरेकी थिइन् । त्यसैले बाइडेनले उम्मेदवारी दिएनन् भने हयारिसलाई उम्मेदवार बनाउनुपर्ने हुन्छ, जसले जित सुनिश्चित गर्दैन ।'

सन् २०२० मा बाइडेनले एमी क्लोबचर वा ग्रेचेन हवाइमरलाई उपराष्ट्रपति बनाएको भए अहिलेको हिसाब धेरै भिन्न हुने थियो । बलियो उपराष्ट्रपतिलाई देखेर सम्भवतः बाइडेनले उम्मेदवारी परित्याग गर्नुपर्छ भन्ने माग धेरै पहिले नै चर्को रूपमा उठ्ने थियो । र, ती दुईमध्ये जो पनि डेमोक्रेटिक पार्टीका बलियो उम्मेदवार हुने थिए । उनीहरूलाई अतिवादी वा यथार्थको जानकार नभएको उम्मेदवारका रूपमा सहजै आक्रमण गर्न सकिँदैनथ्यो । सम्भवतः उनीहरू अहिले राष्ट्रपति निर्वाचित भएका हुने थिए ।

राष्ट्रपति बनिसकेपछि बाइडनेले हयारिसलाई बेवास्ता गरे । सन् २०२१ को प्रारम्भमा उनले आफ्ना उपराष्ट्रपतिलाई गैरकानुनी आप्रवासनको 'मूल कारण' सम्बोधन गर्ने जिम्मेवारी प्रदान गरे । बाइडेनले ढिलो गरी यो वर्ष मात्रै अमेरिकी आश्रय प्रणालीको दुरुपयोग रोक्ने उद्देश्यसहित राष्ट्रपतीय विशेष निर्देशन 'एक्स्युकेटिभ अडर्स' जारी गरे । जबकि अनियमित आवागमनको लहर उनको राष्ट्रपतिकालको मूल



तस्बिरः गेटी इमेज

> बाइडेनको गल्ती खासमा सन् २०२० मै सुरु भएको थियो । त्यो वर्ष पार्टीभित्र राष्ट्रपति उम्मेदवारीका लागि भएको प्रतिस्पर्धा जितेपछि उनको पहिलो सबैभन्दा ठुलो भूल थियो- हयारिसलाई उपराष्ट्रपति उम्मेदवार बनाउनु । त्यस निर्णयले नै सन् २०२४ मा डेमोक्रेटिक पार्टीको हारको भविष्य कोरिसकेको थियो ।

विशेषता रहयो । बाइडेन एकातर्फ सीमा समस्या सम्बोधन गर्न असफल रहे भने अर्कोतर्फ यसको दोष उपराष्ट्रपति हयारिसमाथि पर्नबाट रोक्न पनि सकेनन् ।

बाइडेनको सीमा असफलता खासमा डेमोक्रेट्सहरू को दोस्रो ठुलो राजनीतिक समस्या रहयो । सबैभन्दा ठुलो समस्या त महँगी (मुद्रास्फीति) थियो, जुन खासमा अमेरिकाको मात्र नभई विश्वव्यापी परिघटना हो । तर, बाइडेनका कदमले त्यो समस्या अमेरिकामा थप विकराल बन्यो । सन् २०२१ मा उनले ल्याएको 'अमेरिकन रेस्क्युन प्लान' नामक अति विशाल आर्थिक प्याकेजले अर्थतन्त्रलाई थप ततातउन सघायो । महँगी घटाउने नीति उनको प्राथमिकतामै परेन । त्यसैले त उनी सन् २०२२ को अधिकांश समय बाइडेन डेमोक्रेटिक स्वास्थ्य समूहले माग गरेअनुरूपको खर्च प्याकेज पारित गर्ने उपाय खोजिरहेका थिए । परिणामस्वरूप अमेरिकामा वस्तुको मूल्य निकै उच्च रहयो । ढिलो गरी महँगीविरुद्धको लडाइँ लड्ने जिम्मेवारी फेडरल रिजर्भले पायो, जसका लागि उसले ब्याजदर बढायो । बाइडेनको लोकप्रियता घटिरहेको थियो । तर, सन् २०२२ मा सम्पन्न मध्यावधि निर्वाचनमा डेमोक्रेटिक पार्टीले संसद्मा लाभ हासिल गऱ्यो । कन्जर्भेटिभ न्यायाधीशहरूको बाहुल्य रहेको सर्वोच्च अदालतले 'रो भर्सेस वेड' फिर्ता गरेका कारण मतदाताको आक्रोशित प्रतिक्रियाले डेमोक्रेटिक पार्टीलाई फाइदा पुऱ्याएको थियो । डेमोक्रेट्सहरू विपत्बाट बच्न सफल भए । विशेषतः सिनेट निर्वाचनमा तिनले एक सिटको अग्रता हासिल गरे । तथापि तिनले तल्लो सदन 'हाउस अफ रिप्रिजेन्टेटिभ्स'को बहुमत गुमाए, जुन आमअपेक्षाअनुरूप फराकिलो भने रहेन ।

मध्यावधिको सफलतालाई बाइडेनले उनको नेतृत्वको अनुमोदनका रूपमा लिए । त्यही चुनावी परिणामको बलमा उनले राष्ट्रपति पदमा पुनः उम्मेदवारी दिए । उता रिपब्लिकन पार्टीका उम्मेदवार पुनः डोनाल्ड ट्रम्प बने । बिचको समयमा बाइडेन र उनका नजिकका सहयोगी डेमोक्रेटिक पार्टीका नेता र आमसर्वसाधारणलाई उनको खस्किँदो शारीरिक क्षमता लुकाउन व्यस्त रह्यो । जुन महिनाको राष्ट्रपतीय बहसपछि समेत बाइडेन र उनका समर्थकले एक महिनासम्म उनी पूर्णतः सक्षम रहेको दाबी गरिरहे । जुलाई महिनामा उम्मेदवार परित्याग गर्दासम्म उनका विकल्प हयारिसबाहेक अरू छान्ने प्रक्रिया अवलम्बन गर्न सम्भवतः धेरै ढिलो भइसकेको थियो ।

आफ्नो उम्मेदवारी त्यागेलगत्तै बाइडेनले हयारिसको उम्मेदवारीलाई समर्थन जनाए । त्यो समयमा पार्टीलाई हयारिसको उम्मेदवारीप्रति निर्विरोध समर्थन गर्नु उत्कृष्ट विकल्प थियो । पार्टी सम्मेलनमा उम्मेदवार चयनका लागि प्रतिस्पर्धा गराउन धेरै समय र स्रोत खर्च हुने थियो । र, उक्त प्रतिस्पर्धाबाट पनि सम्भवतः हयारिस नै चुनिने सम्भावना रहन्थ्यो । साथै पार्टीभित्र एकता देखाउने प्रयासमा धक्का पनि लाग्ने थियो । यदि बाइडेनले पहिले नै उम्मेदवारी त्यागेका भए (मानौं मध्यावधि निर्वाचनपछि) प्राइमरी चुनावका लागि समय रहन्थ्यो । त्यस प्रक्रियाबाट हयाइटमर अथवा जोस स्यापिरोजस्ता बिलकुलै फरक उम्मेदवार छानिन सक्थे । फरक उम्मेदवारले फरक नतिजा ल्याउँथे भनेर ठोकुवा गर्न त सकिँदैन । तर, उनीहरूले बाइडेनका शासकीय रेकर्डको स्वच्छन्दताका साथ आलोचना गर्न सक्थे ।

उम्मेदवारी परित्यागपछि पनि पर्दापछाडि राष्ट्रपति र उनका नजिकका सहयोगी उनलाई बलपूर्वक हटाइएकोमा रुष्ट रहेको समाचार आइरह्यो । ती मानिस आफ्ना थेरापिस्टसँग भन्नुपर्ने कुरा पत्रकारलाई भनिरहेका थिए । र, चुनावी अभियानमा उनको उपस्थिति लाभभन्दा हानि हुने समयमा पनि उनी अभियानमा सरिक हुन छाडेनन् । चुनाव आउन एक साताअघि मात्र बाँकी रहेको समय बाइडेनले एक 'जुम' मिटिङमा ट्रम्पका समर्थकलाई 'फोहोर'सँग तुलना गरेपछि विवाद भएको थियो । हुन त यही एउटा घटनाले अन्तिम परिणाम प्रभावित पारेन होला, तर यो घटना बाइडेन डेमोक्रेट्सलाई जिताउन सहयोगी नरहेको अर्को उदाहरण बन्यो । जबकि उनले चुपो लागे मात्र पनि धेरै सहयोग पुग्ने थियो । त्यसलगायत अन्य धेरै कुरामा उनी असफल रहे । यी सब कारणले डेमोक्रेटिक पार्टीको हारका लागि बाइडेनको कठोरता मूल्यांकन हुनु जायज छ ।

'सेरियस ट्रबल'पोडकास्टका प्रस्तोता जोस ब्यारो 'भेरी सिरियस' न्युजलेटरमा पनि लेख्छन् ।
- द न्युयोर्क टाइम्सबाट

इतिहासमा आज



सन् १९१२ : स्पेनी प्रधानमन्त्री जोसे क्यानालेजसको हत्या । अराजकतावादी म्यानुअल पार्डिनासले उनको हत्या गरेका थिए ।

सन् १९८० : अमेरिकी अन्तरिक्ष अनुसन्धान यान भोयगर १ शनिग्रहमा पुग्न सफल ।

सन् १९८४ : अन्तरिक्षमा पहिलो उद्धार कार्य सम्पन्न । अन्तरिक्षयात्रीहरू डेल ए गार्डनर र जोसेफ पी एलनले स्पेस सटल डिस्कभरीमा दुईवटा उपग्रहहरू (पालापा बी-२ र वेस्टार ६) का भागहरू बचाउनका लागि अन्तरिक्ष पदयात्राको एक शृंखला प्रदर्शन गरे । ती उपग्रह आफ्ना कक्षबाट टाढा गएका थिए ।

सन् १९१२ : स्पेनी प्रधानमन्त्री जोसे क्यानालेजसको हत्या । अराजकतावादी म्यानुअल पार्डिनासले उनको हत्या गरेका थिए ।

धितोमा रहेको सम्पत्ति शिलबन्दी बोलपत्र आव्हानद्वारा बिक्री गरिनेबारे दोस्रो पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८१।०७।२७ गते)

यस बैंकका देहायका शाखा कार्यालयहरूबाट निम्न बमोजिम कर्जा तथा सुविधा लिने ग्राहकहरूले म्यादभित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिका मिति २०८१।०२।३० मा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना गर्दा समेत कर्जा चुक्ता नभएकाले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ, यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकमा आई आफूले उपभोग गरेको साँवा तथा कर्जा चुक्ता गर्ने अधिल्लो दिनसम्मको ब्याज र अन्य लेना रकमसमेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ग्राहक र धितो मन्जुरीनामा दिनुहुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै, यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकको अनुकूल समयमा बैंक आफैले सकार गर्न सक्ने ब्यहोरासमेत जानकारी गराइएको छ ।

यो सूचना बमोजिम १५ (पन्ध्र) दिनभित्र चुक्ता नभएमा तपसिलमा उल्लेखित चलअचल सम्पत्ति जे/जस्तो अवस्था र परिमाणमा छ सोहीअवस्थामा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्रमार्फत् खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ/संस्थाले यो सूचना प्रकाशित भएको १६औं दिन वा सोभन्दा अगाडि नै शाखा कार्यालय तानसेन पाल्पामा कार्यालय समयभित्र आईपुग्ने गरी निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । बोलपत्र सूचना प्रकाशन भएको १६औं दिन वा सो दिन सार्वजनिक बिदा परेको भएमा बिदापश्चात् लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र फारममा उल्लेखित शर्तहरूको अधिनमा रही रीतपूवर्क दर्ता हुन आएका बोलपत्र फारमहरू दिनको १२ बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुनसमेत जानकारी गराइन्छ । तर बोलपत्रदाताका अनुपस्थितले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

तपसिल

गोप्य सिलबन्दी पेश गर्ने अन्तिम मितिः २०८१ साल मंसिर महिना ११ गते, **धितो लिलाम बिक्री हुने मितिः** २०८१ साल मंसिर महिना १२ गते,
सम्बन्धित कार्यालय तथा लिलाम हुने स्थानः कृषि विकास बैंक लि., शाखा कार्यालय तानसेन, पाल्पा, **ग्राहकको नामः** श्रेष्ठ निर्माण सेवा,
दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा, **फर्मको दर्ता नं.** १४९१/०६३/०६४ **दर्ता मितिः** २०६३।०९।२४, **पान नं.** ३०२४५९५०४

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
सरल ठेक्का कर्जा/मि.नं.९४९६/ ग्राहक नं.५५१६६६	अर्पणा श्रेष्ठ	रुपन्देही	गंगोलिया	१ख	५८५	०-१-४.५-०
	सुजन श्रेष्ठ	पाल्पा	बर्तुङ्ग	९	८२८,८३१	०-२-२-२, ०-१-१-२
	अर्पणा श्रेष्ठ	पाल्पा	बन्दिपोखरा	०१	१००६	०-९-०-१
	अर्पणा श्रेष्ठ	पाल्पा	तानसेन	०७	८०७	०-४-२-०
	अर्पणा श्रेष्ठ	पाल्पा	कसेनी	०६	१७५	३-९-१-०
	अर्पणा श्रेष्ठ	पाल्पा	खानीगाउँ	०६	६६६,४१४	६-८-१-३,१६-१५-२-१
	अर्पणा श्रेष्ठ	पाल्पा	बराङ्दी	०४	२९६	१-१२-०-०

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरीकताजारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
सुजन श्रेष्ठ	तानसेन ०४, भगबती टोल, पाल्पा	३९-०१-७२-०३५९०	पाल्पा/२०७२।०४।२०/ जिल्ला प्रशासन कार्यालय पाल्पा	मोहन प्रसाद श्रेष्ठ	गणेश प्रसाद श्रेष्ठ

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति	ससुरा
अर्पणा श्रेष्ठ	तानसेन ०४, भगबती टोल, पाल्पा	३९१०६६/१२९३ २०६५।१०।२२	पाल्पा/२०६२।०१।१३/ जिल्ला प्रशासन कार्यालय, पाल्पा	सुजन श्रेष्ठ	मोहन प्रसाद श्रेष्ठ

शर्तहरू :

१. शिलबन्दी बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रू. १,०००।– (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. लिलामी सूचनामा उल्लेखित कर्जा शीर्षक र नम्बर बोलपत्र फारममा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । साथै, बोलपत्रको खाम बाहिर कर्जा शीर्षक र नम्बरसमेत उल्लेख गरेको हुनुपर्नेछ ।
३. रित नपुगेको, न्यूनतम मूल्य भन्दा कम उल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन ।
४. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृति गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
५. टेण्डर मिति २०८१।०८।१२ का दिन दिनको १२:०० बजे कृषि विकास बैंक शाखा कार्यालय तानसेन, पाल्पामा टेण्डर दिने व्यक्ति वा निजको प्रतिनिधिहरूको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित भएसम्मका व्यक्तिहरूको रोहवरमा खोलिनेछ ।
६. टेण्डर साथ आफूले दिन चाहेको मोलको न्यूनतम १०% रकम भुक्तानी दिनुपर्ने हिसाब वा धरौटीवापत् सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जम्मा गर्नुपर्नेछ र सोको सक्कल बैंक भौचर/रसिद टेण्डर साथ राखेको हुनुपर्नेछ ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिनभित्र दाखिल गरी सामान उठाई लैजानु पर्नेछ, घर/जग्गा र सवारी साधनको हकमा नामसारी गरिसक्नु पर्नेछ अन्यथा धरौटी जफत भई उक्त सम्पत्ति पुनः बिक्री गर्न सकिनेछ ।
८. आफूले सम्पत्ति लिन दिएको मोल अङ्क र अक्षरमा प्रष्टसँग लेखिएको हुनुपर्नेछ । साथै, उल्लेखित सम्पूर्ण सम्पत्ति वा अलग अलग कित्ता लिने हो सोसमेत खुलाई पेश गर्न सकिनेछ ।
९. शिलबन्दी टेण्डर खाममा लाहा छाप लगाएको हुनु पर्नेछ ।
१०. शिलबन्दी टेण्डर दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपी र संगठित संस्था भए संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ । साथै संस्थाको हकमा कम्पनीको छाप, अख्तियारनामा र निजको अख्तियारवाला कर्मचारीको दस्तखत हुनुपर्नेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरू रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ ।
१२. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाइनेछैन ।
१३. लिलाम सदर भएपश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुरलगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
१४. अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग

वनस्पति अनुसन्धान केन्द्र, कैलाली

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/०७/२७

यस केन्द्रको मिति २०८१/०६/११ मा आव्वान गरिएको बोलपत्र PRCK/NCB/WORKS/2081/82/01 (Incomplete Laboratory Building Construction at Devhariya Botanical Garden)(E-Bid)अनुसार रीतपूर्वक प्राप्त भएका बोलपत्रहरुमध्ये सिद्धी निर्माण सेवा धनगढी-१३, कैलालीको PS बाहेक मु.अ.कर सहित रू. ५२,८०,७७७।०२ (अक्षरेपी बाउन्न लाख असी हजार सात सय सतहत्तर पैसा दुई मात्र)को बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि ७ दिने आसयको सूचना प्रकाशित गरिएको छ ।

केन्द्र प्रमुख

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैतिस) दिनको अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८१/०७/२७

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को शाखा कार्यालय बिर्तामोडबाट तपाई ऋणीहरुले तपसिलमा उल्लेखित धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीहरुलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र तपाईहरुले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम तपसिलको धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धितोबाट असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुलाई सूचित गरिन्छ । साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा सम्बन्धित व्यक्तिहरुको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण:

१. नामः सुर्योदय साथि मार्ट, ठेगानाः इलाम जिल्ला सुर्योदय न.पा. वडा नं. १०, फिक्कल फर्म दर्ता नं. १३२७, दर्ता मितिः २०७७/०४/२१, पान नं. ६१३५०४५५७, पान दर्ता मितिः २०७७/०४/२६, प्रोप्राईटरः रेखा राई, हायर पर्चेज कर्जा ।

सुरक्षण बापत धितोको विवरण:

यस गुडविल फाईनान्स लि.(वित्तीय संस्था) धनि भई ऋणी सुर्योदय साथि मार्टको नाममा रहेका बागमती अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको Mahindra And Mahindra कम्पनीको इन्जिन नं.: MMG4D19735, चेसिस नं. MA1TY4MMNG2D35201, सवारी दर्ता नं. बा १५ च ८९६ को Mahindra Scorpio Pickup DC 4WD

व्यक्तिगत जमानीकर्ताहरु

नामः रेखा राई, ठेगानाः इलाम जिल्ला समाल्बुङ्ग गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल इलाम जिल्ला सुर्योदय न.पा. वडा नं. १०, बाबुः टिका बहादुर राई, बाजेः धन बहादुर राई, पतिः पदम लाल राजवंशी, ना.प्र.नं. ०३-२-०२६/०१, जारी मितिः २०६३/१०/२५, जि.प्र.का. इलाम ।

नामः पदम लाल राजवंशी, ठेगानाः इलाम जिल्ला फिक्कल गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल इलाम जिल्ला सुर्योदय न.पा. वडा नं. १०, बाबुः सुधिर लाल राजवंशी, बाजेः कार्तिक लाल राजवंशी, ना.प्र.नं.: ०३०२९३/६६४, जारी मितिः २०६३/११/२०, जि.प्र.का. इलाम ।

ऋणीको विवरण:

२. नामः लक्ष्मी प्रसाद कडेल, ठेगानाः झापा जिल्ला बाह्रदर्शी गा.पा. वडा नं. ६, बाबुः तुलसी प्रसाद कडेल, बाजेः राम चन्द्र कडेल ना.प्र.नं. ८९२४५३७७, जारि मितिः २०५८/०५/३१

सुरक्षण बापत धितोको विवरण:

यस गुडविल फाइनान्स लि.(वित्तीय संस्था) धनि भई ऋणी लक्ष्मी प्रसाद कडेलको नाममा नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको EICHER कम्पनीको इन्जिन नं. E613CDFJ050453, चेसिस नं. MC2L1KRC0FJ008266, सवारी दर्ता नं. लु २ ख ४८८८ को EICHER 35.31 HSD TRUCK

व्यक्तिगत जमानीकर्ता

नामः बबिता कडेल, ठेगानाः झापा जिल्ला बाह्रदर्शी गा.पा. वडा नं. ६, बस्ने, बाबुः नारायण प्रसाद ओली, बाजेः मेदनी ओली, पतिः लक्ष्मी प्रसाद कडेल, ना.प्र.नं.: ०४१०१७/१६१, जारी मितिः २०६५/०४/२९, जि.प्र.का. झापा ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३५, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

दश वर्षपछि अलैँचीको मूल्य उच्च विन्दुमा, प्रतिमन एक लाख

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**
झापामा **चिरञ्जीवी घिमिरे**



खोल्सीको कालो सुनको उपनामले चिनिने अलैँचीको मूल्य प्रतिमन (४० केजी) करिब एक लाख हाराहारीमा पुगेको छ। एक दशकदेखि ओरालो लागेको अलैँचीको मूल्य अहिले उच्च विन्दुमा पुगेको हो। झन्डै १० वर्षअघि प्रतिमन एक लाख २० हजारसम्ममा कारोबार हुँदै आएको अलैँचीको मूल्य घटेर प्रतिमन २० हजारसम्म आएको थियो।

यो वर्ष भने वृद्धि हुँदै उच्च विन्दुमा पुगेको छ। ताप्लेजुङको सदरमुकाम फुङलिङ बजारमा अलैँचीको मूल्य प्रतिमन ९७ हजार पुगेको अलैँची व्यवसायी कमल बरालले बताए। व्यवसायी बरालले ठुलो दाना, धुलो र पुच्छररहित गुणस्तरीय अलैँची उक्त मूल्यमा खरिद-बिक्री हुन थालेको बताए। अलैँची बजारमा आउन थालेपछि मूल्य निरन्तर बढ्दै गएको अलैँची व्यवसायी महासंघ ताप्लेजुङका अध्यक्ष भद्रवीर रेग्मीले जानकारी दिए। भदौको पहिलो सातादेखि बजारमा निस्कन थालेको अलैँचीको मूल्य यसपटक सामान्य भए पनि निरन्तर बढिरहेको उनको भनाइ छ।

यो सिजनको सुरुवातमै अलैँचीको मूल्य ९५ हजारदेखि एक लाख रुपैयाँ प्रतिमनसम्म कारोबार भइरहेको नेपाल अलैँची व्यवसायी महासंघका अध्यक्ष निर्मल भट्टराईले जानकारी दिए। 'सिजनको सुरुवातमै अलैँचीको मूल्य प्रतिमन ९५ हजारदेखि एक लाखसम्म पुगेको छ। यो एक दशकपछिको बढी मूल्य हो। यसले किसानमा उत्साह थपेको छ,' अध्यक्ष भट्टराईले भने, 'अलैँचीको मूल्य लयमा आउँदै छ। तर, यसै भन्नचाहिँ सकिँदैन। यद्यपि, यसपटक अलैँचीको मूल्य घट्नेभन्दा पनि बढ्ने नै देखिन्छ।'

भारत र भुटानमा उत्पादन घटेका कारण अलैँचीको मूल्यवृद्धि भएको उनको भनाइ छ। यद्यपि, नेपालमा पनि अलैँचीको उत्पादन क्रमशः घट्दो छ। गत वर्ष अघिल्लो वर्षको भन्दा ५० प्रतिशत उत्पादन घटेर देशभर करिब पाँच हजार मेट्रिकटन मात्रै उत्पादन भएको उनले बताए। यसपटक पनि गत वर्षभन्दा २० देखि २५ प्रतिशत अलैँचीको उत्पादन घट्ने उनको अनुमान छ। जलवायु परिवर्तनले रोग देखा पर्दा अलैँचीको उत्पादन घट्दो क्रममा रहेको उनले बताए। 'सिँचाइका लागि अकासे पानीको भर पर्नुपर्छ। कुनै वेला आवश्यक पर्दा वर्षा हुँदैन,' उनले भने। अलैँची उत्पादन भदौदेखि कात्तिक अन्तिमसम्म हुन्छ।

नेपालको ५३ जिल्लामा अलैँचीको खेती विस्तार भइसकेको छ। नेपालमा उत्पादन हुने करिब ९९ प्रतिशत अलैँची पूर्वीनाका काँकडभिट्टाबाट भारतीय बजारसम्म पुग्ने गरेको छ। अलैँचीको कारोबार हुने हिसाबले झापाको बिर्तामोड नेपालकै प्रमुख व्यापारिक केन्द्र रहेको हो। पूर्वीनाका काँकडभिट्टाबाट निर्यात हुनेमध्ये सबैभन्दा धेरै विदेशी मुद्रा आर्जन गर्ने अलैँचीले पछिल्लो पाँच वर्षमा ३२ अर्ब विदेशी मुद्रा आर्जन गरिसकेको छ। चालू आर्थिक वर्षको तीन महिनामा एक अर्ब ८९ करोड ७६ लाख ६ हजार रुपैयाँ विदेशी मुद्रा नेपाल भित्र्याइसकेको छ। मंसिर मसान्तसम्मको तीन महिनामा १५ लाख २५ हजार नौ सय ६० केजी अलैँची निर्यात भएको मेची भन्सार कार्यालय काँकडभिट्टाले जनाएको छ।

मसलाका रूपमा प्रयोग हुँदै आएको अलैँची आयुर्वेदिक प्रयोगका लागि चीनले अध्ययन सुरु गरेको व्यवसायी बताउँछन्। नेपालमा उत्पादन भएकोमध्ये ९८ प्रतिशत अलैँची निर्यात हुने गरेको पाइन्छ। तर, अधिकांश अलैँची बगानमा पुरानो बोट भएकाले उत्पादन घट्नुका साथै बोटसमेत डढ्ने गरेको कृषकको गुनासो छ। यस वर्ष अलैँचीको मूल्यवृद्धि भए पनि यसको उत्पादन घटेको छ। अलैँचीको मूल्यवृद्धि भए पनि यसबाट कृषकले भने प्रत्यक्ष फाइदा लिन सकेका छैनन्। व्यवसायीका अनुसार अलैँचीलाई गुणस्तरका आधारमा क, ख र ग गरी तीन तहमा विभाजन गरिएको हुन्छ।



निर्मल भट्टराई
अध्यक्ष, नेपाल अलैँची व्यवसायी महासंघ

अलैँचीको मूल्य घट्नेभन्दा पनि बढ्ने नै देखिन्छ

सिजनको सुरुवातमै अलैँचीको मूल्य प्रतिमन ९५ हजारदेखि एक लाखसम्म पुगेको छ। यो एक दशकपछिको बढी मूल्य हो। यसले किसानमा उत्साह थपेको छ, अलैँचीको मूल्य लयमा आउँदै छ। यसपटक अलैँचीको मूल्य घट्नेभन्दा पनि बढ्ने नै देखिन्छ। भारत र भुटानमा उत्पादन घटेका कारण अलैँचीको मूल्यवृद्धि भएको हुन सक्छ। नेपालमा पनि जलवायु परिवर्तनले रोग देखा पर्दा अलैँचीको उत्पादन घट्दो क्रममा देखिन्छ। यसपटक पनि गत वर्षभन्दा २० देखि २५ प्रतिशत अलैँचीको उत्पादन घट्ने अनुमान छ।

GREEN DRIVE
GLOBAL AUTO LOAN
FIXED INTEREST RATE STARTING FROM 9.49% p.a.
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

भारत हुँदै श्रम गन्तव्य जाने नेपालीलाई एनओसी नचाहिने

नयाँ पत्रिका



भारतीय विमानस्थल हुँदै श्रम गन्तव्य जाने नेपालीले दिल्ली दूतावासबाट 'नो अब्जेक्सन लेटर (एनओसी)' लिनुनपर्ने भएको छ। त्रिभुवन विमानस्थल मर्मतका लागि १० घण्टा बन्द हुनासाथ अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले भाडादर महँगो बनाएपछि नेपाली श्रमिकहरू सस्तो भाडादरको खोजीमा दिल्ली हुँदै श्रम गन्तव्य मुलुकतर्फ जान थालेका छन्। त्यस्ता श्रमिकलाई सहजीकरण गर्ने गरी एनओसीविनै श्रम गन्तव्य जाने व्यवस्था मिलाइएको दिल्लीस्थित नेपाली दूतावासले जनाएको छ। 'वैदेशिक रोजगार विभागले जारी गरेको वैध वैदेशिक रोजगार अनुमति प्राप्त गरेका नेपाली नागरिकले यस दूतावासबाट कुनै पनि एनओसी प्राप्त गर्नुपर्ने आवश्यकताबाट मुक्त छन्,' विज्ञप्तिमार्फत दूतावासले भनेको छ। त्यसैगरी अमेरिका, बेलायत, क्यानडा, अस्ट्रेलिया, न्युजिल्यान्ड, जापान र सेन्जेन क्षेत्र (२९ युरोपेली देश)का लागि मान्य आवास कार्ड वा भिसा भएका नेपालीलाई पनि एनओसी आवश्यक नपर्ने दूतावासले जनाएको छ।

'नेपाली कूटनीतिक-आधिकारिक-सेवा राहदानी प्राप्त गरेका र संयुक्त राष्ट्रसंघसँग आबद्धता भएका नागरिक र १६ वर्षमुनिका नाबालिगलाई पनि एनओसी आवश्यक पर्नेबाट छुट दिइएको छ,' विज्ञप्तिमा भनिएको छ। तर, भारतीय विमानस्थल प्रयोग गरी साउदी अरब, कतार, कुवेत, संयुक्त अरब इमिरेट्स, ओमान, बहराइन, इराक, लिबिया र लेबनान जाँदा भने एनओसी आवश्यक पर्नेछ। रुसबाट छात्रवृत्ति प्राप्त गर्ने र व्यावसायिक भिसा प्राप्त गरेका बाहेक रसिया जाने यात्रुहरूले पनि दूतावास वा नेपालको कन्सुलर सेवा विभागबाट एनओसी प्राप्त गरेर मात्र यात्रा गर्न दूतावासले सुझाएको छ।

एनओसी चाहिने यात्रुले कम्तीमा एक हप्ताअघि इमेलमार्फत आवश्यक कागजात र एक हजार भारु दस्तुर बुझाउनुपर्ने प्रावधान रहेको दूतावासले जनाएको छ।

त्रिभुवन विमानस्थलबाट नौ महिनामा साढे ६८ लाखले गरे यात्रा

नयाँ पत्रिका

सन् २०२४ को नौ महिनामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर ६८ लाख ३८ हजारले हवाई यात्रा गरेका छन्। जसमध्ये ३२ लाख आठ हजार आन्तरिक र ३६ लाख ३० हजारले अन्तर्राष्ट्रिय यात्रा गरेको त्रिभुवन विमानस्थलले जनाएको छ।

यस अवधिमा २९ अन्तर्राष्ट्रिय वायुसेवा र हेलिकोप्टरसहित २० आन्तरिक वायुसेवाले यात्रु बोकेका हुन्। सबैभन्दा बढी यात्रु बोक्नेमा आन्तरिकतर्फ बुद्ध एयर र अन्तर्राष्ट्रियतर्फ कतार एयर भएका छन्। नौ महिनामा बुद्ध एयरले मात्रै ३५ हजार एक सय दुई उडानमार्फत १९ लाख ५६ हजार यात्रुलाई सेवा दिएको छ। यो संख्या कुल आन्तरिक यात्रुको ६० प्रतिशतभन्दा बढी हुन आउँछ। यस्तै, कतार एयरवेजले १८ सय ३६ उडान-अवतरणमार्फत चार लाख ५० हजार यात्रु बोकेको छ। दोस्रो नम्बरमा रहेको नेपाल वायुसेवा निगमले २३ सय ४८ उडान-अवतरणमार्फत चार लाख ११ हजार यात्रु बोकेको छ।

नौ महिनामा अन्तर्राष्ट्रियतर्फ २४ हजार आठ सय एक उडान-अवतरण भएको त्रिभुवन विमानस्थलले जनाएको छ। जसमध्ये १२ हजार तीन सय ९८ उडानमार्फत १९ लाख १९ हजार यात्रु त्रिभुवन विमानस्थलबाट विभिन्न देशमा पुगेका छन्।

ग्वार्को फ्लाई ओभर निर्माण समयमै सक्न निर्देशन



काठमाडौं/ भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले ग्वार्कोमा निर्माणाधीन फ्लाई ओभरको काम समयमै सम्पन्न गर्न निर्देशन दिएका छन्। मन्त्रालयका उच्च अधिकारीहरूसहित निरीक्षणका लागि निर्माणस्थलमा पुगेका थिए।

निरीक्षणपश्चात् उनले पूर्वाधार तथा विकास आयोजनाहरू निर्माण कार्यमा हुने ढिलासुस्ती सह्य नहुने बताए। काठमाडौं उपत्यकाको सहरी तथा यातायात व्यवस्थापनमा महत्त्वपूर्ण हुने अपेक्षा राखिएको उक्त फ्लाई ओभर निर्माणको कार्यलाई गति दिएर समयमा नै सक्न उनले निर्देशन दिएका हुन्। निरीक्षण टोलीमा मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक रामहरि पोखरेललगायत अधिकारीहरू सहभागी थिए।

०७८ सालको फागुन १२ गतेदेखि ठेक्का लागी निर्माण सुरु भएको उक्त फ्लाई ओभर म्याद थपपछि ८ पुस ०८१ भित्र सम्पन्न गर्नुपर्नेछ। ३० मिटर स्पानको चार लेनको पुलसहितको फ्लाई ओभर निर्माणको काम आशिष-समानान्तर-रेलिगेर जेभी काठमाडौंले गरिरहेको छ। फ्लाई ओभरअन्तर्गत पुल निर्माणको कार्य ९८ प्रतिशत सकिएको कम्पनीले जनाएको छ। त्यस्तै, पहुँच सडकलगायत अन्य निर्माण कार्यसमेत अन्तिम चरणमा रहेको बताएको छ।

धनगढी बजारभित्र रहेको डिपो सार्ने निगमको तयारी

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपाल आयल निगम लिमिटेडले धनगढीस्थित घना बस्तीमा रहेको सुदूरपश्चिम प्रादेशिक कार्यालय राष्ट्रिय आवास कम्पनीको जग्गामा स्थानान्तरण गर्ने भएको छ। कञ्चनपुरको पुनर्वास नगरपालिकामा रहेको करिब ७४ बिघा जग्गामध्ये २५ बिघा जग्गा खरिद गरेर डिपो स्थानान्तरण गर्न लागेको हो।

स्थानीय बासिन्दाले बस्तीको बिचमा प्रज्वलनशील पदार्थको नियमित कारोबार हुँदा दुर्घटनाको उच्च जोखिम रहेको भन्दै लामो समयदेखि डिपो स्थानान्तरणका लागि दबाब दिइरहेका छन्। धनगढी डिपोका प्राविधिक कर्मचारी इन्जिनियर जगदीशप्रसाद जोशीले हाल डिपो रहेको जग्गा साँघुरो भएको र पेट्रोलियम पदार्थ लोडिङ-अनलोडिङमा समस्या भएकाले सार्न खोजिएको बताए। निगमका अनुसार हाल धनगढी डिपो करिब एक बिघा आठ कट्ठा क्षेत्रफलमा फैलिएको छ।

प्रत्येक प्रदेशमा कम्तीमा ९० दिनको माग धान्न पुग्ने पेट्रोलियम पदार्थ भण्डारणगृह निर्माण गर्ने सरकारी योजना भए पनि धनगढीको यो डिपोको मौज्दातबाट सुदूरपश्चिम प्रदेशका लागि सात दिनको मात्र माग धान्न पुग्छ। डिपोमा हाल डिजेल भण्डारणका लागि सात सय ६० किलोलिटरका दुईवटा 'भर्टिकल ट्यांक' र ७० किलोलिटरको भूमिगत ट्यांक तथा पेट्रोल भण्डारणका लागि सात सय ६० किलोलिटरको एक भर्टिकल ट्यांक र ७० किलोलिटरको भूमिगत ट्यांकसहितका संरचना छन्।

धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमालले पनि स्थानीयवासीबाट गुनासो आइरहेकाले निगमको जग्गा स्थानान्तरण गर्न पत्राचार गरिसकेको र निगमबाट सकारात्मक जवाफ आएको बताए। उनले भने, 'हामीले निगमको प्रादेशिक कार्यालयलाई पत्राचार नै गरी बजार क्षेत्रबाट अर्को ठाउँमा सार्न आग्रह गरेका थियौँ। उहाँहरूले साछौँ भन्नुभएको छ।'

निगम उपनिर्देशकद्वय प्रदीप यादव र दिवाकर मल्लिक सम्मिलित समितिले २६ असार ०८० मा निगमको डिपोलाई स्थानान्तरण गरी नयाँ डिपो निर्माण गर्ने प्रयोजनार्थ राष्ट्रिय आवास कम्पनी लिमिटेडको स्वामित्वमा रहेको कञ्चनपुरको पुनर्वास नगरपालिकास्थित जग्गाको स्थलगत अवलोकन तथा अध्ययन गरी प्रतिवेदन तयार गरेको थियो। प्रतिवेदनले निगमको धनगढीस्थित डिपोलाई त्यहाँ स्थानान्तरण गर्न उपयुक्त रहेको निष्कर्ष निकालेको थियो।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मिति: २०८१/०७/२७

यस सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको (साविक तिनाउ मिशन डेभलपमेन्ट बैंक लि.) हाल शाखा कार्यालय गोपिगञ्ज, नवलपरासीबाट विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋण कर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋण कर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको नाम र ठेगाना

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७२/११/१३ मा घरेलु तथा साना उद्योग कार्यालय विभाग, नवलपरासी कार्यालयमा प्रा.फ.र.द.नं. ४८१/८४७३/०७२ अन्तर्गत दर्ता कायम भई अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय, भैरहवामा करदाता सेवा कार्यालय भैरहवाबाट स्थायी लेखा नम्बर (PAN No. 603477799), प्राप्त गरी नवलपरासी जिल्ला, बर्दघाट न.पा.-०७, जिमिरेभार नवलपरासी (हाल बर्दघाट न.पा.-०७, जिमिरेभार नवलपरासी (ब.सु.प.)मा रजिष्टर्ड ठेगाना रहेको **रबिना इन्टरप्राईजेज**।

फर्मको प्रोप्राईटरको नाम र ठेगाना

श्री शाह महमदको नाति, श्री वल्ली मुसलमानको छोरा, श्रीमान हफिजुन नेसाको पति, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला पुसौलि गा.वि.स.-०७, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला बर्दघाट न.पा.-०७, जिमिरेभार बस्ने वर्ष ७३ को (ना.प्र.प.नं.२७७७७, जारी मिति २०३७/०८/२३, (जि.प्र.का. नवलपरासी) श्रीमान **हविव मुसलमान**।

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री वल्ली मुसलमानको नाति, श्री हविव मुसलमान/श्रीमती हफिजुन नेसाको छोरा, श्रीमती सारजहान खातुन अन्सारी को पति, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला रामपुर खडौना गा.वि.स.-०६, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला बर्दघाट न.पा.-०७, जिमिरेभार बस्ने वर्ष ४० को (ना.प्र.प.नं.७३२७१, जारी मिति २०६१/०२/२८, (जि.प्र.का. नवलपरासी) श्रीमान **नुर जमाल अन्सारी**।

२. श्री हविव मुसलमान/श्रीमती हफिजुन नेसाकी बुहारी, श्री सहाबुल मियाकी छोरी, श्री नुर जमाल अन्सारीकी पत्नी, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला रामपुर खडौना गा.वि.स.-०६, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला बर्दघाट न.पा.-०७, जिमिरेभार बस्ने वर्ष ३८ को (ना.प्र.प.नं. ३६३०५१/५१६, जारी मिति २०६३/११/०१, (जि.प्र.का. नवलपरासी) श्रीमती **सारजहान खातुन अन्सारी**।

३. श्री हविव मुसलमान/श्रीमती हफिजुन नेसाकी बुहारी, श्री महम्मद करिम मियाकी छोरी, श्री कमरुदीन अलि अंसारीकी पत्नी, लुम्बिनी प्रदेश, स्याङजा जिल्ला पुतलीबजार गा.वि.स-११, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला बर्दघाट न.पा.-०७, जिमिरेभार बस्ने वर्ष ३६ को (ना.प्र.प.नं. ४२१०६२, जारी मिति २०६३/११/१४, (जि.प्र.का. स्याङजा) श्रीमती **अमिना बेगम**।

४. श्री वल्ली मुसलमानको नाति, श्री हविव मुसलमान/श्रीमती हफिजुन नेसाको छोरा, श्रीमती अमिना बेगमको पति, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला रामपुर खडौना गा.वि.स.-०६, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला बर्दघाट न.पा.-०७, जिमिरेभार बस्ने वर्ष ४२ को (ना.प्र.प.नं. ७३९९६, जारी मिति २०६१/०४/२७, (जि.प्र.का. नवलपरासी), श्रीमान **कमरुदीन अलि अंसारी**।

५. श्री हविव मुसलमान/श्रीमती हफिजुन नेसाकी बुहारी, श्री महम्मद अलि मुसलमान/श्रीमती मैतुन मुसलमानकी छोरी, श्री नाजिद अलि मुसलमानकी पत्नि, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला रामपुर खडौना गा.वि.स.-०६, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला बर्दघाट न.पा.-०७, जिमिरेभार बस्ने वर्ष ४६ को (ना.प्र.प.नं. ३६-०१-६९-०३२६८, जारी मिति २०६९/०६/०४, (जि.प्र.का. नवलपरासी) श्रीमती **सावरा खातुन**।

६. श्री वल्ली मुसलमानको नाति, श्री हविव मुसलमान/श्रीमती हफिजुन नेसाको छोरा, श्रीमती सावरा खातुनको पति, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला रामपुर खडौना गा.वि.स.-०६, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला बर्दघाट न.पा.-०७, जिमिरेभार बस्ने वर्ष ४७ को (ना.प्र.प.नं. ५१७९२, जारी मिति २०५६/०७/२६, (जि.प्र.का. स्याङजा) श्रीमान **नाजिद अलि मुसलमान**।

७. श्री हविव मुसलमान/श्रीमती हफिजुन नेसाकी बुहारी, श्री नेपाल मुसलमानकी छोरी, श्री मैनुद्दिन अली अन्सारीकी पत्नि, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला रामपुर खडौना गा.वि.स.-०६, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला बर्दघाट न.पा.-०७, जिमिरेभार बस्ने वर्ष २९ को (ना.प्र.प.नं. ३६-०१-७२-०१०६४, जारी मिति २०७२/०२/१३, (जि.प्र.का. नवलपरासी) श्रीमती **कमर जहान नेसा**।

८. श्री वल्ली मुसलमानको नाति, श्री हविव मुसलमान/श्रीमती हफिजुन नेसाको छोरा, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला रामपुर खडौना गा.वि.स.-०६, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला बर्दघाट न.पा.- ७, जिमिरेभार बस्ने वर्ष २८ को (ना.प्र.प.नं. ३६-०१-७३-०३३४३, जारी मिति २०७३/०४/२५, (ज.प्र.का. नवलपरासी) श्रीमान **निजामुद्दिन अली अन्सारी**।

९. श्री हरि राम महतोको नाति, श्री माया राम महतोको छोरा, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला पिढौलि गा.वि.स.-०३, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला बर्दघाट न.पा.-०७, जिमिरेभार बस्ने वर्ष ६२ को (ना.प्र.प.नं. २७९१८, जारी मिति २०३७/०९/१०, (ज.प्र.का. नवलपरासी) श्रीमान **टेक नारायण महतो**।

२. ऋणीको नाम र ठेगाना

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६३/०४/१८ मा घरेलु तथा साना उद्योग कार्यालय विभाग, नवलपरासी कार्यालयमा प्रा.फ.र.द.नं. १६६/२०६२/०६६/०६४ अन्तर्गत दर्ता कायम भई अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय, भैरहवामा करदाता सेवा कार्यालय भैरहवा बाट स्थायी लेखा नम्बर (PAN No. 305462534, प्राप्तगरी नवलपरासी जिल्ला, प्रतापपुर ७, नवलपरासी (हाल प्रतापपुर गा.पा. वडा नं. ९, नवलपरासी (ब.सु.प.)मा रजिष्टर्ड ठेगाना रहेको **लक्ष्मी राईस मिल**।

फर्मको प्रोप्राईटरको नाम र ठेगाना

श्री सरल गुप्ताको नाति, श्री परसन गुप्ताको छोरा, श्रीमति वेचनी गुप्ताको पति, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला प्रतापपुर गा.वि.स. वडा नं. ७, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला प्रतापपुर गा.पा वडा नं. ९, पजरकट्टी, बस्ने वर्ष ७३ को (ना.प्र.प.नं.११६३१, जारी मिति २०३४/०९/१७, (जि.प्र.का. नवलपरासी) श्रीमान **भान प्रताप गुप्ता**।

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री परसन गुप्ताको नाति, श्री भान प्रताप गुप्ता/श्रीमती वेचनी गुप्ताको छोरा, श्रीमती सरिता देवि गुप्ताको पति, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला प्रतापपुर गा.वि.स. वडा नं. ७, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश,नवलपरासी जिल्ला प्रतापपुर गा.पा वडा नं. ९, पजरकट्टी, बस्ने वर्ष ४९ को (ना.प्र.प.नं.२८०१२, जारी मिति २०५२/०४/२९, (जि.प्र.का. नवलपरासी) श्रीमान **धुव्र प्रसाद गुप्ता**।

२. श्री भान प्रताप गुप्ता/श्रीमती वेचनी गुप्ताकी बुहारी, श्री राम सुभग गुप्ताकी छोरी, श्री धुव्र प्रसाद गुप्ताकी पत्नी, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला प्रतापपुर गा.वि.स. वडा नं. ७, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला प्रतापपुर गा.पा वडा नं. ९, पजरकट्टी, बस्ने वर्ष ४७ को (ना.प्र.प.नं. ३६३०४७/५९८, जारी मिति २०६३/११/२६, (जि.प्र.का. नवलपरासी) श्रीमती **सरिता देवि गुप्ता**।

३. श्री भान प्रताप गुप्ता/श्रीमती वेचनी गुप्ताको नाति, श्री धुव्र प्रसाद गुप्ता/श्रीमती सरिता देवि गुप्ताको छोरा, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला प्रतापपुर गा.पा. वडा नं. ९, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश,नवलपरासी जिल्ला प्रतापपुर गा.पा वडा नं. ९, पजरकट्टी बस्ने वर्ष २६ को (ना.प्र.प.नं. ३६–०६–७६–०१२४०, जारी मिति २०७६/०४/२३, (जि.प्र.का. नवलपरासी) श्रीमान **विक्रम सिंह गुप्ता**।

४. श्री सुक्र तेलीको नाति, श्री शिवधन तेलीको छोरा, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला प्रतापपुर गा.वि.स वडा नं. ७, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला प्रतापपुर गा.पा वडा नं. ९, पजरकट्टी बस्ने वर्ष ६६ को (ना.प्र.प.नं. ४१३००, जारी मिति २०४१/०९/०९, (जि.प्र.का. नवलपरासी) श्रीमान **रामकान्त तेली**।

३. ऋणीको नाम र ठेगाना

श्री केश्वर चमार/श्री जिउती चमारको बुहारी, श्री सिताराम चमार/श्रीमती जिउती चमारकी छोरी, श्रीमान राम प्रवेश चमारको पत्नि, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला कुडिया गा.वि.स. वडा नं. ४, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश,नवलपरासी जिल्ला सुस्ता गा.पा वडा नं. ३, श्रीनगर, बस्ने वर्ष ५४ को (ना.प्र.प.नं.३६३०४१/२१२, जारी मिति २०६३/११/२७, (जि.प्र.का. नवलपरासी) श्रीमति **विन्दा चमार**।

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री कारी चमार/अनवती चमारको नाति, श्री केश्वर चमार/श्री जिउती चमारको छोरा, श्रीमती विन्दा चमारको पति, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला कुडिया गा.वि.स. वडा नं. ४, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला सुस्ता गा.पा वडा नं. ३, श्रीनगर, बस्ने वर्ष ५६ को (ना.प्र.प.नं.३६३०४१/२६३, जारी मिति २०६३/१०/०५, (जि.प्र.का. नवलपरासी) श्रीमान **राम प्रवेश चमार**।

२. श्री केश्वर चमार/श्री जिउती चमारकी नाति, श्री राम प्रवेश चमार/श्रीमती विन्दा चमारकी छोरी, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला कुडिया गा.वि.स. वडा नं. ४, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला सुस्ता गा.पा वडा नं. ३, श्रीनगर, बस्ने वर्ष २८ को (ना.प्र.प.नं. ३६३०४१/१३६, जारी मिति २०७०/०२/२८, (जि.प्र.का. नवलपरासी) श्रीमती **अनिता हरिजन**।

३. श्री गौसलि कोहार/श्रीमती वित्तना कोहारको नाति, श्री प्रभुदयाल कोहार/श्रीमती कमलावति कोहारको छोरा, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला कुडिया गा.वि.स. वडा नं. ४, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला सुस्ता गा.पा वडा नं. ३, श्रीनगर, बस्ने वर्ष ३३ को (ना.प्र.प.नं. ३६१०४१/५२५, जारी मिति २०६८/०७/२९, (जि.प्र.का. नवलपरासी) श्रीमान **प्रहलाद कोहार**।

४. ऋणीहरुको नाम र ठेगाना

१. श्री मदर राजभरको/श्रीमती फुलवासी राजभरको नाति, श्री नन्दलाल राजभरको/श्रीमती दुर्गावती देवी राजभरको छोरा, श्रीमति प्रियका राजभरको पति, लुम्बिनी प्रदेश, नवलपरासी. जिल्ला प्रतापपुर गा.वि.स वडा नं. ०८, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला, प्रतापपुर गा.पा. वडा नं. ८, बद्रीघाट, बस्ने वर्ष ४१ को (ना.प्र.प.नं.७२१६५, जारी मिति २०६०/१०/२५, (जि.प्र.का. नवलपरासी) श्रीमान **केशव राजभर**

२. श्री बालकृष्ण राजभरको/श्रीमती रामरति राजभरको नाति, श्री मदर राजभरको/श्रीमती फुलवासी राजभरको छोरा, श्रीमति दुर्गावती देवी राजभरको पति, लुम्बिनी प्रदेश, नवलपरासी. जिल्ला प्रतापपुर गा.वि.स वडा नं. ०८, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला, प्रतापपुर गा .पा. वडा नं. ८, बद्रीघाट, बस्ने वर्ष ६३ को (ना.प्र.प.नं.११/१८८१, जारी मिति २०४५/०२/१७, (जि.प्र.का. नवलपरासी) श्रीमान **नन्दलाल राजभर**

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री नन्दलाल राजभरको/श्रीमती दुर्गावती देवी राजभरको बुहारी, श्री भोली राजभरको/श्रीमती उत्तमी देवी राजभरको छोरी, श्रीमान केशव राजभरको पत्नि, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला प्रतापपुर गा.वि.स.वडा नं.०८,स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश,नवलपरासी जिल्ला, प्रतापपुर गा.पा.वडा नं.८, बद्रिघाट, बस्ने वर्ष ३७ को (ना.प्र.प.नं.३६–०१–७५–००८३४, जारी मिति २०७५/०२/१०, (जि.प्र.का. नवलपरासी) श्रीमति **प्रियका राजभर**।

२. श्री मदर राजभरको/श्रीमती फुलवाँसी राजभरको बुहारी, श्री नरायण राजभरको/श्रीमती बिलासी राजभरको छोरी, श्रीमान नन्दलाल राजभरको पत्नि, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला प्रतापपुर गा.वि.स.वडा नं.०८, स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला, प्रतापपुर गा.पा.वडा नं.८, बद्रिघाट, बस्ने वर्ष ६१ को (ना.प्र.प.नं. १५४६१,जारी मिति २०४५/०७/१५, (जि.प्र.का. नवलपरासी) श्रीमति **दुर्गावती देवी राजभर**।

३. श्री बालकृष्ण राजभरको/श्रीमती रामरति राजभरको बुहारी, श्री रामआज्ञ राजभरको/श्रीमती रेवती देवी राजभरको छोरी, श्रीमान मदर राजभरको पत्नि, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला प्रतापपुर गा.वि.स.वडा नं.०६,स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला, प्रतापपुर गा.पा.वडा नं.८, बद्रिघाट, बस्ने वर्ष ९० को (ना.प्र.प.नं.११/१८६८, जारी मिति २०४५/०२/१७, (जि.प्र.का. नवलपरासी) श्रीमति **फुलवाँसी राजभर**।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

सामसङ ग्यालेक्सी ए–१६ फाइभजी सार्वजनिक

काठमाडौं/ सामसङले नयाँ स्मार्ट फोन ग्यालेक्सी ए-१६ फाइभजी सार्वजनिक गरेको छ। किफायती मिडरेन्ज स्मार्ट फोन, ६ वर्षको सफ्टवेयर सपोर्टसहितको प्रिमियम ग्यालेक्सी ए-सिरिज डिजाइनमा मिडियाटेक प्रोसेसर र ट्रिपल क्यामरा सिस्टम रहेको छ।

कम्पनीले ए-१६ लाई ए-सिरिजको सबैभन्दा पातलो मिड-रेन्ज उपकरणका रूपमा प्रस्तुत गरेको जनाएको छ। यसको पातलो, स्लिम डिजाइनले गर्दा प्रयोगकर्ताले यसलाई आरामसँग सजिलै समात्न सक्छन्।

५० मेगापिक्सेल प्राथमिक क्यामरा, ५ मेगापिक्सेल अल्ट्रा-वाइड क्यामरा र दुई मेगापिक्सेलको म्याक्रो क्यामराले सुसज्जित यो फोनले सेल्फी र भिडियो कलको स्तरलाई बढाउने कम्पनीको दाबी छ। यसमा ५ हजार एमएचएच ब्याट्री रहेको छ भने ६ वर्षको अपरेटिङ सिस्टम अपडेट र ६ वर्षको सुरक्षा अपडेट उपलब्ध रहेको छ। सामसङ नेपालका निर्देशक प्रणयरत्न स्थापितले भने, 'आफ्नो सेग्मेन्टमा ६ पुस्ताको ओएस अपग्रेड र ६ वर्षको सुरक्षा अपडेट उपलब्ध गराएर ग्यालेक्सी ए-१६ ले मिडरेन्ज स्मार्ट फोनहरूमा अतुलनीय अनुभव प्रदान गर्छ।'

कालो, हल्का हरियो र सुनौलो रङमा उपलब्ध ए-१६ फाइभजी ६/१२८ भेरियन्टको मूल्य २८ हजार ९९९ रुपैयाँ र ८/१२८ भेरियन्टको ३० हजार ९९९ र ८/२५६ भेरियन्टको ३४ हजार ९९९ रुपैयाँ रहेको छ। यी फोन मंगलबारदेखि बजारमा उपलब्ध हुने जनाएको छ।

क्रेस्ट माइक्रो लाइफको बिमांकीय मूल्यांकन स्वीकृत

काठमाडौं/ क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सको बिमांकीय मूल्यांकन स्वीकृत भएको छ। गत आर्थिक वर्ष ०८०/८१ को आर्थिक स्थितिको लेखाजोखा र दायित्वको बिमांकीय मूल्यांकन भई प्रतिवेदन नियामक निकाय नेपाल बिमा प्राधिकरणबाट सोमबार स्वीकृत संस्थाले जनाएको छ।

बिमा कम्पनीको आर्थिक अवस्था बुझ्ने महत्त्वपूर्ण आधारका रूपमा बिमांकीय मूल्यांकनलाई लिने गरिन्छ। प्राधिकरणबाट स्वीकृत बिमांकीय मूल्यांकनले कम्पनी विश्वसनीय तथा भरपर्दो रहेको दर्साउने बताइएको छ।

२९ कात्तिकदेखि फिन इलेक्ट्रो टेक प्रदर्शनी

काठमाडौं/ इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सामग्रीको बृहत् प्रदर्शनी 'फिन इलेक्ट्रो टेक २०२४' हुने भएको छ। २९ कात्तिकदेखि २ मंसिरसम्म चल्ने ११औं संस्करणको प्रदर्शनी नेपाल विद्युतीय व्यवसायी महासंघको आयोजनामा भृकुटीमण्डपमा हुन लागेको हो। प्रदर्शनी विद्युत् तथा विद्युतीय सामग्रीको व्यवसाय विकास एवं यस क्षेत्रसँग आबद्ध आन्तरिक र अन्तर्राष्ट्रिय व्यापारको सहजीकरण एवं प्रवर्द्धनका लागि गर्न लागिएको आयोजकले जानकारी दिएको छ। यस वर्षको प्रदर्शनीलाई 'प्रविधिको नयाँ आयाम, विद्युतीय सामग्रीमा सुरक्षा र गुणस्तर कायम' नारा दिइएको छ। राष्ट्रिय एवं अन्तर्राष्ट्रिय इलेक्ट्रिक, इलेक्ट्रोनिक्स, सञ्चार एवं सूचना प्रविधि तथा विद्युतीय एवं वैकल्पिक ऊर्जा उद्यमीलाई जमघट गराई व्यावसायिक प्रवर्द्धन गर्नु प्रदर्शनीको उद्देश्य रहेको बताइएकोछ छ। चार दिनसम्म चल्ने प्रदर्शनीमा ५० हजारभन्दा बढीले अवलोकन गर्ने अनुमान छ।



कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल कार्तिक महिना २७ गते मंगलबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१. शाखा कार्यालय : वीरगंज शाखा कर्जा शीर्षक : व्यवसायिक अधिविकर्ष तथा आवधिक कर्जा र फोर्स लोन

ऋणीको विवरण

नाम : **स्वस्थानी माता आयल सेन्टर** प्रोप्राइटर : रिंकु कुमारी प्रा.फ.र.नं. : १९४३.०६८.६९
दर्ता गर्ने कार्यालय : वाणिज्य विभाग, कलैया, बारा दर्ता मिति : २०६८/०९/२५
रजिष्टर्ड ठेगाना : बारा जिल्ला बरियारपुर न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६१३०५७५९८

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) अम्बिका प्रसादको छोरी विश्वनाथ प्रसाद सोनारको बुहारी संजय कुमार स्वर्णकारको पत्नी बारा जिल्ला महागढीमाई न.पा. वडा नं. २ बस्ने **रिंकु कुमारी** (ना.प्र.नं. : ३३-०१-७५-१०३६७ जारी मिति र जिल्ला : २०७५/११/०१, बारा)

२) राम औतार साह सोनारको नाति विश्वनाथ प्रसाद सोनारको छोरा बारा जिल्ला बरियारपुर वडा नं. ७ हाल, महागढीमाई न.पा. वडा नं. २ बस्ने **संजय कुमार स्वर्णकार** (ना.प्र.नं. : ९३४४ जारी मिति र जिल्ला : २०५५/०५/०९, बारा)

३) राम औतार साह सोनारको बुहारी विश्वनाथ प्रसाद सोनारको पत्नी बारा जिल्ला बरियारपुर वडा नं. ७ हाल, महागढीमाई न.पा. वडा नं. २ बस्ने **लिलाउती देवी** (ना.प्र.नं. : ३४०६ जारी मिति र जिल्ला : २०४६/०३/२८, बारा)

४) राम औतार साह सोनारको नाति विश्वनाथ प्रसाद सोनारको छोरा बारा जिल्ला बरियारपुर वडा नं. ७ हाल, महागढीमाई न.पा. वडा नं. २ बस्ने **संतोष कुमार स्वर्णकार** (ना.प्र.नं. : ४२४३/२९१८ जारी मिति र जिल्ला : २०६३/०१/२५, बारा)

५) राम औतार साह सोनारको नाति विश्वनाथ प्रसाद सोनारको छोरा बारा जिल्ला बरियारपुर वडा नं. ७ हाल, महागढीमाई न.पा. वडा नं. २ बस्ने **सन्देश कुमार स्वर्णकार** (ना.प्र.नं. : ३३१०४५/२२०८ जारी मिति र जिल्ला : २०६४/०४/२०, बारा)

२. शाखा कार्यालय : वीरगंज शाखा कर्जा शीर्षक : साधरण कर्जा

ऋणीको विवरण

राम औतार साह सोनारको नाति विश्वनाथ प्रसाद सोनारको छोरा बारा जिल्ला बरियारपुर वडा नं. ७ हाल, महागढीमाई न.पा. वडा नं. २ बस्ने **संजय कुमार स्वर्णकार** (ना.प्र.नं. : १/९३४४ जारी मिति र जिल्ला : २०५५/०५/०९, बारा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) अम्बिका प्रसादको छोरी विश्वनाथ प्रसाद सोनारको बुहारी संजय कुमार स्वर्णकारको पत्नी बारा जिल्ला महागढीमाई न.पा. वडा नं. २ बस्ने **रिंकु कुमारी** (ना.प्र.नं. : ३३-०१-७५-१०३६७ जारी मिति र जिल्ला : २०७५/११/०१, बारा)

२) मंगल साह कानुको नाति हरिशंकर साह कानुको छोरा बारा जिल्ला कलैया न.पा. वडा नं. १ हाल, कलैया उ.म.न.पा. वडा नं. १ बस्ने **दिपेन्द्र साह कानु** (ना.प्र.नं. : ३३१०५५/७१४८ जारी मिति र जिल्ला : २०६७/०६/१३, बारा)

३. शाखा कार्यालय : लमही शाखा कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष कर्जा

ऋणीको विवरण

नाम : **युवराज किराना पसल** प्रोप्राइटर : युवराज गुप्ता प्रा.फ.र.नं. : १३६०४/८६४
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दाङ दर्ता मिति : २०७६/११/१९
रजिष्टर्ड ठेगाना : दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ स्थायी लेखा नं. : ३०५७९१२३०

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) हिरालाल गुप्ताको नाति राम लखन गुप्ताको छोरा दाङ जिल्ला गढवा वडा नं. ९ हाल, चन्दनपुर गा.पा. वडा नं. ७ बस्ने **युवराज गुप्ता** (ना.प्र.नं. : ५२२००३/६३० जारी मिति र जिल्ला : २०६७/०४/१६, दाङ)

२) जगदीश चौधरीको छोरी राम लखन गुप्ताको बुहारी युवराज गुप्ताको पत्नी दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ हाल, चन्दनपुर गा.पा. वडा नं. ७ बस्ने **अस्मिता चौधरी** (ना.प्र.नं. : ५२-०६-७४-०२३४५ जारी मिति र जिल्ला : २०७४/०५/११, दाङ)

३) बुद्विराम चौधरीको नाति थानेश्यर चौधरीको छोरा दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ हाल, चन्दनपुर गा.पा. वडा नं. ७ बस्ने **पंकच चौधरी** (ना.प्र.नं. : ५२-०६-७५-०१३८३ जारी मिति र जिल्ला : २०७५/०३/११, दाङ)

४. शाखा कार्यालय : लमही शाखा कर्जा शीर्षक : व्यावसायिक आवधिक कर्जा

ऋणीको विवरण

नाम : **अस्मिता पलाष्टिक पसल** प्रोप्राइटर : अस्मिता चौधरी प्राइभेट फर्म दर्ता : १५७५४-१०-२०७८/७९
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दाङ दर्ता मिति : २०७८/०५/१५
रजिष्टर्ड ठेगाना : दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ स्थायी लेखा नं. : ६१६६१५३९१

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) जगदीश चौधरीको छोरी राम लखन गुप्ताको बुहारी युवराज गुप्ताको पत्नी दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ हाल, चन्दनपुर गा.पा. वडा नं. ७ बस्ने **अस्मिता चौधरी** (ना.प्र.नं. : ५२-०६-७४-०२३४५ जारी मिति र जिल्ला : २०७४/०५/११, दाङ)

२) हिरालाल गुप्ताको नाति राम लखन गुप्ताको छोरा दाङ जिल्ला गढवा वडा नं. ९ हाल, चन्दनपुर गा.पा. वडा नं. ७ बस्ने **युवराज गुप्ता** (ना.प्र.नं. : ५२२००३/६३० जारी मिति र जिल्ला : २०६७/०४/१६, दाङ)

३) बुद्विराम चौधरीको नाति थानेश्यर चौधरीको छोरा दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ हाल, चन्दनपुर गा.पा. वडा नं. ७ बस्ने **पंकच चौधरी** (ना.प्र.नं. : ५२-०६-७५-०१३८३ जारी मिति र जिल्ला : २०७५/०३/११, दाङ)

५. शाखा कार्यालय : कमलामाई शाखा कर्जा शीर्षक : साधारण कर्जा

ऋणीको विवरण

पुर्ण बहादुर कर्माचार्यको छोरी बिर बहादुर श्रेष्ठको बुहारी हेम बहादुर श्रेष्ठको पत्नी सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ४ बस्ने **दिलमाया श्रेष्ठ** (ना.प्र.नं. : ९७/३२२७७ जारी मिति र जिल्ला : २०६०/०७/१६, सिन्धुली)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) बिर बहादुर श्रेष्ठको नाति हेम बहादुर श्रेष्ठको छोरा सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ५ बस्ने **अनिष कुमार श्रेष्ठ** (ना.प्र.नं. : २०-०१-७५-०३५८१ जारी मिति र जिल्ला : २०७५/०६/०४, सिन्धुली)

२) कर्ण बहादुर श्रेष्ठको छोरी पुर्ण बहादुर कर्माचार्यको बुहारी टक बहादुर कर्माचार्यको पत्नी सिन्धुली जिल्ला मरिण गा.पा. वडा नं. ३ हाल, कमलामाई न.पा. वडा नं. ४ बस्ने **गंगा माया श्रेष्ठ कर्माचार्य** (ना.प्र.नं. : २०१०२९/३२६ जारी मिति र जिल्ला : २०६८/०५/२९, सिन्धुली)

६. शाखा कार्यालय : कमलामाई शाखा कर्जा शीर्षक : हायरपर्चेज कर्जा

ऋणीको विवरण

नाम : **इम्मानुएल कन्स्ट्रक्सन प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : छेत्र बहादुर बम्जन
दर्ता नं. : १४१९१९/०७२/०७३
दर्ता गर्ने कार्यालय : कम्पनी रजिस्ट्रारको कार्यालय दर्ता मिति : २०७२/०८/०७
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ९ स्थायी लेखा नं. : ६०३५५९६२८

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) कालु सिं बम्जनको नाति नर बहादुर बम्जनको छोरा सिन्धुली जिल्ला भद्रकाली वडा नं. ६ हाल, कमलामाई न.पा. वडा नं. ६ बस्ने **छेत्र बहादुर बम्जन** (ना.प्र.नं. : २०२३७९/११२१७ जारी मिति र जिल्ला : २०४४/०९/१५, सिन्धुली)

२) जीर मान गोलेको छोरी नर बहादुर बम्जनको बुहारी छेत्र बहादुर बम्जनको पत्नी सिन्धुली जिल्ला महादेवस्थान वडा नं. २ हाल, कमलामाई न.पा. वडा नं. ६ बस्ने **पुर्णिमा बम्जन** (ना.प्र.नं. : २०१०२८/४२ जारी मिति र जिल्ला : २०६६/१०/०४, सिन्धुली)

३) नर बहादुर बम्जनको नाति छेत्र बहादुर बम्जनको छोरा सिन्धुली जिल्ला महादेवस्थान वडा नं. २ हाल, कमलामाई न.पा. वडा नं. ६ बस्ने **दिल बहादुर बम्जन** (ना.प्र.नं. : २०३०२८/२७ जारी मिति र जिल्ला : २०६३/१०/०३, सिन्धुली)

७. शाखा कार्यालय : भैरहवा शाखा कर्जा शीर्षक : रियल स्टेट अधिवीकर्ष कर्जा

ऋणीको विवरण

नाम : **बागलुङ कालिका मल्टिप्रपोज प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : हरि बहादुर खड्का
दर्ता नं. : २५३३८६/०७७/०७८
दर्ता गर्ने कार्यालय : कम्पनी रजिस्ट्रारको कार्यालय दर्ता मिति : २०७७/१०/०९
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला मायादेवी गा.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६०९९१२४४५

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) पहल सिंह खड्काको नाति बम बहादुर खड्काको छोरा बागलुङ्ग जिल्ला तित्याङ्ग वडा नं. १ हाल, रुपन्देही जिल्ला मायादेवी गा.पा. वडा नं. ८ बस्ने **हरि बहादुर खड्का** (ना.प्र.नं. : १३७६/३५९ जारी मिति र जिल्ला : २०५८/०८/२४, बागलुङ्ग)

२) हर्क बहादुर घर्तिको छोरी बम बहादुर खड्काको बुहारी हरि बहादुर खड्काको पत्नी बागलुङ्ग जिल्ला चिल्हिया गा.पा. वडा नं. ६ हाल, रुपन्देही जिल्ला मायादेवी गा.पा. वडा नं. ८ बस्ने **जमुना खड्का** (ना.प्र.नं. : ३७१०१९/३८३५० जारी मिति र जिल्ला : २०६६/०१/१५, रुपन्देही)

३) बम बहादुर खड्काको नाति हरि बहादुर खड्काको छोरा रुपन्देही जिल्ला मायादेवी गा.पा. वडा नं. ८ बस्ने **विनय खड्का** (ना.प्र.नं. : ३७-०१-७८-०७४८६ जारी मिति र जिल्ला : २०७८/०६/३१, रुपन्देही)

८. शाखा कार्यालय : भैरहवा शाखा कर्जा शीर्षक : व्यापारिक अधिवीकर्ष कर्जा

ऋणीको विवरण

नाम : **जय माहालक्ष्मी हार्डवेयर** अख्तियार प्राप्त व्यक्ति : वैजनाथ यादव प्रा.फ.र.नं. : ३६३९१/०७२
दर्ता गर्ने कार्यालय : वाणिज्य कायालर्य, रुपन्देही दर्ता मिति : २०७२/१०/०४
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला सि.न.पा. वडा नं. ४ स्थायी लेखा नं. : ६०३८२७०३७

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) कल्पनाथ अहिरको नाति छोटेलाल अहिरको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ४ बस्ने **वैजनाथ यादव** (ना.प्र.नं. : ३७१०२३/४७२३२ जारी मिति र जिल्ला : २०६८/१२/०२, रुपन्देही)

२) राकेश यादवको छोरी छोटेलाल अहिरको बुहारी वैजनाथ यादवको पत्नी रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ४ बस्ने **अन्जली यादव** (ना.प्र.नं. : ३७-०१-७०-१३९२२ जारी मिति र जिल्ला : २०७०/११/१२, रुपन्देही)

३) कल्पनाथ अहिरको नाति छोटेलाल अहिरको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ४ बस्ने **मुक्ति नाथ यादव** (ना.प्र.नं. : ३७१०२३/४०९९१ जारी मिति र जिल्ला : २०६७/०१/०३, रुपन्देही)

४) तितील यादवको छोरी छोटेलाल अहिरको बुहारी मुक्ति नाथ यादवको पत्नी रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ४ बस्ने **रिता यादव** (ना.प्र.नं. : ३७-०१-७०-१३९२१ जारी मिति र जिल्ला : २०७०/११/१२, रुपन्देही)

५) भिखी अहिरको नाति कल्पनाथ अहिरको छोरा रुपन्देही जिल्ला सि.न.पा. वडा नं. ४ बस्ने **छोटे लाल अहिर** (ना.प्र.नं. : ७६१४ जारी मिति र जिल्ला : २०३४/०५/२९, रुपन्देही)

९. शाखा कार्यालय : गल्याङ शाखा कर्जा शीर्षक : फ्लेक्सी व्यावसायिक आवधिक कर्जा

ऋणीको विवरण

नाम : **रन्जना कमिनिकेशन एण्ड मोबाईल हब** अख्तियार प्राप्त व्यक्ति : रन्जना श्रेष्ठ
प्रा.फ.र.नं. : २५९८/०७४/०७५
दर्ता जारी गर्ने कार्यालय : पुतलीबजार नगर कार्यपालिका उद्योग विकास शाखा, स्याङ्गजा
दर्ता मिति : २०७४/०४/१९
रजिष्टर्ड ठेगाना : स्याङ्गजा जिल्ला गल्याङ न.पा. वडा नं. ३ स्थायी लेखा नं. : ६०६३४२७०४

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) ओम प्रसाद श्रेष्ठको छोरी कृष्ण प्रसाद श्रेष्ठको बुहारी सुन्दर प्रसाद श्रेष्ठको पत्नी स्याङ्गजा जिल्ला जगत्रदेवी वडा नं. ८ हाल, गल्याङ न.पा. वडा नं. ३ बस्ने **रन्जना श्रेष्ठ** (ना.प्र.नं. : ४२३०२८/५६३ जारी मिति र जिल्ला : २०६३/११/१६, स्याङ्गजा)

२) वेनु प्रसाद श्रेष्ठको नाति कृष्ण प्रसाद श्रेष्ठको छोरा स्याङ्गजा जिल्ला गल्याङ न.पा. वडा नं. ३ बस्ने **सुन्दर प्रसाद श्रेष्ठ** (ना.प्र.नं. : ३२६५१ जारी मिति र जिल्ला : २०५३/०२/१३, स्याङ्गजा)

३) मनिरत्न श्रेष्ठको नाति वेनु प्रसाद श्रेष्ठको छोरा स्याङ्गजा जिल्ला गल्याङ वडा नं. ८ हाल, गल्याङ न.पा. वडा नं. ३ बस्ने **कृष्ण प्रसाद श्रेष्ठ** (ना.प्र.नं. : ३२२९ जारी मिति र जिल्ला : २०४१/०९/१३, स्याङ्गजा)

४) को छोरी वेनु प्रसाद श्रेष्ठको बुहारी कृष्ण प्रसाद श्रेष्ठको पत्नी स्याङ्गजा जिल्ला जगत्रदेवी गा.वि.स. वडा नं. ८ हाल, गल्याङ न.पा. वडा नं. ३ बस्ने **श्रीमती टाप कुमारी** (ना.प्र.नं. : २० जारी मिति र जिल्ला : २०४४/११/२१, स्याङ्गजा)

५) कुल प्रसाद कर्माचार्यको नाति भैरम प्रसाद कर्माचार्यको छोरा स्याङ्गजा जिल्ला जगत्रदेवी वडा नं. ३ हाल, गल्याङ न.पा. वडा नं. २ बस्ने **दुर्गा प्रसाद कर्माचार्य** (ना.प्र.नं. : १०७७ जारी मिति र जिल्ला : २०४४/१२/०५, स्याङ्गजा)

१०. शाखा कार्यालय : गल्याङ शाखा कर्जा शीर्षक : फ्लेक्सी व्यावसायिक आवधिक कर्जा

ऋणीको विवरण

नाम : **रन्जना इन्टरप्राईजेज** अख्तियार प्राप्त व्यक्ति : सुन्दर प्रसाद श्रेष्ठ प्रा.फ.र.नं. : २२५/०६४/०६५
दर्ता जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय स्याङ्गजा
दर्ता मिति : २०६५/०१/२६
रजिष्टर्ड ठेगाना : स्याङ्गजा जिल्ला गल्याङ न.पा. वडा नं. ३ स्थायी लेखा नं. : ३०२९४१९२०

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) वेनु प्रसाद श्रेष्ठको नाति कृष्ण प्रसाद श्रेष्ठको छोरा स्याङ्गजा जिल्ला गल्याङ न.पा. वडा नं. ३ बस्ने **सुन्दर प्रसाद श्रेष्ठ** (ना.प्र.नं. : ३२६५१ जारी मिति र जिल्ला : २०५३/०२/१३, स्याङ्गजा)

२) ओम प्रसाद श्रेष्ठको छोरी कृष्ण प्रसाद श्रेष्ठको बुहारी सुन्दर प्रसाद श्रेष्ठको पत्नी स्याङ्गजा जिल्ला जगत्रदेवी वडा नं. ८ हाल, गल्याङ न.पा. वडा नं. ३ बस्ने **रन्जना श्रेष्ठ** (ना.प्र.नं. : ४२३०२८/५६३ जारी मिति र जिल्ला : २०६३/११/१६, स्याङ्गजा)

३) मनिरत्न श्रेष्ठको नाति वेनु प्रसाद श्रेष्ठको छोरा स्याङ्गजा जिल्ला गल्याङ वडा नं. ८ हाल, गल्याङ न.पा. वडा नं. ३ बस्ने **कृष्ण प्रसाद श्रेष्ठ** (ना.प्र.नं. : ३२२९ जारी मिति र जिल्ला : २०४१/०९/१३, स्याङ्गजा)

११. शाखा कार्यालय : गल्याङ शाखा कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा

ऋणीको विवरण

ओम प्रसाद श्रेष्ठको छोरी कृष्ण प्रसाद श्रेष्ठको बुहारी सुन्दर प्रसाद श्रेष्ठको पत्नी स्याङ्गजा जिल्ला जगत्रदेवी वडा नं. ८ हाल, गल्याङ न.पा. वडा नं. ३ बस्ने **रन्जना श्रेष्ठ** (ना.प्र.नं. : ४२३०२८/५६३ जारी मिति र जिल्ला : २०६३/११/१६, स्याङ्गजा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) वेनु प्रसाद श्रेष्ठको नाति कृष्ण प्रसाद श्रेष्ठको छोरा स्याङ्गजा जिल्ला गल्याङ न.पा. वडा नं. ३ बस्ने **सुन्दर प्रसाद श्रेष्ठ** (ना.प्र.नं. : ३२६५१ जारी मिति र जिल्ला : २०५३/०२/१३, स्याङ्गजा)

२) मनिरत्न श्रेष्ठको नाति वेनु प्रसाद श्रेष्ठको छोरा स्याङ्गजा जिल्ला गल्याङ वडा नं. ८ हाल, गल्याङ न.पा. वडा नं. ३ बस्ने **कृष्ण प्रसाद श्रेष्ठ** (ना.प्र.नं. : ३२२९ जारी मिति र जिल्ला : २०४१/०९/१३, स्याङ्गजा)

३) कुल प्रसाद कर्माचार्यको नाति भैरम प्रसाद कर्माचार्यको छोरा स्याङ्गजा जिल्ला जगत्रदेवी वडा नं. ३ हाल, गल्याङ न.पा. वडा नं. २ बस्ने **दुर्गा प्रसाद कर्माचार्य** (ना.प्र.नं. : १०७७ जारी मिति र जिल्ला : २०४४/१२/०५, स्याङ्गजा)

४) कृष्ण प्रसाद श्रेष्ठको नाति सुन्दर प्रसाद श्रेष्ठको छोरा स्याङ्गजा जिल्ला गल्याङ न.पा. वडा नं. ३ बस्ने **समय श्रेष्ठ** (ना.प्र.नं. : ४२-०२-७७-०१३६७ जारी मिति र जिल्ला : २०७७/०८/२५, स्याङ्गजा)

१२. शाखा कार्यालय : कमलामाई शाखा कर्जा शीर्षक : हायरपर्चेज कर्जा

ऋणीको विवरण

जित मान तामाङको नाति पदम बहादुर तामाङको छोरा सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ६ बस्ने **सोम बहादुर तामाङ** (ना.प्र.नं. : ५४६/८०२२ जारी मिति र जिल्ला : २०५४/०९/२३, सिन्धुली)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) पदम बहादुर तामाङको बुहारी सोम बहादुर तामाङको पत्नी सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ६ बस्ने **शितली माया तामाङ** (ना.प्र.नं. : २०२३०९२ जारी मिति र जिल्ला : २०५८/१२/२६, सिन्धुली)

२) पदम बहादुर तामाङको नाति सोम बहादुर तामाङको छोरा सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ६ बस्ने **मेख बहादुर तामाङ** (ना.प्र.नं. : २०-०१-७५-०३०५९ जारी मिति र जिल्ला : २०७५/०४/२९, सिन्धुली)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

भुल सुधार गरिएको

मिति २०८१/०७/२५ गतेका दिन **नयाँ पत्रिका**को पाना नं.२ मा प्रकाशित ऋणी विजय कुमार प्रधान लाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सुचनामा धितोको विवरण नहुनु पर्नेमा धितोको विवरणमा सवारी साधन भएकोले **भुल सुधार** गरिएको जानकारी गराउदछौ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/८८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.:१६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४००८ मा SMS पठाउनुहोस्
सिसहनिया शाखा, राप्ती गाउँपालिका, दाङ
सम्पर्क फोन: +९७७-०८२-४०२११३/१४

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैतीस) दिने सूचना

लिखितम् श्री तोएराम पार्देको छोरी, इन्द्र प्रसाद सुवेदीको पत्नी, लुम्बिनी प्रदेश दाङ जिल्ला, राप्ती गाउपालिका वडा नं. ७ बस्ने ७० वर्षकी श्रीमती दुर्गा सुवेदीको मिति २०८१/०५/१३ (ई.सं. २९/०८/२०२४) मा मृत्यु भएकोले स्व. दुर्गा सुवेदीको छोरा हाल दाङ जिल्ला, राप्ती गाउँपालिका वडा नं. ७ बस्ने बस्ने श्री नविन सुवेदीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको सिसहनिया शाखा, राप्ती गाउपालिका, दाङमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/८८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.:१६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४००८ मा SMS पठाउनुहोस्
टेकु शाखा, काठमाडौं महानगरपालिका, टेकु
सम्पर्क फोन: +९७७-०१-४१०४५५३/५५

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैतीस) दिने सूचना

लिखितम् श्री कटक गुरुङ्को नातिनी, कनक बहादुर गुरुङ्को छोरी, बागमती प्रदेश काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २० हाल कोहिटी -२० बस्ने ७३ वर्षकी श्रीमती कान्छी गुरुङ्को मिति २०८१/०५/२७ (ई.सं. १२/०९/२०२४) मा मृत्यु भएकोले स्व. कान्छी गुरुङ्को छोरा हाल कोहिटी -२० बस्ने श्री भूपेन्द्र गुरुङ्गले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको टेकु शाखा, काठमाडौं महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/८८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.:१६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४००८ मा SMS पठाउनुहोस्
मगरागढी शाखा, बारबर्दिया नगरपालिका, बर्दिया
सम्पर्क फोन: +९७७-०८४-४०४१०१/०२

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैतीस) दिने सूचना

लिखितम् श्री गंगाराम खत्रीको नाति, तिल बहादुर खत्रीको छोरा, लुम्बिनी प्रदेश वर्दिया जिल्ला, मधुवन नगरपालिका वडा नं. ०५ हाल मधुवन नगरपालिका - ०६ बस्ने २८ वर्षको श्रीमान याम बहादुर खत्रीको मिति २०८१/०५/२९ (ई.सं.१४/०९/२०२४) मा मृत्यु भएकोले स्व. याम बहादुर खत्रीको पत्नी हाल मधुवन नगरपालिका - ०६ बस्ने श्रीमती पुनम गौतमले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको मगरागढी शाखा, बारबर्दिया नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

नेशनल डेन्टल हस्पिटल लिमिटेडको
जगेडामा रहेको हकप्रद शेयर जारी गर्ने सूचना

(प्रकाशित मिति: २०८१/०७/२७ गते)

यस नेशनल डेन्टल हस्पिटल लि. को मिति २०८०/०६/१३ गते सम्पन्न भएको साधारण सभाले तत्काल कायम रहेका शेयरधनीहरुले मात्र खरीद गर्न पाउने गरी यस कम्पनीको हकप्रद शेयर जारी गर्ने मिति २०८१/०३/३१ को सूचना बमोजिम बिक्री भई बाँकी जगेडामा रहेको जम्मा ५०,१९४ थान शेयरलाई तत्काल कायम चुक्ता शेयरको ९.४६ प्रतिशतको अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय भए बमोजिम कम्पनी ऐन, २०६३ को दफा ५६ को उपदफा (३) बमोजिम यस कम्पनीका शेयरधनीज्यूहरुले मिति २०८१/०७/२५ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको छ। ऐ ऐनको दफा ५६ को उपदफा (११) बमोजिम सूचना प्रकाशित भएको मितिले १५ दिन समाप्त भएको अर्को दिन मिति २०८१/०८/१० देखि अन्तिम मिति २०८१/०९/१४ गते सम्म जम्मा ३५ दिन भित्र प्रति शेयर रु. १००/– (एक सय) का दरले हुन आउने रकम यस कम्पनीको एभरेष्ट बैंक, लाजिम्पाट शाखाको खाता नं. ०१४००१०५००००९७ मा शेयर वापतको रकम जम्मा गर्नु हुन यसै सूचनाबाट जानकारी गराइन्छ। अन्यथा उल्लेखित समयमा शेयर वापतको रकम जम्मा नगर्ने शेयरधनीहरुको हकमा कानुन बमोजिम भैजाने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

कम्पनी सचिव

नेशनल डेन्टल हस्पिटल लिमिटेड
पानीपोखरी, काठमाडौं, नेपाल
फोन नं. ९७७-४००२७१४, ४००२७१५, ४००२७१६

लाल आयोगको प्रतिवेदन सार्वजनिक

काठमाडौं / ऊर्जा मन्त्रालयले डेडिकेटेड फिडर तथा ट्रंकलाइनको विद्युत् महसुलको विवाद समाधानका लागि गठित जाँचबुझ आयोग, २०८० को प्रतिवेदन सोमबार सार्वजनिक गरेको छ। मन्त्रिपरिषद्‌बाट स्वीकृति पाएपछि मन्त्रालयले पत्रकार सम्मेलन गर्दै प्रतिवेदन सार्वजनिक गरेको हो। विवाद समाधान गर्न गत २४ पुस ०८० मा तत्कालीन सरकारले पूर्वन्यायाधीश गिरीशचन्द्र लालको अध्यक्षतामा आयोग गठन गरेको थियो। त्यो आयोगले २३ वैशाखमा ऊर्जा मन्त्रालयलाई प्रतिवेदन बुझाएको थियो। अहिले मन्त्रिपरिषद्‌ले स्वीकृति दिएपछि उक्त प्रतिवेदन सार्वजनिक गरिएको हो।

ऊर्जामन्त्री खड्काले दुवै पक्षको चाहनाअनुसार र आयोगको प्रतिवेदनबारे बुझ्न सार्वजनिक गर्ने निर्णय भएको बताए। 'उद्योगीहरूले लाल आयोगको प्रतिवेदन कार्यान्वयन भएपछि बक्यौता तिर्छु भनेको र प्राधिकरणले पनि लाल आयोगकै प्रतिवेदनअनुसार बक्यौता उठाएको भनेर भन्दै आएको अवस्था थियो। त्यो अवस्थामा यसको प्रतिवेदनमा के छ भनेर हेर्न र बुझाउन पनि यस्तो निर्णय गरियो,' उनले भने, 'लाल आयोगकै प्रतिवेदनको आधारमा अब बक्यौता असुली प्रक्रिया अघि बढ्छ। त्यसपछि विवाद समाधान हुन्छ।' यद्यपि, यो प्रतिवेदन कार्यान्वयन गर्ने भनेर लिखित रूपमा निर्णय भएको छैन।

यस्तै, ऊर्जासचिवले हाललाई माघ ०७२ देखि वैशाख ०७५ सम्मकै अवधिको बक्यौता उठाउने प्रक्रिया अघि बढाउने बताए। यसमा सरकारले सहजीकरण गर्न खोजेको उनको भनाइ छ। पत्रकार सम्मेलनमा छोटो अभिव्यक्ति दिएर मन्त्री खड्का बाहिरिएका थिए। उनले सचिव आचार्यलाई जिम्मेवारी दिए पनि राज्यमन्त्री पूर्णबहादुर तामाङले मन्त्री नै गइसकेपछि थप छलफल नहुने भन्दै पत्रकार सम्मेलन समापन गरेका थिए। त्यसबिचमा पत्रकारहरूले थुप्रै जिज्ञासा राखेका थिए। मन्त्री खड्का भने अर्को बैठक रहेको भन्दै बाहिरिएका थिए।

आयोग अध्यक्ष गिरीशचन्द्र लालले प्रतिवेदन सार्वजनिक हुँदा राम्रो लागेको बताए। 'यो सार्वजनिक हुनु राम्रो हो। अब आमजनताले पढेर यसको विषयवस्तु बुझ्न सक्नेछन्,' उनले भने, 'अहिलेलाई यसबारे मेरो कुनै प्रतिक्रिया छैन। केही दिनपछि मेरो आफ्नो प्रतिक्रिया दिनेछु।'

■ प्रतिवेदनमा के छ ?

● १६ असार ०७३ देखि मात्र महसुल लागू हुनुपर्ने मुनासिब

आयोगले प्रतिवेदनमा १ साउन ०७२ देखि २९ पुस ०७२ सम्मको डेडिकेटेड फिडर र १ साउन ०७२ देखि १६ असार ०७३ सम्मको ट्रंकलाइनको महसुल नलिन सुझाव दिएको छ। विद्युत् प्राधिकरणले १ साउनदेखि लागू हुने गरी १२ असार ०७२ मा डेडिकेटेड फिडरको महसुल दर तोके पनि आयोगले २९ पुस ०७२ मा यसबारे निर्णय लिएको थियो। त्यसैगरी, ट्रंकलाइनको हकमा आयोगले १६ असार ०७३ मा मात्र निर्णय गरेको छ। यसैलाई आधार मानेर प्रतिवेदनमा आयोगको निर्णयपछि मात्र शुल्क लिन पाउने सिफारिस छ। 'डेडिकेटेड फिडरलाइनको महसुल सम्बन्धमा, विद्युत् महसुल निर्धारण आयोगको २९ पुस ०७२ बैठकको निर्णय भएको मितिपछि र ट्रंकलाइनको महसुल सम्बन्धमा सोही आयोगबाट १६ असार ०७३ बैठकबाट भएको निर्णयपछि ती महसुलहरू लागू हुनुपर्ने मुनासिब देखिन आउँछ,' प्रतिवेदनमा छ। प्राधिकरणले भने सेवा दिएको दिनदेखि नै शुल्क उठाउन पाउनुपर्ने गरी बक्यौता तोकेको छ।

● पुनः हिसाब गरी छुट महसुल लिन सिफारिस

अहिलेको मूल विवाद रहेको दोस्रो अवधि ०७२ माघ देखि ०७५ वैशाखसम्मको पुनः हिसाब गरी छुट महसुल लिन सिफारिस गरेको छ। यो लागू गर्दा प्राधिकरणको हालको बक्यौतामा पुनर्विचार हुनेछ। 'प्राधिकरण स्वयंले जारी गरेका लोडसेडिङसम्बन्धी सूचनाहरूसमेत ध्यानमा राखी डेडिकेटेडलाइनमार्फत सम्बन्धित ग्राहकहरूलाई विद्युत् आपूर्ति भएका दिन तथा अवधिहरू यकिन गरी पुनः हिसाब गरी छुट महसुल लिनुपर्दछ,' प्राधिकरणका लोडसेडिङसम्बन्धी विभिन्न सूचना उल्लेख गर्दै प्रतिवेदनमा छ। यद्यपि, उक्त समयावधिभित्र विद्युत् प्राधिकरणबाट सम्बन्धित औद्योगिक ग्राहकलाई लोडसेडिङको समयमा समेत डेडिकेटेड लाइनका मापदण्डमा रही २४ घण्टा आपूर्ति कायम रहेको महसुल लिन पाउने प्रतिवेदनमा छ।

● लोडसेडिङ नभएको अवस्थामा डेडिकेटेड र ट्रंकलाइनको शुल्क लिन पाइँदैन

विवादित तेस्रो अवधि ०७५ जेठदेखि ०७७ असारसम्मको अवधिलाई लिएर आयोगको प्रतिवेदनमा लोडसेडिङ नभएको अवस्थामा डेडिकेटेड र ट्रंकलाइनको शुल्क लिन नपाइने सिफारिस छ। विद्युत् प्राधिकरण स्वयंले ३१ वैशाख ०७५ देखि औद्योगिक ग्राहकको समेत लोडसेडिङ अन्त्य गरिएको सूचना ३० वैशाखको गोरखापत्रमा प्रकाशित गरी नेपालमा लोडसेडिङ अन्त्य भएको भनेको छ। लोडसेडिङ नभएको अवस्थामा डेडिकेटेड र ट्रंकलाइनको अस्तित्व सिद्धिएको कुरा मान्नु नै पर्ने प्रतिवेदनमा छ। यसैका आधारमा प्रतिवेदनमा 'त्यसकारण, ती अवधिका नियमित महसुल यी ग्राहकहरूले बुझाइसकेको देखिनाले लोडसेडिङको विशेष परिस्थितिमा गरिएका विशेष अवस्थाका महसुल लगाउन जारी राख्न खोज्नु कुनै कारणले पनि औचित्यपूर्ण एवं कानुनसम्मत हुन सक्दैन। तसर्थ, सो अवधिका त्यस्ता महसुल लिनु मुनासिब देखिँदैन' भन्ने सिफारिस छ।

● बिचकै अवधिमा पनि ट्रंकलाइनको महसुल नउठाउन सुझाव

आयोगले लाडसेडिङ व्याप्त रहेको माघ ०७२ देखि वैशाख ०७५ सम्मको आंशिक अवधिमा ट्रंकलाइनको महसुल उठाउन नपाउने सुझाव दिएको छ। ट्रंकलाइनमार्फत विद्युत् आपूर्ति गर्न दैनिक कम्तीमा ६ घण्टा लोडसेडिङ र कम्तीमा २० घन्टा निरन्तर विद्युत् आपूर्ति गरेको हुनुपर्ने मापदण्ड प्राधिकरण र महसुल निर्धारण आयोगले नै बनाएका छन्। २५ कात्तिक ०७३ मा प्राधिकरणले एक सूचना जारी गर्दै औद्योगिक क्षेत्रमा चार घण्टा मात्र लोडसेडिङ हुने जानकारी गराएको थियो। उक्त सूचनापछि लोडसेडिङ बढे-घटेको अर्को कुनै सूचनासमेत प्राधिकरणबाट जारी नभएकाले त्यसयताको समयमा औद्योगिक क्षेत्रले दैनिक चार घण्टा मात्र लोडसेडिङ व्यहोरेको आयोगको निष्कर्ष छ। आयोगले कुनै अवधिमा ६ घण्टाभन्दा बढी लोडसेडिङ भएको पर्याप्त प्रमाण भए त्यस्तो दिन र समयको मात्रै यकिन गरी ट्रंकलाइनको दरअनुसार महसुल लिन पाउने सुझाव दिएको छ।

● आयोगबाट सक्षमतापूर्वक हुनु समाधान हुन आवश्यक छ

विद्युत् नियमन आयोगको क्षमतामाथि प्रश्न उठाउँदै प्रतिवेदनमा समयभित्रै निर्णय दिन सुझाव छ। 'खास गरेर विद्युत् नियमन आयोगले सशक्त रूपले त्यसतर्फ उपचार दिन नसकेको अवस्थामा, महसुलसम्बन्धी विवाद बढ्दै जानुको साथै ती निकायहरूको कानुनका व्यवस्थाअनुसार विवाद समाधान गर्ने क्षमतामाथि पनि प्रश्न उत्पन्न हुनु स्वाभाविक हुन्छ, त्यसकारण विवाद सम्बन्धमा विद्युत् नियमन आयोगसमक्ष परेका निवेदनहरूका समाधान मुनासिब माफिकको समयभित्रै सो आयोगबाट सक्षमतापूर्वक हुनु आवश्यक देखिन आउँछ,' प्रतिवेदनमा छ।

मोटरसाइकल हरायो

मिति २०८१/७/७ गते अन्दाजी १८:०० बजेको समयमा सहिद गंगालाल हस्पिटल बाँसबारी, काठमाडौं स्थित पार्कीङ गरी राखेको मेरो निम्न व्यहोरा भएको रातो कालो रंगको 220 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम: संजिव कुमार शाह
मो.सा.नं.: बा.प्र. -०२-०५३ प ३७९८
चेसिस नं.: MD2A13EX0RCE82681
इन्जिन नं.: DKXCRE33505
सम्पर्क न.: 9855042739

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५९९९१७०/८८/८८, फ्याक्स: +९७७-१-५९९९१८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कलंकी शाखा, काठमाडौं
सम्पर्क फोन: +९७७-०१-५२३४६६४

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैतीस) दिने सूचना

लिखितम श्री चैत्य रत्न बज्राचार्यको नाति, हर्ष रत्न बज्राचार्यको छोरा, बागमति प्रदेश, काठमाडौं जिल्ला वडा नं.१४ बस्ने वर्ष ६० को श्री किरण बज्राचार्यको मिति २०८१/०६/२० (ई.सं. ०६/१०/२०२४) मा मृत्यु भएकोले स्व. श्री किरण बज्राचार्यको पत्नी हाल काठमाडौं जिल्ला वडा नं.१४ बस्ने प्रमिला शाक्यले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको कलंकी शाखा, काठमाडौंमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

27 बैंक पनि, साथी पनि राम्रो पनि, हाम्रो पनि

उद्योगमा...

पृष्ठ १ बाट क्रमशः

लाइन जोड्न बोर्डको निर्णय कुर्नुनपर्ने' दाबी गरिसकेका छन्। ऊर्जामन्त्री (अध्यक्ष), ऊर्जासचिव (सदस्य), राजस्वसचिव (सदस्य), प्राधिकरण कार्यकारी निर्देशक सदस्यसचिव र नियुक्त गरिएका चार सदस्य गरी प्राधिकरण सञ्चालक समिति कुल आठ सदस्यीय हुन्छ। बैठक बसेर कुनै निर्णय गर्न कोरम पुग्नुपर्छ। कोरम पुग्न बैठकमा पाँच सदस्य अनिवार्य उपस्थित हुनुपर्छ। सोमबारको बैठकमा अध्यक्ष रहेका मन्त्री खड्का, ऊर्जासचिव सुरेश आचार्य, राजस्वसचिव दिनेशकुमार घिमिरे र सदस्यसचिव कुलमान घिसिङ मात्र उपस्थित थिए। सञ्चालक सदस्यहरू भक्तबहादुर पुन, कपिल आचार्य, भरतराज आचार्य र रतनबहादुर ऐर भने अनुपस्थित रहे। पुन र आचार्यलाई यसअघि सरकारले कारबाही गरेर हटाए पनि सर्वोच्चले पुनर्वहाली गरेको थियो।

उनीहरूलाई सुरुमा अपराह्न ३ बजे बैठकमा उपस्थित हुन भनिए पनि निर्णय कार्यान्वयनका लागि मन्त्रिपरिषद्‌ले ऊर्जा मन्त्रालयलाई लिखित पत्र पठाएको थिएन। कोरम पनि नपुगेपछि बैठक ५ बजेका लागि सारियो। मन्त्रिपरिषद् बैठकको लिखित निर्णय पनि ५ बजे नै प्राप्त भयो। त्यसपछि ऊर्जा मन्त्रालयले प्राधिकरणलाई पत्र काट्यो। तर, कोरम नपुगेपछि बैठकले कुनै निर्णय गर्न सकेन। त्यसपछि साँझ ६ बजे मन्त्री खड्काले पत्रकार सम्मेलन गरेर बक्यौता महसुल विवादसम्बन्धी लाल आयोगको प्रतिवेदन सार्वजनिक गरे। सम्मेलनमै उनले उद्योगहरूमा लाइन जोड्न बोर्ड (सञ्चालक समिति) को निर्णय कुर्नुनपर्ने दाबी गरे।

'मन्त्रिपरिषद्‌बाट निर्णय भइसकेको छ। प्राधिकरणलाई पत्राचार पनि भइसकेको छ। मन्त्रिपरिषद्‌को निर्णय भएका कारण, प्राधिकरणको बोर्डभन्दा माथि मन्त्रिपरिषद् हो। त्यो अवस्थामा बोर्डको निर्णय कुर्नुपर्ने छैन। तथापि, बोर्ड बैठक भोलि (मंगलबार) बस्ने नै छ। मन्त्रिपरिषद्‌बाट पत्र प्राप्त भएको २४ घण्टामा उद्योगमा लाइन जोड्ने हो। त्यो समयसीमाभित्र उद्योगमा लाइन जोडिन्छ,' मन्त्री खड्काको दाबी थियो।

यसले सञ्चालक समितिबाट निर्णय गराउन सक्नेमा मन्त्री ढुक्क नरहेको संकेत गर्छ। मन्त्रिपरिषद्‌को निर्णयअनुसार माइन्युटको मस्यौदा पनि तयार भइसकेको बताइएको छ। मन्त्री खड्काले अब मंगलबार बैठक बस्ने बताए पनि सोमबार साँझसम्म आह्वान भने गरिएको छैन।

सोमबार साँझ ऊर्जा मन्त्रालयमै डाकिएको बैठकमा उपस्थित कुलमानसँग मन्त्री खड्काले उद्योगमा लाइन जोड्न सहयोग मागेका थिए। तर, कुलमानले लाइन जोड्दा बक्यौता उठ्ने ग्यारेन्टी तथा १५ दिनभित्र बक्यौता नतिरे पुनः लाइन काट्न पाउने कि नपाउने भनेर स्पष्ट जवाफ मागेका थिए। बैठकमा सहभागी एक सदस्यका अनुसार कुलमानले खोजेको सुनिश्चिततामा मन्त्री खड्काले कुनै प्रतिक्रिया दिएका थिएनन्।

लोडसेडिङका वेला डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४ घण्टासम्म प्रयोग गरेको विद्युत्‌को प्रिमियम महसुल नतिरेको भन्दै प्राधिकरणले अहिले २८ उद्योगमा लाइन काटेको छ। सोही क्रममा आइतबारको मन्त्रिपरिषद्‌ले टाइम अफ डे (टिओडी) मिटरको तथ्यांकलगायतका आधारमा बक्यौता उठाउन ऊर्जा मन्त्रालयमार्फत प्राधिकरणलाई निर्देशन दिने निर्णय गरेको थियो। प्राधिकरण ऐनको दफा २५ मा प्राधिकरणले सरकारको निर्देशन मान्नुपर्ने भनिएको छ। त्यसमै टेकेर सरकारले प्राधिकरणमाथि हस्तक्षेपको नीति लिएको छ। बक्यौता असुल नभई ग्राहकको लाइन जोड्नुपर्ने भएमा प्राधिकरणलाई विद्युत् नियमन आयोग, ऊर्जा मन्त्रालयजस्ता माथिल्लो निकायबाट लिखित निर्देशन आउनुपर्छ। सोही लिखित निर्देशनलाई प्राधिकरणको सञ्चालक समितिमा पेस गरी बक्यौता असुल नभए पनि उद्योगहरूमा लाइन जोड्ने निर्णय गर्न खोज्दै छ।

सरकारको निर्देशनलाई गम्भीर रूपमा लिएका छौं : प्राधिकरण

प्रधानमन्त्री केपी ओलीले नै दुई साताअघिको मन्त्रिपरिषद्‌मा यो विवाद विद्युत् नियमन आयोगबाट निरुपण गर्नुपर्ने बताएका थिए। सोहीअनुसार ऊर्जा मन्त्रालयसँगको सहकार्यमा १४ कात्तिकमा नियमन आयोगले पहिलो किस्ता बुझाएपछि उद्योगमा लाइन जोड्न निर्देशन दिएको थियो। तर, अहिले आकस्मिक रूपमा मन्त्रिपरिषद्‌ले लाइन जोड्न निर्देशन दिनु गम्भीर विषय भएको प्राधिकरण सञ्चालक समिति सदस्य कपिल आचार्यले बताए।

'यसअघि २७ वैशाखमा पनि मन्त्रिपरिषद्‌ले लाल आयोगकै प्रतिवेदनको आधारमा निर्णय गरेको हो। अहिले त्यही प्रतिवेदनको आधारमा मन्त्रिपरिषद्‌ले किन फरक निर्णय गर्‍यो ? एउटै प्रतिवेदनलाई लिएर किन फरक निर्णय आयो ?' उनले भने, 'केही दिनअघि मात्रै विद्युत् नियमन आयोगले पहिलो किस्ता प्राप्त भएमा लाइन जोड्नू भनेर निर्देशन दिएको थियो। त्यसपछि प्रशासनिक पुनरावलोकन प्रक्रियाबाट विवाद निरुपण गर्ने पनि भनिएको थियो। त्यसका लागि राख्नुपर्ने धरौटी पनि घटाइएको थियो। सरकारकै पहलमा उक्त निर्देशन आएको, उद्योगीहरू पनि त्यसमा सहमत रहेको भनेर हामीलाई भनिएको थियो। तर, अहिले एक्कासि फरक निर्णय र निर्देशन कसरी आयो ? यो आफैँमा शंकास्पद छ।'

घुमाइफिराई उद्योगीलाई विद्युत् महसुलमा छुट दिने प्रपञ्च सरकारले रचेको स्रोतको भनाइ छ। सरकारको पछिल्लो निर्देशन निकै गम्भीर रूपमा आएको प्राधिकरणका एक उच्च अधिकारीले बताए।

विनाविभागीय...

पृष्ठ १ बाट क्रमशः

दुवैलाई मिलाएर गरिबी निवारण तथा सहकारी मन्त्रालय बनाउने विषयमा कांग्रेस र एमालेमा छलफल भइरहेको छ। मुख्यमन्त्री कार्यालयका सचिव श्रवणकुमार पोखरेल सरुवा भइसकेको र नयाँ सचिव नियुक्ति नभएकाले मंगलबार सचिवको नियुक्ति गरेर मात्रै मन्त्री श्रेष्ठलाई विभागीय जिम्मेवारी दिने सम्भावना छ। कांग्रेस र एमालेको गठबन्धन बनेपछि बनेको नयाँ सरकारमा मन्त्री बनेका मदुकुमार श्रेष्ठले १११ दिनदेखि विभागीय जिम्मेवारी पाउन सकेका छैनन्। उनले गत ९ साउनमा प्रदेशका मुख्यमन्त्री लामासँगै शपथ लिएका थिए।

चार दिनमा...

पृष्ठ १ बाट क्रमशः

हरेक दिन भइरहेका छन्।

सोमबार बागलुङको जैमिनी नगरपालिका-८, छिस्तीबाट सदरमुकाम बागलुङ बजार आउँदै गरेको ग २ च ९२४७ नम्बरको पिकअप जिप जैदी हर्देवा पाखामा दुर्घटनामा परेको छ। दुर्घटनामा एउटै गाउँ केबईका पाँचजनाको मृत्यु भएको र एकजना घाइते भएको बागलुङ प्रहरीका सूचना अधिकारी केशव थापाले बताए।

जिपचालक जैमिनी नगरपालिका- ८, केबईका ३८ वर्षीय महेन्द्र पुन, २० वर्षीया रश्मि श्रीस, ५० वर्षीया नन्दकली पुन, १७ वर्षीय नीरज श्रीस र ७५ वर्षीय कुलप्रसाद श्रीसको ज्यान गएको हो। दुर्घटनामा घाइते केबईकै ४५ वर्षीय गंगाबहादुर श्रीसको धौलागिरी अस्पताल बागलुङमा उपचार भइरहेको छ।

त्यस्तै, जाजरकोटको भेरी नगरपालिका र नलगाड नगरपालिकामा भएका छुट्टाछुट्टै दुर्घटनाका ३९ घाइतेमध्ये ११ जनालाई उपचारका लागि सेनाको हेलिकोप्टरमार्फत सुर्खेत लगिएको छ। गम्भीर घाइते ११ जनाको कर्णाली प्रादेशिक अस्पताल सुर्खेतमा उपचार भइरहेको स्वास्थ्य सेवा कार्यालय जाजरकोटका प्रमुख डा. सुनील पुनले बताए। अन्यको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको छ।

उठ्न सकेन...

पृष्ठ १ बाट क्रमशः

गोटीखेलको दृश्य यस्तै छ। बाढीले उठिबास भएकाहरू थातथलो छाडेर अन्यत्रै आश्रय लिन पुगेका छन्। महांकाल गाउँपालिकाका अनुसार ११ असोजमा धामी, बोल्वे र टुंगुन खोलामा आएको बाढीले क्षति पुर्‍याएपछि पालिकाका दुई सय घरमा क्षति भएको थियो। नौ स्थानीय व्यक्तिसहित दुई सयभन्दा बढी पशु चौपाया बाढीले बगायो भने पाँच सय रोपनीमा लगाएको धानबाली ध्वस्त बनायो। गोटिखेल क्षेत्रमा मात्रै तीन पक्कीसहित १० घर बाढीले बगाएको पालिकाका अध्यक्ष गणेशबहादुर केसीले जानकारी दिए।

'बाढीले पारेको क्षतिको समाधान पालिका एक्लैले गर्न सक्दैन, सबै बाटा पुरिएका छन्, गाउँबस्ती नै तहसनहस भएको छ, स्थानीयवासीको पुनर्वास गर्नुपर्ने अवस्था छ,' उनले भने, 'संघ र प्रदेश सरकारबाट आएको अनुदान तथा बजेटका आधारमा हामीले क्षतिको समाधान गर्छौं।' बाढीपछि तत्कालका लागि केन्द्र सरकारबाट एक करोड र प्रदेश सरकारबाट १५ लाख बजेट पालिकालाई आए पनि उक्त रकमले सरकारी संरचनामा पुगेको क्षतिसमेत समाधान गर्न नपुग्ने केसीको भनाइ छ।

गाउँपालिकाको जम्मा बजेट पाँच करोड हाराहारी हो भने विपत् व्यवस्थापनमा १५ लाख रुपैयाँ छुट्याइएको थियो। तर, सोचेभन्दा ठुलो क्षति भएकाले समाधान गर्न बजेट नभएको पालिका प्रमुख केसीले बताए। महांकाल गाउँपालिकाका दुई सय हाराहारी घरमा पूर्ण क्षति भएको छ। दुई सय परिवारलाई पुनर्वासको खाँचो छ। तर, पालिकाले पुनर्वासको व्यवस्था गर्न सक्ने अवस्था नभएको पालिकाले जनाएको छ।

बाढीले घरबारी बगाएपछि स्थानीयवासी आफन्त तथा छिमेकीकहाँ बसोबास गरिरहेको गोटिखेलका कमल तिमिल्सिनाले जानकारी दिए। उनका अनुसार गोटिखेलमा आएको बाढीपहिरोले पक्की घरसमेत बगाएको थियो। 'मेरो दाइ, माइलो बुबालगायतको घर बाढीले बगायो, परिवारका तीनजनालाई गुमाउनुर्‍यो,' उनले भने, 'बाढीपछि खानेपानीको समस्या बढेको छ, बाटाघाटा पनि बिग्रिएका छन्, खेतीपाती गर्ने मलिला खेतबारी बगर बनेका छन्।' उनका अनुसार पीडितहरू आफन्तको घरमा बसेका छन्। कतिपय चापागाउँ तथा भैँसेपाटी क्षेत्रमा भाडामा बस्न थालेका छन्।

ठुलो प्राकृतिक विपत्तिको चपेटामा परेको गोटीखेल तत्काल उठ्ने अवस्थामा देखिँदैन। यहाँ बाढी नपसेको र क्षति नपुगेको कुनै घर छैन। सामान्य क्षतिदेखि ठुलो क्षतिसम्म व्यहोरेका स्थानीयहरू बाढीपहिरोले पारेको क्षतिबाट कसरी उम्कने भन्ने चिन्तामा छन्। बाढीपछि महांकाल- २ मा पर्ने ठोस्ने खोला बस्ती पुनर्वास गर्नुपर्ने अवस्था छ। त्यस्तै, वैतरणी-धाम क्षेत्रका घरहरू पनि बस्न सक्ने अवस्थामा छैनन्। पालिकाले जोखिम अवस्थामा रहेका घर र स्थानीयलाई आश्रयको लागि अन्य ठाउँ खोज्ने बताएको छ। त्यस्तै, टुंगुन खोलामा आएको बाढीले आसपासका घरहरूमा क्षति पुर्‍याएको थियो। यो खोला बगुवाबाट बागमती नदीमा मिसिन्छ। त्यस्तै, महांकाल- ६ को ठुलोदुर्लुङमा पनि ९ घर पहिराले बगाएको थियो।

कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०७/२७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

पथरी, मोरङ शाखा

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग कार्यालय, मोरङ्गमा मिति २०७१/०२/१९ मा प्रा.फ.नं.घ.मो. ११२२५/०७०-७१ कायम भई दर्ता रहेको मोरङ्ग जिल्ला, गोविन्दपुर गा.वि.स. वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **सिता देवी चौधरी कृषी फार्म।**
प्रोप्राईटर - गौरी नारायण चौधरी

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **प्रतिक्षा चौधरी**
ना.प्र.नं.- ०५-०२-७२-००७२०
जारी मिति - २०७२/०३/०९, जि.प्र.का. मोरङ्ग
बाबु - गौरी नारायण चौधरी
बाजे - नेविलाल चौधरी
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, गोविन्दपुर गा.वि.स., वडा नं. ०५
हालको ठेगाना- मोरङ्ग जिल्ला सुनवर्षी न.पा. वडा नं. ०६

२. **मिलन कुमारी चौधरी**
ना.प्र.नं.- ०५-०२-७२-००७२१
जारी मिति - २०७२/०३/०९, जि.प्र.का. मोरङ्ग
बाबु - गौरी नारायण चौधरी
बाजे - नेविलाल चौधरी
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, गोविन्दपुर गा.वि.स., वडा नं. ०५
हालको ठेगाना- मोरङ्ग जिल्ला सुनवर्षी न.पा. वडा नं. ०६

३. **नरेन्द्र चौधरी**
ना.प्र.नं.- ०५-०२-७२-००७१९
जारी मिति - २०७२/०३/०९, जि.प्र.का. मोरङ्ग
बाबु - गौरी नारायण चौधरी
बाजे - नेविलाल चौधरी
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, गोविन्दपुर गा.वि.स., वडा नं. ०५
हालको ठेगाना- मोरङ्ग जिल्ला सुनवर्षी न.पा. वडा नं. ०६

४. **गौरी नारायण चौधरी**
ना.प्र.नं.- ४१५७
जारी मिति - २०४९/०९/०८, जि.प्र.का. मोरङ्ग
बाबु - नेविलाल चौधरी
बाजे - भुवनेश्वर चौधरी
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, गोविन्दपुर गा.वि.स., वडा नं. ०५
हालको ठेगाना- मोरङ्ग जिल्ला सुनवर्षी न.पा. वडा नं. ०६

५. **सिता देवी चौधरी**
ना.प्र.नं.- ४४९/१७४
जारी मिति - २०४६/११/२०, जि.प्र.का. मोरङ्ग
बाबु - दुखिलाल चौधरी
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, बाहुनी गा.वि.स., वडा नं. ०६
हालको ठेगाना- मोरङ्ग जिल्ला सुनवर्षी न.पा. वडा नं. ०६

धितो सुरक्षणको विवरण

१. **सिता देवी चौधरी**को नाममा मालपोत कार्यालय रंगेली मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, गोविन्दपुर गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ५, ६ र २०६ को क्षे.फ. क्रमश: ०-७-०-२, ०-८-०-० र ०-१०-६-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. **सिता देवी चौधरी**को नाममा मालपोत कार्यालय रंगेली मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, गोविन्दपुर गा.वि.स. वडा नं. २, स्थित कित्ता नं. २०३ को क्षे.फ. ०-१०-७-२ (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
३. ऋणी **सिता देवी चौधरी कृषी फार्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

२. ऋणीको विवरण

राम प्रसाद पौडेल
ना.प्र.नं.- ४९५८/३१६३,
जारी मिति - २०५३/०१/०२ जि.प्र.का. मोरङ्ग
बाबु - गंगाधर पौडेल
बाजे- डन्ड वानी पौडेल
स्थायी ठेगाना- मोरङ्ग जिल्ला पथरी शनिश्चरे न.पा. वडा नं ०३
हालको ठेगाना- ऐ.ऐ

धितो सुरक्षणको विवरण

१. **राम प्रसाद पौडेल**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला अमरदह गा.बि.स. वडा न. ४/४न स्थित कि.नं. १९० को क्षे.फ. ०-९-१०-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात समेत।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **सबिता पौडेल**
ना.प्र.नं.- ०५२०२८/३५८२
जारी मिति - २०६७/०३/०१, जि.प्र.का. मोरङ्ग
बाबु - राम प्रसाद सुबेदी
पती- राम प्रसाद पौडेल
स्थायी ठेगाना- मोरङ जिल्ला, पथरी गा.वि.स/न.पा, वडा नं. ०७,
हालको ठेगाना- मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा., वडा नं. ०३

गैडाकोट, नवलपरासी (वर्दघाट सुस्तापुर्व) शाखा

१. ऋणीहरुको विवरण

उर्मिला ढकाल
ना.प्र.नं.- ४८८२५
जारी मिति - २०६२/०८/१५, जि.प्र.का. नवलपरासी
बाबु - तारा प्रसाद ढकाल
आमा - टीका ढकाल
बाजे - गंगाधर ढकाल
स्थायी ठेगाना- नवलपरासी जिल्ला, नारायणी गा.वि.स./उ.म.न.पा. वडा नं. ०२,
हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, कावासोती न.पा. वडा नं. ०८ ....१ र

राधा ढकाल
ना.प्र.नं.- ४८८२४
जारी मिति - २०६२/०८/१५, जि.प्र.का. नवलपरासी
बाबु - तारा प्रसाद ढकाल
आमा - टीका ढकाल
बाजे - गंगाधर ढकाल
स्थायी ठेगाना- नवलपरासी जिल्ला, नारायणी गा.वि.स./उ.म.न.पा. वडा नं. ०२,
हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, कावासोती न.पा. वडा नं. ०८, ...१ को संयुक्त नाममा

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **टीका ढकाल**
ना.प्र.नं.- ३६३०२९/१५
जारी मिति - २०६३/१०/२१, जि.प्र.का. नवलपरासी
बाबु - तिलचन पराजुली
आमा - रेनुका पराजुली
ससुरा - गंगाधर ढकाल
पति - तारा प्रसाद ढकाल
स्थायी ठेगाना- नवलपरासी जिल्ला, नारायणी गा.वि.स./उ.म.न.पा. वडा नं. ०२
हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, कावासोती न.पा. वडा नं. ०८

धितो सुरक्षणको विवरण

१. **उर्मिला ढकाल**को नाममा मालपोत कार्यालय कावासोती नवलपरासी (वर्दघाट सुस्तापुर्व) मा दर्ता कायम रहेको नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला कोलुवा गा.वि.स. वडा नं. ८/ख (हाल नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६७३, २५६ र ६७२ को क्षेत्रफल क्रमश: ०-४-०-०, ०-०-१८-० र ०-१-६.५०-० -वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

२. ऋणीहरुको विवरण

गंगामाया दर्जी
ना.प्र.नं.- ८/३०१३७
जारी मिति - २०४६/०१/१४, जि.प्र.का. नवलपरासी
बाबु - गोरे परियार
आमा - मिठी परियार
बाजे - जुठे परियार
स्थायी ठेगाना- नवलपरासी (ब.सु.पू.) जिल्ला, गैडाकोट न.पा., वडा नं. ०४ (साविक नवलपरासी जिल्ला गैडाकोट गा.वि.स., वडा नं. ०४)...१ र

कृष्टि सागर
ना.प्र.नं.- ०३३१४८
जारी मिति - २०६३/०८/१२, जि.प्र.का. चितवन
बाबु - ज्ञान कुमार यादव
आमा - लक्ष्मी यादव
बाजे - सति कुमार यादव
स्थायी ठेगाना- चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. १०,
हालको ठेगाना- नवलपरासी (ब.सु.पू.) जिल्ला, गैडाकोट न.पा., वडा नं. ०४....१ को संयुक्त नाममा

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **सुरेश कुमार परियार**
ना.प्र.नं.- ३६२००५/२०८२
जारी मिति - २०६८/०८/०९, जि.प्र.का. नवलपरासी
बाबु - अम्बर बहादुर दर्जी
आमा - गंगामाया दर्जी
बाजे - हर्क बहादुर दर्जी
स्थायी ठेगाना- नवलपरासी (ब.सु.पू.) जिल्ला, गैडाकोट न.पा., वडा नं. ०४ (साविक नवलपरासी जिल्ला गैडाकोट गा.वि.स., वडा नं. ०४)

२. **ज्ञानु परियार**
ना.प्र.नं.- ३४७०६
जारी मिति - २०६०/०७/२६, जि.प्र.का. नवलपरासी
बाबु - अम्बर बहादुर दर्जी
आमा - गंगामाया दर्जी
बाजे - हर्क बहादुर दर्जी
स्थायी ठेगाना- नवलपरासी (ब.सु.पू.) जिल्ला, गैडाकोट न.पा., वडा नं. ०४ (साविक नवलपरासी जिल्ला गैडाकोट गा.वि.स., वडा नं. ०४)

धितो सुरक्षणको विवरण

१. **गंगामाया दर्जी**को नाममा मालपोत कार्यालय कावासोती नवलपरासी (वर्दघाट सुस्तापुर्व) मा दर्ता कायम रहेको नवलपरासी जिल्ला गैडाकोट गा.वि.स./न.पा. वडा नं. ४क (हाल नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला गैडाकोट न.पा. वडा नं. ४) स्थित कित्ता नं. ८१८ को क्षेत्रफल ०-१०-२-३ (रोपनी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

रोमाञ्चक मोडमा इंग्लिस प्रिमियर लिग

एजेन्सी

विश्व चर्चित इंग्लिस प्रिमियर लिग (इपिएल)मा अहिले ११ खेल पूरा भएको छ। लिगको साइकल आधा पनि सकेको छैन। यही विन्दुबाटै इपिएलको उपाधि दौडमा रोमाञ्चकतातर्फ मोडिएको छ। इपिएलमा अहिले दुई टोली अगाडि छन्। लिभरपुल र साबिक विजेता म्यानचेस्टर सिटी ट्रफी जित्ने अभियानमा अन्य क्लबका तुलना अग्र स्थानमा छन्। आर्सनल र चेल्सीबिचको आइतबार राति १-१ को बराबरीले लिभरपुल र सिटीले फाइदा उठाए। हुन त साबिक विजेता सिटी ब्राइटनसँग अप्रत्याशित रूपमा पराजित हुँदा शीर्ष स्थानमा लिभरपुलले पाँच अंकको अग्रता लिएको हो। लिभरपुलले तेस्रो देखि छैटौं स्थानमा रहेका क्लबमाथि स्पष्ट नौ अंकको अग्रता बनाएको छ।



इपिएलको डेटाअनुसार अहिले आर्सनलको जित्ने ३.५ प्रतिशत र चेल्सीको ०.२ सम्भावना प्रतिशत छ। फुटबल पण्डित तथा आर्सनलका पूर्वस्ट्राइकर थिओ वालकोटले तत्कालै उपाधि जित्ने क्लबको भविष्यवाणी गर्नु गलत हुने बताएका छन्।

लिभरपुलको सम्भावना कति ?

इपिएलको इतिहासमा ११ खेलपछि शीर्ष स्थानमा पाँच अंकको अग्रता लिने लिभरपुल पाँचौं क्लब हो। सन् २०१९-२० को सिजनमा लिभरपुलले सुरुवाती पाँच खेल जित्दै उपाधि हात पारेको छ। जर्गेन क्लोपको बार्हिगमनपछि लिभरपुलले ६ वर्षअघिको सफतला दोहोऱ्याउन सक्छ वा सक्दैन भन्ने प्रश्न छ। क्लोप बाहिरिए पनि खेलाडीले उत्कृष्ट प्रदर्शन गरिरहेका छन्।

फुटबल पण्डितहरूले लिभरपुलले टूफी जित्ने सम्भावना ५८.३ प्रतिशत राखेका छन्। आर्सनलका पूर्वखेलाडी वालकोटले लिभरपुलको उपाधि जित्ने सम्भावना रहेको दाबी गरेका छन्। 'यही प्रदर्शन अन्तिमसम्म जारी राख्दा एन्डफिल्डमा इपिएल उपाधि पक्कै भित्रिनेछ,' उनले भने, 'घरेलु मैदानमा उनीहरू कमजोर देखिएका छन्, तर अवे खेलमा उत्कृष्ट छन्।' लिभरपुलका पूर्वमिडफिल्डर जेमिए राडनापले डिसेम्बरपछिको प्रदर्शनले शीर्ष दुई क्लबको छिनोफानो हुने बताए। अझ १ डिसेम्बरमा लिभरपुल र म्यानचेस्टर सिटीबिच एन्डफिल्डमा खेल हुनेछ। यस खेलले पनि उपाधि दाबेदार क्लबको खाका बन्ने उनले बताए।

आर्सनल बाहिरिएको हो ?

पछिल्लो दुई संस्करणमा आर्सनलले सिटीलाई निकै चुनौती दियो। आर्सनल लिगको अन्तिम चरणमा चुक्दा सिटीले उपाधि रक्षा गऱ्यो। यसपटक आर्सनलका समर्थकले दुई वर्षअघिको प्रदर्शन अपेक्षा गरेका थिए। समर्थकको चाहनाअनुरूप आर्सनलले प्रदर्शन गर्न सकेको छैन। सन् २०२१-२२ को सिजनमा पहिलो चरणको खेल समाप्तिमा आर्सनलले नौ अंकको अग्रता लिएको थियो। सिजन समाप्तिसम्म आर्सनल शीर्ष स्थानमा धेरै पछि पऱ्यो। 'गत सिजनमा आर्सनलले अन्तिम समयमा गोल गर्न सकेन, उपाधि जित्न नसक्नुको कारण पनि यही थियो,' वालकोटले भने, 'उपाधि उचाल्न निरन्तर रूपमा विपक्षी पोस्टमा गर्नुपर्छ, जुन पक्षमा आर्सनल चुकेको देखिन्थ्यो।' कप्तान मार्टिन ओडेगार्डले अझै पनि आर्सनलको उपाधि जित्ने सपना समाप्त नभएको जनाए।

ओरालो लाग्दै सिटी

यसपटक म्यानचेस्टर सिटीको खेल गत दुई सिजनको जस्तो छैन। पेप ग्वाडिओलाले प्रशिक्षक बनेयता सिटी पहिलोपटक सबै खाले युरोपियन प्रतियोगितामा चार खेलमा पराजित भयो। धेरैजसोले पेपको युग समाप्त भएको जनाएका छन्। यद्यपि, उनी जहाँजहाँ आबद्ध भए, त्यस क्लबलाई युरोपियन तथा क्लब च्याम्पियन बनाएका छन्। यसअघि बार्सिलोना र बायर्न म्युनिखलाई पनि युरोपियन च्याम्पियन्स तथा घरेलु लिग उपाधि दिलाएका थिए। इपिएलको डेटाअनुसार सिटीको उपाधि रक्षा गर्ने सम्भावना ३८ प्रतिशत रहेको छ। सिजनअगाडि सिटीको सम्भावना ८२ प्रतिशत रहेको थियो।

अंक तालिका

क्लब	खेल	गोलअन्तर	अंक
लिभरपुल	११	१५	२८
म्या.सिटी	११	९	२३
चेल्सी	११	८	१९
आर्सनल	११	६	१९
नटिघम	११	५	१९

एनपिएलको दोस्रो संस्करण फ्लड लाइटमा गर्ने क्यानको योजना

राष्ट्रिय गौरवको आयोजनामा समावेश त्रिवि मैदानमा फ्लड लाइट जडान गर्न ३० करोड आवश्यक पर्ने

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल) फ्लड लाइटमा गराउने योजना बनाएको छ। कीर्तिपुरको त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट (त्रिवि) मैदानमा फलड लाइटमा एनपिएल आयोजना गर्न ३० करोड खर्च हुने क्यानका सचिव पारस खड्काले बताए। 'डे-नाइटमा लिग आयोजना गर्न फ्लड लाइट आवश्यक पर्छ, यो जडान गर्न ३० करोड रुपैयाँ लाग्छ,' सोमबार सञ्चारकर्मीसँग खड्काले भने, 'सरकारमा भएकाहरूसँग छलफल गर्दा ३० करोड केही होइन भन्ने जवाफ पाए पनि अहिलेसम्म काम अगाडि बढेको छैन।'

गत ३० असारमा केपी ओली शर्माले प्रधानमन्त्रीको पद भार सम्हालेकै दिन त्रिवि क्रिकेट मैदानलाई तीन सय दिनभित्र फ्लड लाइटसहितको अन्तर्राष्ट्रियस्तरको बनाउने घोषणा गरेका थिए। तर, फ्लड लाइटसम्बन्धी मैदानमा केही काम भएको छैन। मैदानमा डिजिटल स्कोर बोर्ड भने निर्माण भएको छ। यसअघि, सरकारले त्रिवि मैदानलाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी फ्लड लाइट जडान गर्ने घोषणा गरेको थियो।

राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले अहिले त्रिवि क्रिकेट मैदानमा हुने भौतिक संरचना निर्माण काम सहरी विकास मन्त्रालयले हेर्ने बताएका छन्। 'राष्ट्रिय गौरव आयोजना भएकाले फ्लड लाइट जडानदेखि अन्य निर्माणका काम मन्त्रालयले हेर्छ,' घिसिङले भने, 'राखेपसँग केही जिम्मेवारी छैन।' क्यान सक्षम भए फ्लड लाइट आफूहरूले नै जडान क्यानका सचिव खड्काको भनाइ छ। 'हाम्रो इच्छा भनेको दोस्रो संस्करण फ्लड लाइटमा गर्ने हो। यसका लागि हामी आर्थिक संकलन गर्छौं,' उनले भने, 'यद्यपि, हामीले सरकारसँग निरन्तर रूपमा वार्ता गरिरहेका छौं।'

■ ब्रान्ड भ्यालु एक अर्ब पुग्ने

एनपिएल सुरु नहुँदै यसको ब्रान्ड भ्यालु बढेको छ। सहभागी आठ टोलीको लगानी र विभिन्न निजी कम्पनीसँग गरेको सम्झौताअनुसार अहिले एनपिएलको ब्रान्ड भ्यालु ५० करोडमाथि पुगेको छ। एनपिएल सुरु हुँदासम्म यसको भ्यालु एक अर्बसम्म पुग्न सक्ने क्यानका सचिव खड्काले बताए। 'एनपिएल सुरु नहुँदै यसमा ५० करोडमाथि लगानी भइसकेको छ, आगामि १५ मंसिरमा लिग हुँदा यसको भ्यालु सम्भवतः एक अर्ब हुन सक्छ,' उनले भने। पहिलो संस्करण सकिँदासम्म आठ फ्रेन्चाइज टोलीले औसतमा ५ करोड रुपैयाँभन्दा बढी खर्च हुनेछ। फ्रेन्चाइज टोलीको स्वामित्व लिन, खेलाडीको अक्सन, प्रोमोसन तथा विदेशी खेलाडी भित्र्याउँदासम्म आबद्ध टोलीहरूले करोडौं लगानी गरेका छन्। 'हरेक फ्रेन्चाइजले कम्तीमा पाँच करोडभन्दा बढी खर्च गर्दै छन्। त्यसको प्रतिफल तत्काल आउँदैन। यसलाई दिगो रूपमा अघि बढाउने र तीन-चार वर्षपछि मात्र फ्रेन्चाइजलाई आर्थिक लाभ हुँदैन भनेर भनेका छौं,' खड्काले भने, 'क्यानले पहिलोपटक यति ठूलो लगानी र धेरै टिम समावेश गरेर फ्रेन्चाइज लिग गर्न लागेको हो।'

■ फिक्सिङ रोक्न सुरक्षाकर्मी २४सै घण्टा परिचालन गरिने

दुई वर्षअघि नेपाल टी-२० लिगमा भएको म्याच फिक्सिङ घटना नदोहोऱ्याउन क्यानले यसपटक सतर्कता अपनाएको छ। क्यानले १५ मंसिर देखि ६ पुसम्म चल्ने एनपिएलमा सहभागी आठ फ्रेन्चाइज टोली २४ घण्टा नै निगरानी गर्नेछ। 'फ्रेन्चाइज टोलीलाई निगरानी गर्न २४सै घण्टा सेक्युरिटी अफिसर खटिनेछ, प्रत्येक टोलीसँग एक-एकजना सेक्युरिटी लायजन अफिसर हुनेछन्,' खड्काले भने, 'सुरक्षाकर्मीले खेलाडीदेखि अफिसियलसम्म गतिविधि हेर्नेछन्।' क्यानकै एन्टी करप्सन युनिटले पनि फिक्सिङको अनुसन्धान गर्नेछ। 'हामीले नेपाल प्रहरीका आइजिपीसँग कुराकानी गरेर हरेक फ्रेन्चाइजसँग २४ घण्टे सेक्युरिटी लायजन अफिसर रहने व्यवस्था गरेका छौं,' उनले भने 'प्रहरीले क्रिकेट बुझेका अधिकृत खटाउने गरी सल्लाह भएको छ।'



१५ मंसिरदेखि ६ पुसम्म हुने एनपिएलको जानकारी गराउँदै क्यानका सचिव पारस खड्का (बिचमा)

■ पाँच सय दर्शक अट्ने अस्थायी भिआइपी प्यारापिट बन्दै

त्रिवि मैदानमा अस्थायी भिआइपी प्यारापिट तयार गरिने भएको छ। क्यानका अनुसार सो प्यारापिटमा पाँच दर्शक अटाउने लक्ष्य राखिएको छ। क्यान प्रवक्ता छुम्बी लामाले यसअघि मिडिया बक्सका रूपमा प्रयोग गरिएको ठाउँलाई अस्थायी भिआइपी प्यारापिट बनाउन लागेको जानकारी दिएका छन्। 'भिआइपी टिकट शुल्क कति राख्ने भन्ने विषयमा निर्णय हुन बाँकी छ', उनले भने। क्यानले दर्शक बस्ने ठाउँलाई जोन छुट्याएर हरेक जोनमा प्रवेशका लागि बेग्लाबेग्लै ढोकाको व्यवस्था गरेको छ। 'दर्शकले टिकट लिँदा नै उनीहरू कुन जोनमा बस्छन् भन्ने थाहा हुन्छ। एउटा जोनबाट अर्को जोनमा जान मिल्दैन', उनले भने। दर्शकका लागि यसपटक शौचालयको पनि व्यवस्था गरिनेछ।

अभिनेता हमाल लुम्बिनीका ब्रान्ड एम्बेसडर

लुम्बिनी लायन्सले चर्चित अभिनेता राजेश हमाललाई ब्रान्ड एम्बेसडर बनाएको छ। लुम्बिनीका अध्यक्ष ईश्वर जिसी र अभिनेता हमालले सोमबार एकवर्षे सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। हमालले भारतमा पढ्दा भारतीय पूर्वकप्तान कपिल देव पढेको कलेजमा अध्ययन गरे पनि क्रिकेटले आफूलाई कहिले आकर्षित नगरेको बताए। नेपालले खेल्न थालेपछि क्रिकेट खेलप्रति आकर्षित बढेको उनले बताए। मार्की खेलाडी रोहित पौडेलले हमाल लुम्बिनीको ब्रान्ड एम्बेसडर भएसँगै टोलीलाई प्रेरणा f मल्ने बताए।

पाकिस्तानका मक्सुद जनकपुर बोल्टसमा

जनकपुर बोल्ट्सले पाँचौं विदेशी खेलाडीका पाकिस्तानी ब्याट्समयान सोहेब मक्सुदलाई अनुबन्ध गरेको छ।

जनकपुरले सामाजिक सञ्जालमार्फत ३७ वर्षीय मक्सुदलाई अनुबन्ध गरेको जानकारी दिएको हो। मक्सुदले पाकिस्तानका लागि २६ टी-२० आईमा २ सय ७३ रन प्रहार गरेका छन्। जनकपुरले यसअघि न्युजिल्यान्डका जिमी निसम, अमेरिकाका जोसुवा ट्रम्प, पाकिस्तानका मोहम्मद मोहसिन र श्रीलंकन मूलका अमेरिकी लाहिरू मिलन्थालाई भित्र्याएको थियो।

पोखरमा वेस्ट इन्डिजका अलराउन्डर राइफर

पोखरा एभेन्जर्सले वेस्ट इन्डिजका क्रिकेटर रेमन राइफरलाई अनुबन्ध गरेको छ। नेपाल राष्ट्रिय टोलीका ओपनर कुशल भुर्तेल मार्की रहेको पोखरामा ३१ वर्षीय राइफरले अलराउन्डर भूमिका निर्वाह गर्नेछन्। उनले टी-२० मा ९३ खेलबाट ११२४ रन बटुल्नुका साथै ६६ विकेट लिएका छन्।

विराटनगरले जित्यो महिला टी-२० क्रिकेट सिरिज

विराटनगरमा **गणेश लम्साल**

प्रथम नेपाल हब महिला टी-२० क्रिकेट प्रतियोगिताको सिरिज विराटनगरले जितेको छ। विराटनगरले तीन खेलको सिरिजमा २-१ ले जित निकालेको हो। प्रतियोगिताको सोमबार अन्तिम खेलमा भने घरेलु टोली राजविराजले विराटनगरमाथि आठ विकेटको जित हात पाऱ्यो। टस जितेर ब्याटिङ गरेको विराटनगरले २० ओभरमा ७ विकेट गुमाई ९९ रन बनाएको थियो। विराटनगरका लागि रानु राजवंशीले २२ रन जोडेकी थिइन्। काजल राजवंशीले १० रनको योगदान दिइन्।

राजविराजकी सुस्मिता यादवले २ विकेट लिइन्। अपेक्षा यादव, दीपा राम र साक्षी यादवले समान एक विकेट हात पारे। सय रनको विजयी लक्ष्य पछ्याएको राजविराजले १७.१ ओभरमा दुई विकेटको क्षतिमा जित निकाल्यो। राजविराजकी म्यान अफ दी म्याच साक्षी यादवले ५४ बलमा ५६ रनको योगदान दिइन्। उनले आफ्नो इनिङ्समा एक छक्का र ६ चौका प्रहार गरेकी थिइन्। वन्दना यादवले अविजित ८ रनको योगदान दिइन्। विराटनगरकी सानु राजवंशीले १ विकेट लिइन्। प्रतियोगिताको उत्कृष्ट ब्याट्समयान राजविराजकी साक्षी भइन्। उत्कृष्ट बलर राजविराजकी अपेक्षा यादवको आयोजकले जनाएको छ। विजयी खेलाडीलाई कोशी प्रदेश क्रिकेट संघका अध्यक्ष सर्वजितराज पाण्डे र मोरङ जिल्ला क्रिकेट संघका अध्यक्ष महमद सादबाबु कुरैसीले पुरस्कृत गरेका छन्।

खेल विकासमा सहयोग गर्न चीन तयार

खेल संक्षेप

काठमाडौं/ चीनले खेलकुद विकासमा नेपाललाई दिगो रूपमा सहयोग गर्न तयार भएको छ। चीनको युनान प्रदेश खेलकुद प्रशासनका निर्देशक याङ झोङ हुआले राखेपका सदस्यसचिव टंकलाल घिसिङसँगको वार्तामा आफूहरू छिमेकी राष्ट्रको खेल विकासमा सहयोग गर्न तयार भएको बताएका हुन्। यसले नेपाल र चीनबिच रहँदै आएको सुमधुर सम्बन्धलाई अझ प्रगाढ बनाउनेमा विश्वास लिएको छु,' घिसिङले भने, 'चीन सरकारले खेलकुदसहित नेपालका विभिन्न क्षेत्रमा गर्दै आएको सहयोग प्रशंसनीय र सराहनीय छ। दुई देशबिच खेलकुदका क्षेत्रमा दिगो हिसाब गर्न छलफल र गृहकार्य आवश्यक रहेको उनको भनाइ छ। निर्देशक याङसहितको प्रतिनिधिमण्डल पोखरामा भएको ऋसकन्ट्री दौडका लागि नेपाल आएको थियो। याङले नेपालसँग खेलकुद, पर्यटन र सांस्कृतिक क्षेत्रमा विशेष गरी युवालक्षित कार्यक्रममा सहकार्य गर्न चाहेको जनाए।

टिआइए कप सुरु

काठमाडौं/ टिआइए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सोमबार आयोजक तुंग्रम इन्टरनेसनल एकेडेमीले श्री मंगलदीप स्कुललाई ३७-२५ ले हराएको छ। टिआइएको जितमा क्रिश ओलीले १७ स्कोरको योगदान गरे। टिआइएले पहिलो क्वार्टरमा तुंग्रम इन्टरनेसनलले ११-५, दोस्रोमा १३-१० र तेस्रोमा ६-४ को अग्रता लिएको थियो। चौथो क्वार्टरमा दुवै टोलीले ६-६ स्कोर गरेका थिए। प्रतियोगिताको छात्रतर्फ भएको खेलमा दुर्गा भवानी एकेडेमी, ज्ञाननिकेतन र विल्सन एकेडेमी विजयी भएका छन्। छात्रामा निम्स, भक्तपुर निस्ट र भ्याली पब्लिक स्कुलले जित हात पारे। प्रतियोगितामा छात्र र छात्रातर्फ समान १६ टोलीले भाग लिइरहेका छन्।

याङटेनलाई स्वर्ण

काठमाडौं/ याङटेन लामाले युएसए अन्तर्राष्ट्रिय कराँते च्याम्पियनसिपमा स्वर्ण जितेका छन्। न्युयोर्कको ब्रुकलिनमा १० नोभेम्बरमा भएको प्रतियोगिताको पुरुष कुमुते १० देखि ११ वर्ष ब्ल्याकवेल्ट एडभान्स क्याटेगोरीमा याङटेनले स्वर्ण जितेका हुन्। न्युयोर्कस्थित च्याम्पियन्स मार्सल आर्ट्स क्लबका अनुसार याङटेनले फाइनलमा निक स्पेन्सरलाई पराजित गरेका थिए। ११औं दक्षिण एसियाली खेलकुद (साग)अन्तर्गत कराँतेका स्वर्ण विजेता सुनील लामाबाट उनले प्रशिक्षण लिइसकेका छन्। सुनील क्लबका सञ्चालक हुन्।

पाकिस्तानद्वारा भारतको प्रस्ताव अस्वीकार

एजेन्सी

भारतले आइसिसी च्याम्पियन्स ट्रफीअन्तर्गत आफ्ना सबै खेल हाइब्रिड मोडलअनुसार दुबईमा सार्न अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)लाई आग्रह गरेको छ। गत शुक्रबार भारतले सुरक्षाको कारण देखाउँदै पाकिस्तानमा हुने च्याम्पियन्स ट्रफी खेल्न नजाने निर्णय गरेको थियो। भारतले एसिसी कपमा जस्तै च्याम्पियन्स ट्रफीका खेल पनि तटस्थ भूमिमा गर्न आग्रह गरेको हो। आयोजक पाकिस्तालेले अहिलेसम्म भारतबाट हाइब्रिड मोडलको प्रस्ताव नआएको जानकारी दिएको छ।

पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी)ले आइतबार लिखित रूपमा भारतबाट पत्र नपठाएको जनाएको छ। 'अहिलेसम्म पिसिबीले आधिकारिक रूपमा पत्र पाएको छैन, भारतले आइसिसीलाई मात्र जानकारी दिएको छ,' पिसिबीले भनेको छ, 'जहाँसम्म हाइब्रिड मोडलको चर्चा छ, यसमा हामी तत्काल केही प्रतिक्रिया दिँदैनौं।' च्याम्पियन्स ट्रफीको तालिकाअनुसार आगामी वर्षको १९ फेब्रुअरीदेखि ९ मार्चसम्म पाकिस्तानका कराँची, लाहोर र रावलपिन्डीमा खेलहरू हुनेछन्।

पिसिबीका प्रमुख मोहसिन नकबीले दुईपक्षीय वार्तापछि निर्णय हुने बताए। 'भारत नआउने निर्णय एकल हो, यस सम्बन्धमा आइसिसीले नै वार्ता गर्नुपर्छ,' मोहसिनले भने, 'भारतबाहेक अन्य सबै सहभागी राष्ट्रका क्रिकेट बोर्डले सुरक्षा व्यवस्था सम्बन्धमा सकारात्मक छन्।'

आइसिसीले ठोस निर्णय नगर्दासम्म भारतले राखेको तटस्थ भूमिमा खेल्ने प्रस्ताव पाकिस्तानले अस्वीकार गर्ने

पाकिस्तानले सहभागी राष्ट्रका खेलाडी, अफिसियल तथा समर्थकका निमित्त चुस्त सुरक्षा व्यवस्था प्रदान गर्ने उनले बताए। 'सुरक्षा व्यवस्था पहिलो प्राथमकिता हो, यस पक्षमा सबै सुरक्षा संयन्त्रसँग वार्ता गरेका छौं, सुरक्षा निकायले पाहुनालाई प्रतियोगिता नसकिँदासम्म सुरक्षा दिने वाचा गरेका छन्।'

काउन्ट डाउन सऱ्यो

आइसिसीले ११ नोभेम्बरमा च्याम्पियन्स ट्रफीको काउन्ट डाउन सुरु हुने भनेको थियो। तर, विशेष परस्थितिका कारण आइसिसीले काउन्ट डाउन नगर्ने जनाएको छ। 'अहिले भारत नआउने भएपछि परिस्थिति फरक भएको छ, सबै राष्ट्रले सहभागिता जनाउने निश्चित गरेपछि दिन गणना हुनेछ,' आइसिसीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, '११ नोभेम्बरमा सय दिनको गणना भनिएको हो, तर विशेष कारणले यसलाई रोकेका छौं।'

अर्कोतिर एसिसीले पनि पाकिस्तान र भारतको क्रिकेट बोर्डबिच वार्ता हुनुपर्ने जनाएको छ। विश्वकपपछि महत्त्वपूर्ण मानिएको च्याम्पियन्स ट्रफीमा भारतको पछिल्लो निर्णयले खल्लो बनाएको एसिसीको भनाइ छ। 'पाकिस्तानमा हुने च्याम्पियन्स ट्रफी उत्कृष्ट बनाउन भारतको उपस्थिति अनिवार्य छ, भारत नै पाकिस्तान नजाने भनेपछि यसले खल्लो बनाएको छ,' एसिसीले जनाएको छ। एसिसीका अनुसार अर्को साता लाहोरमा पिसिबी र आइसिसीका पदाधिकारीबिच छलफल हुनेछ।

लिखित पत्र माग

पिसिबीका अध्यक्ष मोसिन नाभीले लिखित रूपमा भारतले पाकिस्तान नआउने कारण दिनुपर्ने माग राखेका छन्। 'हामीले सबै सहभागीलाई सुरक्षा व्यवस्था प्रदान गर्ने भनेका छौं, भारतले यहाँको सुरक्षाप्रति शंका गरेको छ, बिसिसिआईले स्पष्ट रूपमा हामीलाई पत्र पठाएको छैन, उनीहरूले पत्र पठाउनुपर्छ,' नाभीले भने, 'बिसिसिआईले आइसिसीमा उठाएका सबै प्रश्नको उत्तर दिन तयार छौं।' खेल तालिकाअनुसार भारतले २० फेब्रुअरीमा बंगलादेश, २३ फेब्रुअरीमा न्युजिल्यान्ड र १ मार्चमा पाकिस्तानसँग प्रतिस्पर्धा गर्नेछ।

कुँवर यू-१९ महिला च्याम्पियन

काठमाडौं/ निम्ति कुँवर जेटिआई जुनियर टेनिस प्रतियोगिताको यू-९ महिला एकल विजेता भएकी छिन्। प्रतियोगिताको सोमबार भएको फाइनलमा उनले अमिरा गुप्तालाई २-० को सोझो सेटमा पराजित गरिन्। यू-८ महिला एकलमा अमिराले निम्तिलाई हराएकी थिइन्। यू-९ पुरुष एकलमा साहन्स बस्न्यातले भिरल अग्रवाललाई २-१ को सेटमा हराउँदै फाइनल स्थान पक्का गरेका छन्। कायान चालिसेले अहान केडियालाई ४-० र ४-१ ले पाखा लगाउँदै अन्तिम दुई स्थान पक्का गरे। प्रतियोगिताको यू-१४ पुरुष एकलको वृजेश अर्याल र अरभसम्राट हाडाबिच उपाधि भिडन्त हुने भएको छ। वृजेशले विश्व डल्लाकोटीलाई २-० र ६-१ ले सेमिफाइनलमा हराए। असभले सांगे रोकायालाई सोझो सेटमा पाखा लगाए। सोही स्पर्धाको महिलामा सिभाली गुरुङले आयुशा जिसीलाई २-० को सेटमा पाखा लगाउँदै फाइनल स्थान पक्का गरिन्।

कम्पनीको लागि सेक्युरिटी गार्ड
आवश्यकता
योग्यता : साधारण लेखपढ
विशेष प्राथमिकता : भू.पु. आर्मी/पुलिस
नोट : कम्पनीको लागि राखिनेहुनाले कुनै शुल्क लाग्ने छैन।
फल्कोन सर्भिस प्रा.लि.
चावहिल, गणेश स्थान, गंगाहिटी मार्ग, काठमाडौं
सम्पर्क : ९७०५३४०१०५, ९८४१९४४८९८

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश अस्पताल
वीरेन्द्रनगर,सुर्खेत
बोलपत्र स्वीकृत गर्ने आसयको सूचना
मिति:२०८१/०७/२७
अस्पतालबाट अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा मिति २०८१/०६/०२ गते प्रकाशित तपसिलको ठे.नं.का लागि रितपूर्वक पेश भएका बोलपत्रहरु मध्ये न्यूनमूल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही भएको तपसिलको बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।
तपसिल

ठे.नं.	कामको विवरण	बोलपत्रदाताको नाम, ठेगाना	ठेक्का कबोल रकम (मू.अ.कर बाहेक)
PH/Karnali/NCB-12/081-82	Procurement of Dental Equipment & Instruments.	Garg Dental Pvt. Ltd. Gairidhara, Kathmandu.	50,30,400.00

अस्पताल निर्देशक

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
नयाँ शहर आयोजना समन्वय कार्यालय
बबरमहल, काठमाडौं
प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना
प्रकाशित मितिः २०८१/०७/२७
यस कार्यालयबाट तपसिल बमोजिमका परामर्श सेवा खरिद कार्यको लागि मिति २०८१/०३/१२ मा प्राविधिक तथा आर्थिक प्रस्ताव माग सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका प्रस्तावहरूको प्राविधिक प्रस्ताव मुल्यांकनमा सफल भएका प्रस्तावदाताहरूको आर्थिक प्रस्ताव खोली प्राविधिक/आर्थिक प्रस्तावको संयुक्त मूल्यांकनमा सबैभन्दा बढी अंक प्राप्त गर्ने तपशिल बमोजिमको आर्थिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही रहेकाले प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा ३८(२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।
तपशिल

क्र. स.	Contract ID	परामर्श कार्यको नाम	सफल परामर्शदाताको नाम	कबोल अंक (मु.अ.कर बाहेक)
१	NTPCO-CS-18-080/081	पालुङटार स्मार्ट सिटी गुरुयोजनाको परिपुरक हुने गरी एकीकृत शहरी विकास गुरुयोजना तर्जुमा एवं जग्गा विकास र शहरी पूर्वाधारको सम्भाव्यता अध्ययन तथा ब्लक प्लान तयार गर्ने कार्य	GRID-NEST-Maitri JV	60,78,000.00

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com